वर्ष : १४, अंक : ३, काठमाडौं, २०७५ बैशाख २१ गते शुक्रबार 4 May 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मोदीको स्वागतका लागि सिँगारिदै जनकपुरधाम



जनकपुरधाम । बैशाख २८ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हुने भ्रमणका लागि जनकपुरधाम सिँगारिदैछ । मोदीको बहुप्रतिक्षित जनकपुर भ्रमणको तयारी पनि तीव्र पारिएको छ । साथै मोदीलाई गरिने नागरिक अभिनन्दनस्थल बाह्रबिघा रङ्गभूमिमा तीव्रताका साथ कार्य भइरहेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारबाट जानकी मन्दिरदेखि बाह्रभूमिसम्म सौन्दर्यकरणको कार्य युद्धस्तरमा भइरहेको छ । दुई दिनअधि अविरल वर्षाले बाह्रबिघा जलमग्न भएपछि पानी निकास गरी मञ्च व्यवस्थापन र पण्डाल निर्माणको कार्य अघि बढाइएको छ । त्यस्तै जानकी मन्दिरदेखि



बाह्रबिघासम्मका पर्खालमा मिथिला सभ्यता र संस्कृति झल्किने मिथिला कला बनाउने कार्य पनि तीव्र रूपमा भइरहेको छ ।

यसैबीच भारतीय राजदूत मञ्जित पुरी लगायत भारतीय सुरक्षा अधिकारी र परराष्ट्र मन्त्रालयको उच्च पदाधिकारीको टोलीले बाह्रबिघाको स्थलगत अवलोकन गरेको छ ।

मुख्यमन्त्री लालबाबु राउतका अनुसार टोलीले बाह्रबिघामा हेलिकप्टर अवतरणमा समस्या आउनसक्ने भएकाले हेलिकप्टर जनकपुर विमानस्थलमा अवतरणको सुझाव दिएको छ ।

'भारतीय प्रधानमन्त्री मोदीको जनकपुर भ्रमण प्रदेशको लागि मात्र होइन, मुलुककै प्रतिष्ठाको विषय हो । यस भ्रमणलाई भव्य एवम् सभ्य बनाउन प्रत्येक नागरिकको सहयोग तथा सद्भाव आवश्यक छ', प्रदेश २ का भौतिक पूर्वाधार मन्त्री तथा मञ्च व्यवस्थापन समितिका संयोजक जितेन्द्र सोनलले भने । भारतीय प्रधानमन्त्री मोदीको भ्रमणको आधिकारिक तालिका सार्वजनिक नभए पनि, प्रदेश सरकार बैशाख २८ गते बिहान ९ बजे जनकपुर जाने गरी तयारी थालेको छ ।

प्रदेश सरकार ५० हजार व्यक्ति बस्न सक्ने वाटरप्रुफ पण्डाल तथा केबिन, शौचालय सहितको मञ्च निर्माण गर्ने तयारीमा छ । मोदीको अभिनन्दन समारोहमा १ लाख भन्दा अधिकको सहभागिता रहने विश्वास प्रदेश सरकारको छ । मन्त्री सोनलले भ्रमणमा अधिक भन्दा अधिक नागरिकलाई सहभागी गराउन प्रदेश २ का ८ जिल्लामा एकरएक जना मन्त्रीलाई खटाइएको जानकारी दिए ।

प्राप्त जानकारी अनुसार-मोदीसंगै तीन हेलिकप्टर आउने छन् । बैशाख २८ गते बिहान ९ बजे उहाँ बारहबिघा रंगभूमि मैदानमा अवतरण गर्नेछन् । त्यसपछि जानकी मन्दिरमा पूजापाठ गर्नेछन् । जानकी मन्दिरबाट पुन: बारहबिघा रंगभूमि मैदान फर्किने छन् । जहाँ प्रदेश सरकारको तर्फबाट उहाँलाई नागरिक अभिनन्दन गरिनेछ ।

जनकपुर उपमहानगर पालिकाकी उपमेयर रीता झाका अनुसार यस मार्गमा पर्ने घरहरूलाई केसरिया रंगले रंगाउने तयारी हुँदैछ । मिथिला भूमिमा हुन लागेको भारतीय प्रधानमन्त्री मोदीको भ्रमणलाई आकर्षक बनाउन मिथिला क्षेत्रका सांस्कृतिक झाँकी प्रदर्शन गर्नु पर्ने सुझाव सहभागीहरूले दिएका छन् ।

## सफाईमा जुटे मुख्यमन्त्री र नेताहरू



जनकपुर । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरको भ्रमण गर्ने तय भएपछि प्रदेश २ का मुख्यमन्त्री तथा मन्त्रीहरू सफाईमा जुटेका छन् । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको अगुवाईमा बिहीबार प्रदेशका मन्त्री, राजनीतिक दलका नेता तथा कार्यकर्ता सफाईमा जुटेका हुन । मुख्यमन्त्री नेतृत्वको टोलीले जानकी मन्दिर परिसरमा सफाई गरेको हो । टोलीको बाह्रविघासम्म जाने योजना भएपनि पानी पर्न थालेपछि जानकी मन्दिर परिसरमात्रै सफाई गरिएको थियो । सफाई कार्यक्रममा राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोको समेत उपस्थिति थियो ।

## 'पहाडमा कांग्रेसले मधेशीलाई निषेध गरेको छ'



गगनदेव चौरसिया

हेटौडा । मधेश आधारभूमि रहेको नेपाली कांग्रेसले मधेशीलाई पहाडका जिल्लामा निषेधको राजनीति गर्दैआएको आरोप नेपाल शिक्षक संघ मकवानपुरका विशिष्ट सदस्य गगनदेव चौरसियाले लगाएका छन् । उनले कांग्रेसका लागि दिनरात काम गर्ने कार्यकर्ता हुँदा पनि मधेशी भएकै कारणले कुनै पनि अवसर वा नेतृत्व तहमा नियतवश आफूलाई जान नदिएको गुनासो गरेका छन् । 'मधेश कांग्रेसका लागि भोटबैंक मात्र हो' आक्रोश पोख्दै चौरसियाले भने, 'कांग्रेसको यस्तै रवैया रह्यो भने बाध्य भएर कांग्रेसमुक्त मधेश अभियानमा लाग्नेछौं ।'

उनी भन्छन्, 'मधेशका जिल्लामा पहाडीलाई टिकट दिएर जिताउने तर आजसम्म एउटा पनि मधेशीलाई पहाडको जिल्लामा टिकट दिएको छैन ।' नेपाली कांग्रेसका शुभेच्छुक संस्थाहरू दिनप्रतिदिन खस्कँदै जानुमा केही नेता र नेतृहरूको निजी स्वार्थ नै रहेको उनी दाबी गर्छन् । उनले आफू नेपाल शिक्षक संघको जिल्ला अध्यक्ष रहेर काम गर्ने मनसाय व्यक्त कांग्रेसका केही नेताहरूले ट्रेड युनियनमा जानुपर्छ भनेर शिक्षक संघमा जान नदिएको दु:खेसो पोखे । उनले गत वर्ष चैत १४ गते हेटौंडामा भएको ट्रेड युनियनको निर्वाचनमा अध्यक्ष पदमा उम्मेदवारी दिने व्यक्तिलाई अधिवेशनको दिनमै कोठे बैठक गरी आफ्नो नाम प्रतिनिधिबाटसमेत हटाएर राजनीतिक अधिकार हनन् गरेको आरोप लगाउँछन् ।

उनले कुनै पनि इमान्दार र निष्ठावान कार्यकर्तालाई पाखा लगाएर आफ्ना भजनमण्डली एवं हनुमानहरूलाई संगठनमा ल्याउने खेल अन्त्य हुनुपर्ने माग केन्द्रीय नेतृत्ववर्गसँग गरेका छन् । उनले कांग्रेस लोकतान्त्रिक र समावेशी पार्टी भएपनि मधेशीलाई भोटबैंकको रूपमा मात्र प्रयोग गरिएको बताउँदै मधेशमा पहाडी समुदाय व्यक्तिलाई विभिन्न पदमा राख्ने तर पहाडका एउटा पनि जिल्लामा मधेशीलाई स्थान नदिएको आरोप लगाएका छन् ।

कांग्रेसले यसरी नै मधेशीसँग भेदभाव जारी राखे आउँदा दिनमा मधेशबाट समाप्त हुने उनले चेतावनीसमेत दिएका छन् । 'यस्तो दिन नआओस् कि कांग्रेसमुक्त अभियान चलाउनु परोस् । नेतृत्ववर्गले बेलैमा यस्ता त्रुटिहरू सच्याउनुपर्छ ।' उनले भने । कांग्रेसमा रहेका मधेशी मूलका ठूला पदका नेताहरू गुट र उपगुटका एजेन्ट मात्रै रहेको आरोप उनले लगाए ।

# प्रदेश २ मा कांग्रेस र एमालेबीच जुँगाको लडाई

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ को प्रमुख प्रतिपक्षी दल को ? भन्ने प्रश्नको जबाब न त प्रदेश संसद, सरकार र कुनै दलसँग छ । तर एमाले र कांग्रेसबीच मुख्य विपक्षी दलका लागि जुहारी सुरू भएको छ । प्रमुख प्रतिपक्षी दलको चयनको विषय विवादित बनेपछि प्रदेश नम्बर दुईको संसद बैठक पनि अवरूद्ध हुँदै आएको छ ।

प्रदेश संसदले मुख्य विपक्षीको मान्यता नदिँदा विवाद सिर्जना भएको हो । सरकार गठन भएको लामो समय बितिसक्दा पनि प्रमुख प्रतिपक्षी दलको चयन हुन नसक्नु संसदीय प्रणालीमाथि प्रहार हो ।

प्रदेश सरकारले प्रमुख प्रतिपक्षी दलको चयन समयमा गर्न नसक्नु उसको कमजोरी त छँदैछ, प्रदेश सरकारले पनि यस विषयमा चासो नलिनु भनेको सरकारले विपक्षी बिनै शासन गर्न त खोजेको होइन भन्ने शंका पनि जन्मिन थालेको छ ।

शनिबार प्रदेश सभाको बैठक सुचारू हुने बित्तिकै कांग्रेस संसदीय दलका नेता रामसरोज यादवले प्रमुख प्रतिपक्षी दलको मान्यता नदिएको भन्दै आपत्ति जनाए । लगत्तै संसदमा उपस्थित कांग्रेसका १२ जना सांसदहरूले होहल्ला तथा नाराबाजी गरे । सदनमा नेकपा एमाले र नेपाली कांग्रेस दुबै दलले प्रमुख प्रतिपक्षी दलको हैसियत पाउनुपर्ने माग राख्दै आएका छन् ।

दुई नम्बर प्रदेशमा तेस्रो दल बनेको नेकपा एमालेले प्रदेश सरकारलाई समर्थन गरे पनि सरकारमा गएको छैन । एमालेसँगै माओवादी केन्द्र पनि बाहिरै बसेर सरकारलाई समर्थन गरेको छ । तर नेपाली कांग्रेसले भने सरकारको विपक्षमा मतदान गरेको थियो । त्यस बेलादेखि नै कांग्रेसले आफू प्रमुख प्रतिपक्ष भएको दाबी गर्दै आएको छ । एमालेले भने आफूहरूले सरकारलाई बाहिरबाट मात्र समर्थन गरेको भन्दै सरकारमा नगएका कारण आफूहरू नै प्रमुख प्रतिपक्षी दल भएको तर्क गर्दै आएका छन् ।

'सदनमा कांग्रेस बाहेक सबै दल सत्तापक्ष भइसकेका छन् । सदनमा एक मात्र दल कांग्रेस



विपक्षी भूमिकामा छ, त्यसैले हामीले उक्त भूमिका पाउनु पर्छ,' शनिबारको बैठकमा कांग्रेस संसदीय दलका नेता रामसरोज यादवले भने ।

उता एमालेका संसदीय दलका नेता सत्यनारायण मण्डल भने उक्त भूमिका एमालेले नै पाउनुपर्ने दाबी गर्छन् । 'राजनीतिक स्थिरता कायम हुन, संघीयता संस्थागत हुन, प्रदेशलाई आर्थिक समृद्धि र विकासको बाटोमा अगाडी बढ्ने उद्देश्यले सरकारलाई प्रतिपक्षी दलको हैसियतले बाहिरबाट समर्थन गरेको हो,' एमालेका संसदीय दलका नेता रामचन्द्र मण्डलको तर्क छ ।

सरकारलाई मत हाल्दैमा प्रतिपक्षी दलको भूमिका समाप्त नहुने भन्दै उनले २०५१ सालमा एमालेका मनमोहन अधिकारीको अल्पमतको सरकारलाई कांग्रेसले पनि बाहिरबाट समर्थन गरेको थियो, तर पनि कांग्रेसका नेता गिरिजाप्रसाद कोईरालाको प्रमुख प्रतिपक्षी दलको हैसियत भने नखोसिएको उदाहरण पेश गरे ।

प्रदेश सरकार गठन भएको महिनौं बितिसक्दा पनि प्रदेश सभामुखले प्रमुख प्रतिपक्षीको विवाद टुंगो लगाउन सक्ला अप्रत्यक्ष रूपमा सरकारको काममा असर गरेको छ ।

प्रजातन्त्रमा मुख्य विपक्षीलाई 'वाच डग'को संज्ञा दिइन्छ तर उसलाई नै बाहिर राखेर सत्ता सञ्चालन गर्नु सरकारको बेइमानी मात्र होइन उसले सत्तामा एकाधिकार जमाउन त खोजेको होइन भन्ने आशंका पनि उब्जिन थालेको छ । मुख्य विपक्षी चयनको विषयमा सभामुखले तटस्थ भूमिका खेल्न नसकेको कांग्रेसको आरोप छ ।

सिद्धान्त: संसदीय प्रणालीमा सदनमा सरकारबाहिरको सबैभन्दा ठूलो दललाई प्रमुख प्रतिपक्ष मान्ने गरिन्छ । प्रमुख प्रतिपक्षी दलको नेताले आकर्षक सेवा र सुविधासमेत पाउँछन् ।

प्रदेश सभामा विपक्षी दलको नेताका रूपमा ५६ हजार ४ सय ९० रूपैयाँ मासिक पारिश्रमिक, ७ सय ५० रूपैयाँ बैठक भत्ता, सञ्चार सुविधा, टेलिफोन र इन्टरनेटका लागि प्रति महिना २ हजार रूपैयाँ, निजी सचिवालयका प्रति महिना २ हजार रूपैयाँ, प्रति महिना १ सय २५ लिटर सबारी ईन्धन, दैनिक भ्रमण भत्ता वापत दुई हजार रूपैयाँ, विदेश भ्रमण गर्दा प्रति दिन १ सय ५० अमेरिकन डलर, सवारी सुविधा लगायतका सेवा सुविधा प्रदान गरिन्छ । यस्तै आकर्षक सुविधा हत्याउनका लागि काँग्रेस र एमालेबीच लडाइ त भएको होइन भन्ने प्रश्न पनि उठेको छ ।

प्रदेश २ को प्रदेशसभामा सबैभन्दा ठूलो दल संघीय समाजवादी फोरम नेपाल र दोस्रो ठूलो दल राष्ट्रिय जनता पार्टी सरकारमा छन् । तेस्रो ठूलो दल एमाले, चौंथो कांग्रेस र पाँचौं माओवादी केन्द्र हुन् ।

त्यसैले सरकारभन्दा बाहिरको ठूलो दलको हैसियतमा संसद सचिवालयले एमालेलाई प्रमुख प्रतिपक्ष मानेको थियो । यद्यपि गत फागुन १० गते मुख्यमन्त्री लालबाबु राउतले विश्वासको मत लिँदा कांग्रेसबाहेकका सबै दलले पक्षमा मतदान गरेका थिए ।

सरकार बाहिरैबाट समर्थन दिँदै एमाले र माओवादीका सांसदहरूले पनि पक्षमा मतदान गरेका हुन् । त्यसै वैधानिकरूपमै आफूहरू प्रमुख प्रतिपक्षी भएको कांग्रेसको दाबी छ ।

प्रदेश २ मा फोरमका २९, राजपा नेपालका २५, एमालेका २१, कांग्रेसका १९, माओवादी केन्द्रका ११, नेपाल संघीय समाजवादी पार्टीका १ र स्वतन्त्र १ सांसद छन् । प्रदेश २ मा कुल १०७ सांसद छन् ।

### प्रदेशसभाको बैठक स्थगित

जनकपुरधाम । प्रतिपक्षी दल तोक्न माग गर्दै प्रदेश सभा २ को बैठकमा कांग्रेसले अवरोध गरेपछि बैठक स्थगित भएको छ । बिहीबारको बैठकमा अवरोध भएपछि अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको छ । बैठकमा प्रतिपक्षको माग गर्दै कांग्रेसका सचेतक उपेन्द्र प्रसाद कुशवाहाले प्रतिपक्ष तोक्न सभामुखसँग माग गरेका थिए । बैठक सुरू हुन साथ सचेतक कुशवाहले प्रतिपक्ष नेता नतोकिएसम्म बैठक चल्न नदिने बताएका थिए । यस अघि बैशाख १५ गते पनि कांग्रेसको अवरोधका कारण बैठक स्थगित गरिएको थियो ।

## संविधान संशोधनबारे टुंगो नलागेसम्म फोरम सरकारमा सहभागी नहुने



काठमाडौं । संघीय समाजवादी फोरम नेपालले संविधान संशोधनबारे टुंगो नलागेसम्म सरकारमा सहभागि नहुने भएको छ । बुधबारदेखि राजधानीमा शुरू भएको केन्द्रीय समितिको बैठकमा बोल्ने अधिकांश नेताहरूले संविधान संशोधनको विषय टुगों नलागेसम्म सरकारमा सहभागी नहुने धारणा राखेका छन् ।
बैठकमा फोरम नेपालले आफ्नो अडान कायम राख्नुपर्ने सुझाव आएको केन्द्रीय सदस्य तथा सांसद जयराम यादवले जानकारी दिए ।
यसअघि फोरम नेपालको पदाधिकारी बैठकले सरकारमा सहभागी हुने निर्णय गरेपनि सविधान संशोधनको विषयमा कुरा नमिलेपछि केपी ओली नेतृत्वको सरकारमा सहभागि भएको छैन । बैठक आजपनि जारी छ ।
पार्टीका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले पेस गरेका राजनीतिक प्रतिवेदनमाथि हिजो छलफल भएको थियो । आज सांगठनिक प्रतिवेदनमा माथि छलफल भइरहेको बताइएको छ ।

## तुलानारायण साह फोरममा



काठमाडौं । बौद्धिक व्यक्तित्व तुलानारायण साहसहित इन्जिनियर र व्यवसायीहरूको समूह संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेका छन् । फोरम नेपालको नीति, सिद्धान्त, रणनीति र कार्यदिशालाई स्वीकार र समर्थन गर्दै उनीहरूले फोरम नेपालको पार्टी सदस्यता लिएका छन् । काठमाडौंमा फोरम नेपालको जारी केन्द्रीय समितिको बैठकमा बिहीबार पार्टी अध्यक्ष उपेन्द्र यादवले उनीहरूलाई टीका लगाएर पार्टी प्रवेश गराएका छन् । बैठकलाई केहीबेर स्थगित गरेर सम्पूर्ण केन्द्रीय सदस्यको उपस्थितिमा अध्यक्ष यादवले उनीहरूलाई पार्टी प्रवेश गराएका हुन् । पार्टी प्रवेश गर्नेमा बुद्धिजीबी तुलानारायण साह, इन्जिनियर मनोज वर्मा र देवनाराण यादव, व्यवसायीहरू सिरहाका रूद्रराज डोटेल र रेणु यादव रहेका छन् ।

संघीय बहस

संगीता रेग्मी



## नाम र राजधानीको पर्खाइमा प्रदेश नम्बर २

### प्रदेश सरकारले सबै तर्क र आधारलाई मनन गरी स्थायी राजधानी घोषणा गर्न विलम्ब गर्नु हुँदैन ।

प्रदेश २ मा प्रदेश सरकार गठन भएको झन्डै तीन महिना भइसकेको छ । तर, प्रदेशको नाम र स्थायी राजधानी अहिलेसम्म टुंगो लागेको छैन । संविधानले प्रदेशको नामाकरण र स्थायी राजधानी तोक्ने जिम्मा प्रदेश सभालाई नै दिएको छ । तर प्रदेश सरकारले यी दुबै विषयमा अहिलेसम्म सामान्य गृहकार्य समेत सुरू गरेको छैन । नाम र स्थायी राजधानी प्रस्ताव गर्दा विवादमा फस्ने डरले सरकारले प्रस्ताव तयार गर्न सकेको छैन ।

नामाकरण र राजधानी तोक्न पहल नभएको भन्दै प्रदेशका मन्त्रीले नै असन्तुष्टि जनाउने गरेका छन् । केही दिनअघिको प्रदेशसभा बैठकमा उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री रामनरेश राय यादवले प्रदेश नामाकरण चाँडै गर्नुपर्ने बताएका थिए ।

प्रदेशको नामाकरणको विषयमा सरकारले चाँडै विधेयक ल्याउनु पर्ने उनको धारणा छ । तर, सरकारले विधेयक ल्याउन गरेको तयारीबारे स्वयं सरकार नै अनभिज्ञ छ ।

केही दिन अघि जनकपुरमा भएको पार्टीको कार्यक्रममा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीलाई प्रदेशको नामाकरण चाँडै गर्न सुझाव दिएका थिए । अध्यक्ष यादवले दुई नम्बर प्रदेश भनेर हिनताबोध हुने भएकोले तत्काल प्रदेशको नामाकरणतर्फ ध्यान दिन मुख्यमन्त्रीलाई सल्लाह दिएका थिए । तर प्रदेश सरकार सहित अन्य राजनीतिक दलहरूले पनि नाम र राजधानीका विषयमा चासो दिएका छैनन् ।

प्रमुख प्रतिपक्षी दल एमालेले प्रदेशको राजधानी र नामाकरणमा सरकारले ढिलाइ गरिरहेको टिप्पणी गरे पनि प्रदेशसभाको बैठकमा उसले न त केही बोलेको छ न त नाम र राजधानी के हुने सुझाव दिएको छ ।

विपक्षी दल कांग्रेसले सरकार सुस्त हुँदा प्रदेशको नाम र राजधानीको विषय टुंगो लगाउन नसकेको आरोप लगाएको छ । कांग्रेस पनि प्रदेशको नाम के हुने र स्थायी राजधानी कहाँ राख्ने बारे मौन बसेको छ । प्रदेशको राजधानी, नामाकरण र प्रदेशको सरकारी कामकाजको भाषाको विषयमा ढिलाइ भएको बुद्धिजीविहरूको गुनासो छ ।

पूर्वमा सप्तरीदेखि पश्चिम पर्सासम्मका आठ जिल्लामा समेटिएको प्रदेश २ को नामको विषयमा सत्तारूढ र विपक्षी दलको आ-आफ्नै धारणा छ । प्रदेश सरकारले प्रदेशको नामाकरण र स्थायी राजधानीको विषयमा प्रदेशसभामा प्रस्ताव नलगे पनि प्रदेश सरकारको आधिकारिक वेबसाइटमा प्रदेश २ नै नामाकरण गरिएको छ ।

सरकारको नेतृत्व गरिरहेका संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीका नेताहरूले मधेश प्रदेश भनेर नामाकरण गर्नेमा जोड दिँदै आएका छन् । मुख्यमन्त्री राउत पनि मधेश प्रदेशको पक्षमा छन् ।

मधेश आन्दोलनबाट संघीयता प्राप्त भएकोले प्रदेशको नाम मधेश प्रदेश राख्नु पर्ने फोरम र राजपाका नेताहरूको तर्क छ ।

मधेश प्रदेशको नामाकरण गरिएन भने मधेश आन्दोलनका सहिदहरूको अपमान हुने सत्तारूढ दलका नेताहरूको तर्क छ ।

तर, विपक्षी दल एमाले, कांग्रेस, माओवादीलगायत मधेश प्रदेश स्वीकार गर्ने अवस्थामा छैनन् । कांग्रेसले आठ जिल्ला मात्र समेटिएको प्रदेशलाई मधेश प्रदेश स्वीकार नगर्ने बताउँदै आएको छ । काँग्रेस प्रदेश-२ को नाम मिथिला नामाकरण हुनुपर्ने पक्षमा छ । काँग्रेस मात्र होइन, यस क्षेत्रका अधिकांश जनता मिथिला प्रदेशको पक्षमा छन । प्रदेश २ मिथिला क्षेत्र रहेकोले प्रदेशको नाम मिथिला नै हुनु पर्ने उनीहरूको जोड छ ।

जनकपुरमा मिथिला प्रदेशका अभियानी परमेश्वर कापडीले यो क्षेत्र मिथिला प्रदेश भएकाले प्रदेशको नाम मिथिला हुनु पर्ने तर्क गर्छन ।

एमालेले सबैलाई मान्य हुने गरी प्रदेशको नामाकरण गर्नुपर्ने र जानकी वा मिथिला प्रदेश स्वीकार्य हुने बताउँदै आएको छ ।

माओवादी केन्द्रले पनि एमालेसँग सहमत रहँदै मिथिला भोजपुरा हुनुपर्ने बताएको छ ।

प्रदेशको नाम र स्थायी राजधानीलगायतका विषयमा चाँडै नै प्रदेशसभामा औपचारिक प्रस्ताव पेस गर्ने प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले हालै एक कार्यक्रममा बताएका थिए । तर यस विषयमा सरकारको तयारी के छ, कस्तो प्रस्ताव लगिदैछ, त्यस विषयमा स्वयं प्रदेश मन्त्रीहरू अनभिज्ञ छन् ।

सरकारले प्रदेशको नामाकरण मधेश गरे दुईतिहाइ पुग्ने सम्भावना कम देखिएको छ । प्रदेश सभामा २९ सिट रहेको संघीय फोरम र २५ सिट रहेको राजपा मिलेर सरकार गठन गरेका छन् ।

प्रदेश-२ मा एमाले २१, कांग्रेस १९, माओवादी केन्द्र ११, नेपाल संघीय समाजवादी पार्टीबाट एक र स्वतन्त्र एक सांसद छन् । एमाले, कांग्रेस र माओवादी मधेश प्रदेशको पक्षमा देखिएका छैनन् ।

प्रदेश २ को स्थायी राजधानी कहाँ राख्ने भन्ने विषय पनि अहिले विवादित छ । सरकारले प्रदेश २ को अस्थायी राजधानी जनकपुरलाई तोके पछि वीरगञ्जमा आन्दोलन भएको थियो । स्थायी राजधानी जनकपुर कि वीरगञ्ज भन्ने विवाद धेरै दिनसम्म चलिरहँदा अन्तत: आन्दोलन कुनै निष्कर्षमा नपुगी साम्य भएको छ । यद्यपी अहिले पनि राजधानीको विवाद कायमै छ ।

जनकपुर धार्मिक, सांस्कृतिक र ऐतिहासिक सहर भएकाले यसलाई नै राजधानीको रूपमा निरन्तारता दिनुपर्छ भन्ने एक थरीको तर्क छ भने वीरगञ्ज प्रदेश २ को मात्र नभइ नेपालकै प्रवेशद्वार भएकाले यसलाई स्थायी राजधानी बनाउनु पर्ने अर्को थरीको दाबी छ । तर, प्रदेश सरकारले सबै तर्क र आधारलाई मनन गरी स्थायी राजधानी घोषणा गर्न विलम्ब गर्नु हुँदैन ।



## सम्पादकीय



# मिथिला प्रदेश किन ?

२०६९ बैशाख १८ गते जनकपुरको रामानन्दचोकमा मिथिला राज्यको माग गर्दै ठूलो संख्यामा सर्वसाधारण उपस्थित भएका थिए। मिथिला राज्यको माग गर्दै मिथिलाबासीले मिथिला राज्य संघर्ष समितिको नाममा उपस्थित भइरहँदा भएको बम विस्फोटमा पाँच जनाले ज्यान गुमाएका थिए भने ३८ जना घाइते भएका थिए। जनकपुर बम काण्डको नामले चिनिने उक्त घटना भएको ६ वर्ष पूरा भएको छ। यो ६ वर्षमा खोलामा धेरै पानी बगिसकेको छ तर प्रदेश सरकार बने पनि जनकपुरबासीले अहिलेसम्म मिथिला राज्यको सुनिश्चितता पाएका छैनन्।

बम विस्फोटमा परी मिथिला नाट्यकाल परिषद् मिनापकी दिग्गज कलाकार रञ्जु झाले ज्यान गुमाइन् भने विस्फोटमा झगरू मण्डल, विमल शरण दास, सुरेश उपाध्याय र दिपेन्द्र दासले समेत ज्यान गुमाएका थिए।

आत्मीयताको पहिचान, स्वायत्तताको बोधका लागि, हक अधिकारका लागि, संवैधानिक सुनिश्चतता गर्नका लागि भन्दै *'हमरा चाही मिथिला राज'* नाराका साथ रंगमञ्चका कलाकार, साहित्यकार, समाजसेवीहरूले मिथिला आन्दोलनको अगुवाइ गरेका थिए। यता बम विस्फोटको मुख्य योजनाकारको रूपमा लिइएका तत्कालीन सद्भावनाका पूर्व तथा निलम्बित सांसद संजय साह अहिले जेल जीवन बिताइरहेका छन्। यो घटनामा संलग्न भएको आरोपमा मुकेश चौधरी, राजन मुक्ति लगायतका केही व्यक्तिलाई दोषी करार दिइएको छ। बैशाख १८ गतेका दिनलाई जनकपुरबासीले कालो दिनका रूपमा सम्झने गरेका छन्। प्रदेश २ लाई मिथिला प्रदेश र मैथिली भाषालाई प्रदेशको कामकाजको भाषा बनाउन माग अहिले पनि उठिरहेको छ।

**प्रदेश सरकार गठन भइसकेको अवस्थामा नयाँ संविधानले व्यवस्था गरेअनुसारको २ नम्बर प्रदेशलाई मिथिला प्रदेश नामाकरण गराउन र त्यहाँको सरकारी कामकाजको भाषा मैथिली कायम गराउन पहल गर्न जरूरी छ।**

प्रदेश सरकार गठन भइसकेको अवस्थामा नयाँ संविधानले व्यवस्था गरेअनुसारको २ नम्बर प्रदेशलाई मिथिला प्रदेश नामाकरण गराउन र त्यहाँको सरकारी कामकाजको भाषा मैथिली कायम गराउन पहल गर्न जरूरी छ।

२ नम्बर प्रदेशलाई मिथिला प्रदेश नामाकरण गराउनुपर्ने तथा त्यहाँको सरकारी कामकाजको भाषा मैथिली हुनुपर्ने विषयमा बहस हुनु आवश्यक छ। किनभने २ हजार वर्ष पुरानो मैथिली संस्कृति र सभ्यता जोगाउन पनि मिथिला प्रदेश नामाकरण गर्नुपर्ने आवश्यक छ भने त्यहाँको सरकारी कामकाजको भाषा पनि मैथिली नै हुनुपर्छ। विगतको संविधानले तराई-मधेश भूगोललाई २ नम्बर प्रदेश बनाई मिथिलालाई ओझेलमा पारेको हो।

नेपालका ११.६७ प्रतिशत जनताको मातृभाषा मैथिली रहेकाले मिथिला प्रदेश बनाउने आधार प्रशस्त रहेको छ। नेपालमा कुल जनसंख्याको ३३ लाखजति मैथिलीभाषी छन् र त्यो भनेको त्यसको कला, संस्कृति र सभ्यतालाई अनुशरण गर्नेहरू हुन्। सर्लाहीदेखि मोरङसम्म मैथिलीहरू बाक्लै बस्छन्। मैथिली भाषा बोल्नेहरू क्रमशः धनुषा, सिरहा, महोत्तरी, सप्तरी, मोरङ, सुनसरी र सर्लाहीसम्म फैलिएको तथ्यांक छ। यद्यपी मोरङ, सुनसरी प्रदेश १ मा गाभिए पनि सम्तरीदेखि पर्सासम्मका प्रदेश २ का आठ जिल्ला मूलतः मैथिलीभाषी क्षेत्र हो भने यहाँका बासिन्दा मिथिलाबासी हुन्।

मधेशी दलहरूले हिन्दीलाई सम्पर्क तथा सरकारी कामकाजको भाषा बनाउनुपर्नेमा जोड गरिरहेका बेला मैथिलीलाई बेवास्ता गर्नु भनेको आफ्नै कला, संस्कृति र सम्पदालाई संरक्षण नगर्नु नै हो।

प्रदेश २ मा जबर्जस्ती हिन्दी भाषा राखेर मौलिक पहिचान मेट्न दिनु हुँदैन र यसमा प्रदेश सरकारका साथै मधेशी दलहरूको ध्यान जान जरूरी छ।

वास्तवमा मैथिलीलाई संस्कृतिका रूपमा मात्रै अर्थ्याउन हुन्न। मैथिली संस्कृति र सभ्यता मात्रै होइन, मैथिली र मिथिलाका छुट्टाछुट्टै पहिचान पनि हो र त्यो हराउन दिन हुन्न। भाषारक्षाका लागि भएको आन्दोलनमा ज्यान गुमाउनेका भावना कदर गरेर पनि प्रदेश सरकार अगाडि बढ्नुपर्छ।

मिथिला क्षेत्रबाट काठमाडौंमा मात्रै होइन, सम्पूर्ण देश तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चित भएका छन् तर त्यस क्षेत्रको विकास हुन सकेको छैन। त्यसैले मिथिला प्रदेशको पहिचानसहितको क्रियाकलाप हुनुपर्छ।

मधेशका नाममा मिथिलाको पहिचान खण्डित भएको छ। यो मिथिलाको कला र संस्कृतिमाथिको प्रहार नै हो। प्रदेश २ मिथिला संस्कृति र मैथिलीभाषीको बाहुल्य भएकाले त्यसको नामकरण पनि मिथिला हुनुपर्ने तर्क अकाट्य हो। प्रदेश २ मिथिला प्रदेशको रूपमा स्थापित भयो भने मात्र जनकपुर बम काण्डमा ज्यान गुमाएकाहरूप्रति सच्चा श्रद्धाञ्जली हुन सक्छ।

## साताको सात बात



देशका अमूल्य प्राकृतिक सम्पत्तिको गलत प्रयोग हुँदा मुलुक गरिब भएको हो। तर, अब देश विकासको गतिमा अगाडि बढ्नेछ। देशका शिक्षा, स्वास्थ्य, कृषि, खेकलुद, रोजगार उद्योग कलकाखाना लगायत क्षेत्रलाई सरकारले पहिलो प्राथमिकतामा राखेको छ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



राजनीतिक रूपमा हाम्रा सिद्धान्त र मान्यता फरक होलान्, तर विकासका लागि हामी एकठाउँमा आउनुपर्छ। सबै दल एक भएर सम्भावनाको पहिचान गरी अगाडि बढेमा प्रदेश ७ देशकै धनी प्रदेश बन्नेछ। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



बामगठबन्धनप्रति जनताको निकै ठूलो आशा रहेको छ। जनतको विश्वासलाई पार्टी एकतासँगै स्थिरता, विकास, समृद्धि र समुन्नति व्यवहारबाट सिद्ध गनुपर्छ। **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**



संविधान संशोधन नगर्ने हो भने खारेज गर्नुपर्छ। अहिलेको संविधान यथास्थितीमा चल्न सक्दैन। चुनाव हुँदैमा सबै व्यवस्थित हुन्छ भन्ने होईन। प्रदेशले अधिकार नपाएसम्म संविधान सफल हुन्छ हुँदैन। **उपेन्द्र यादव, अध्यक्ष, फोरम नेपाल**



मुलुकमा प्रजातान्त्रिक मूल्य र मान्यतामा ह्रास आउने र अधिनायकवादले प्रश्रय पाउने वातावरण निर्माण भएको छ। न्यायलय, प्रेस र प्रशासनिक संयन्त्र कमजोर भयो भने मुलुक अगाडि बढ्न सक्दैन। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**



एमाले र माओवादीबीचको एकता प्रक्रिया उहाँहरूको आन्तरिक विषय हो, यसमा हामीलाई कत्ति पनि चासो छैन। उहाँहरू मिल्नोस् भन्ने शुभकामना तर अदृश्य शक्ति र के के ले गर्दा एकता भाँड्न खोजिँदैछ भनेर अरूलाई दोष लगाउनु लज्जाको विषय हो। **गगन थापा, नेता, नेपाली कांग्रेस**



पार्टी एकतापछि महाधिवेशन हुनेछ। यस्तो अवस्थामा नेताहरूमा गतिशीलता आउँछ। यो स्वभाविक हो। उच्च तहको नेताहरूले कतातिर उभिँदा आफ्नो 'पोजिसन' सुरक्षित हुन्छ भनेर सोच्नु स्वभाविक हो। **योगेश भट्टराई, सचिव नेकपा एमाले**

# सहकारी कृषिको ठोस नीति आउन आवश्यक

## विचार - विश्लेषण



उपेन्द्र झा

**जलवायु परिवर्तनलाई ध्यानमा राखी सहकारी कृषि योजनाले हिमाल, पहाड र तराईलाई जोडेर कृषि उत्पादनको कार्ययोजना तयार पार्नु पर्दछ। अत्यधिक गर्मी र अत्यधिक जाडो मौसमले एकै ठाउँमा कृषि उत्पादनमा धैरै असर गर्ने हुनाले गर्मीमा हुने वाली तराईमा तथा जाडोमा हुनेवाली पहाड र हिमालमा उत्पादन गराउँदा उत्पादनमा कुनै ह्रास आउन सक्दैन।**

परम्परागत रूपमा नेपाल कृषि प्रधान देश रहेको तर कृषिको दयनीय अवस्था हेर्दा अब नेपाल कृषि प्रधानको सूचीबाट बाहिरिने पक्का छ। चालू आ.व.को ७ महिनामा व्यापार घाटा १९.१% ले वृद्धि भई ६ खर्व १४ अर्व पुगेको छ। भारतसँग मात्र ६६% व्यापार घाटा नेपालले व्योहोरेको छ। विगत २५ वर्षमा व्यापार घाटा ४२ गुणाले बढेको छ।

चालू आ.वा.को ७ महिनामा आयात १८.६% ले वृद्धि भई ६ खर्व ६१ अर्व २२ करोड पुगेको देखिएको छ। गत वर्ष कूल गार्हस्थ्य उत्पादनको ३१.८१% आयात भएकोमा यो वर्ष ३४.११% पुगेको छ। केन्द्रीय बैंक अनुसार ०६४/०६५ देखि ०७२/०७३ सम्ममा ६ खर्व १९ अर्व १४ करोडको अवैध आयात भएको हो।

०७१/०७२ मा कूल गार्हस्थ्य उत्पादनको ११.६२% निर्यात भएकोमा ०७२/०७३ मा ९.४७%, ०७३/०७४ मा ९.१०% हुँदै यो वर्ष ८.७९% मा निर्यात झरेको छ। चालू आर्थिक वर्षको ७ महिनामा निर्यात ४७ अर्व ५० करोड भएको छ।

चालू आर्थिक वर्षको ७ महिनामा २३ अर्व ४३ करोडको खाद्यान्न आयात भएको हो। सिमेन्टमा देश आत्मनिर्भर रहेको प्रचार गरि रहँदा यसै अवधिमा आद्यान्न पछि सबभन्दा बढी आयात हुने सिमेन्ट क्लिंकर (सिमेन्टमा प्रयोग हुने) १३ अर्व ५० करोडको आयात भएको हो।

कूल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १९% रहेकोमा अहिले ५.६७% मात्र रहेको छ। पूँजीगत खर्च ( विकास खर्च) यो आर्थिक वर्षको ७ महिनामा २३% मात्र भएको छ। बजेटले तोके बमोजिम पनि खर्च हुन नसक्ने कारण र यसको निवारण तर्फ सरकारको ध्यान छैन। यो बारे सोधी खोजी भए संक्रमणकालको जोखिम भनेर चित्त बुझाइएको छ।

नेताहरूको अनैतिक आचरणको लामो अभ्यासले राज्य संयन्त्रलाई भ्रष्ट बनाएकोले यसको संस्थागत विकास भएको छ। मुलुकको अर्थतन्त्रमा छाँया (अवैध) अर्थतन्त्रको बलियो भूमिका अर्थविद्हरू स्वीकार्दछन्। यो सब कसरी भयो। विकास खर्चको कमीमा मुख्य कारण अख्तियारको विगविगी अथवा कमीशन प्राप्त नहुने अवस्था हो। स्वआर्जनको मानसिकता यति बलियो रूपमा बढेको छ कि यसले राष्ट्रिय आकार लिइसकेको छ। विकासका योजनाहरू स्वआर्जनका माध्यम बनेका छन्। देश विकासको गति शिथिल भई दयनीय अवस्थामा आउँदा नागरिकदेखि नेतासम्म सबै व्यक्तिगत स्वार्थ पूरा गर्ने चाहनामा लिप्त रहन्छन्। देशमा भ्रष्टाचार बढ्नु स्वाभाविक हो। उत्पादन प्रभावहीन हुनु र माँग बढ्दै जानु देशलाई परनिर्भरतातिर धकेल्ने बाटो हो। उपरोक्त तस्वीर आर्थिक क्षेत्रका डरलाग्दा तस्वीर हुन्। आर्थिक क्षेत्रको दयनीय अवस्थाबाट सरकार नडराएपनि जनता र निजीक्षेत्र निकै डराएका छन् र निजी स्रोतलाई परिचालन गरि कृषि उत्पादनतिर सानो प्रयास थालेको अवस्थाको सुरूवात भएको छ। सरकारले पनि निजी क्षेत्रको यो प्रयासलाई टेवा दिन जरूरी छ।

आर्थिक विकासको क्षेत्रमा सहकारीलाई खम्बाको रूपमा स्वीकार गरेको सरकारले यसको उचित व्यवस्थापन गर्न नसकेर सहकारी पनि कमाईको माध्यम बन्यो। गरिबी निवारणको अवधारणा अनुरूप नचलेर सहकारीहरू ऋण बचत संकलन गर्नेमा सीमित भयो। नगद लेनदेनको जोखिमपूर्ण अवस्थामा सहकारी संस्थाले ऋणको हिस्सालाई कठोरतापूर्वक असुल गर्ने नीति लिए भने बचतकर्ताहरूको रकम न्यून ब्याज दरमा उपयोग गरे। कोही सहकारीको उचित व्यवस्थापन गर्न नसकेर बदनाम भयो भने कोही कुशल व्यवस्थापनमा नाम पनि कमाएका छन्। उद्देश्यमा जेसुकै लेखिए तापनि सहकारी मुनाफालाई नै प्रमुखतामा राखे।

देशमा ३४ हजार ३०० सहकारी दर्ता भएको छ। सहकारीमा ६१ लाख सदस्य रहेको र ७५ अर्व ७४ करोड शेयर पूँजी जम्मा भएको छ। २ अर्व ९८ अर्व बचत संकलन गरि सोही अनुपातमा ऋण लगानी गरिएको देखाईएको छ। वित्तिय कारोवारमा जनताको पहुँच सहज बनाउन र जनजीविकाको सवालमा सहकारीले राम्रो भूमिका खेलून भनेर सरकारले सहकारीको अवधारणा त ल्यायो तर यसतर्फ सरकारको उदासीनताले सहकारी अपेक्षित उद्देश्य पूरा गर्न सकेन। वित्तिय कारोवारमा जनताको सहभागितालाई बढाए पनि जनताको जीवन स्तर उकासेर आत्मनिर्भर बनाउन सकेन र देशका युवाशक्ति विदेश पलायन भए। कृषकहरू कृषिक्षेत्रबाट पलायन हुन थाले। नाफामुखी उद्देश्य राखेर सहकारीहरू अगाडि बढेकाले स्थानिय स्तरमा यसले उपलब्धिमूलक परिणाम देखाउन सकेन।

देश संघीय संरचनामा गएकाले केन्द्र सरकार सहकारीलाई स्थानिय सरकारको मातहतमा राख्ने वा प्रदेश कि केन्द्र सरकारको मातहतमा राख्ने यही विषय स्पष्ट छैन। सहकारीको संघीय कानून सहकारी ऐन-२०७४ लागू भएको छ। नियमावली बन्ने क्रममा रहेकोले सहकारीबारेको अस्पष्टता कायम रहेको सम्बन्धित निकायको भनाई हो। सहकारी क्षेत्रमा रहेका अनियमिततालाई व्यवस्थापन कसरी गर्ने भन्ने विषय सहकारी मन्त्रालयको चिन्ताको विषय रहेकोले स्थानिय निकायले यसको उचित व्यवस्थापन गर्न सक्दैन भन्ने आशंकाले संविधानको धारा ५७ अनुसार सहकारीको अधिकार संघ, प्रदेश र स्थानिय निकायमा रह्ने व्यवस्था गरेको छ।

नयाँ ऐनले सहकारी क्षेत्रलाई व्यवस्थित गर्ने भनिएपनि यसलाई कसको मातहतमा राख्ने भन्ने अन्योल कायमै रह्ने अवस्था छ। सहकारी स्थानिय जनताको प्राण हो। यसको कार्यक्षेत्र पनि स्थानिय स्तरमा रहेकोले यसलाई स्थानिय सरकारको मातहत मै राख्नु पर्ने आवश्यकता छ। केन्द्रले पनि सहकारीको उचित व्यवस्थापन गरि स्थानिय सरकारलाई नै हस्तान्तरण गर्ने अवधारणा राखेको छ। जेहोस् सहकारी क्षेत्रलाई प्रभावकारी बनाउन सरकारले बढि ध्यान पुऱ्याउन आवश्यक छ।

नेपालको गरिबी रेखामुनि रहेको औसतन जनसंख्या २३.८% हो। शहरी क्षेत्रमा करीब १५% छ भने ग्रामीण क्षेत्रमा २७% छ। विकास क्षेत्रको तुलनामा सुदूर पश्चिमाञ्चल सबभन्दा बढी ४६% गरिबी रेखामुनि छ। भौगोसलक क्षेत्र अनुसार हिमालमा सबभन्दा बढि ४२% छ भने पहाड र तराईमा समान रूपले २४% जनसंख्या गरिबी रेखामुनि छ। विश्वको ७९ भोकमरीग्रस्त सूचीमा नेपाल ६०औं स्थानमा रहेको छ। जनसंख्याको ४०% जनतालाई खाद्य पदार्थ अपुग रहेको छ।

कृषि उत्पादनमा जलवायु परिवर्तनले पनि मुख्य रूपमा प्रभाव पारि रहेको भारतको कृषि अध्ययन प्रतिवेदनले जनाएको छ। जलवायु परिवर्तन हुँदा १ डिग्रीमा ४% ले उत्पादनमा कमी आउने सो प्रतिवेदनले देखाएको छ। नेपालमा पनि तराईभन्दा हिमालमा कृषि उत्पादन दर बढेको पाईएको छ। विश्व खाद्य संगठनले नेपालमा ३० लाख नेपाली खाद्य संकटमा परेको देखाएको छ।

उपरोक्त अर्थचित्रले अब उत्पादन क्षेत्रमा जनशक्ति केन्द्रित हुनै पर्ने अपरिहार्यतालाई कसैले नकार्न सक्दैन। निजी क्षेत्रले कृषि उत्पादनमा पाइला टेकेको खुशीको कुरा हो। राष्ट्रिय गौरवको योजनामा कृषि उद्योगलाई स्थापना गर्न सरकारी स्तरबाट प्रयासको आवश्यकता छ। कृषिलाई आधुनिकीकरण गर्ने कुराहरू गरि रहँदा राजनीतिक दलहरूले सहकारी कृषिको अवधारणालाई मनन गरि कृषिमा ठूलो लगानी लगाउन आवश्यक देखिएको छ।

सहकारी संस्थासँग स्थानिय उपभोक्ता जोडिएकाले प्रत्येक जिल्लामा स्तरीय सहकारीलाई मुनाफाखोरी छाडेर कृषि उत्पादनमा सेवा विस्तार गर्न लगाउनु पऱ्यो। सहकारी कृषिको अवधारणा अनुसार कृषि उत्पादनमा कृषकको सहभागितालाई बढाउँदै जानु पऱ्यो। विशुद्ध अर्ग्यानिक कृषि उत्पादनलाई टेवा दिने उद्देश्यले कृषि कार्यलाई अगाडि बढाउनु पऱ्यो। कृषि उत्पादन भण्डारण तथा बिक्री वितरणको जिम्मा केन्द्रीय सहकारी समितिले जिम्मा लिई उचित व्यवस्थापन गर्नु पऱ्यो। प्रत्येक जिल्लाका कृषिमा संलग्न सहकारीका प्रमुखहरूको केन्द्रीय सहकारी समितिको गठन गरि देशमा अथवा विदेशमा कृषि उत्पादन बिक्री गरि किसानलाई उच्च मूल्य उपलब्ध गराउन प्रतिबद्ध रहनु पऱ्यो।

साधन स्रोतको अभाव, आर्थिक विपन्नता, ज्ञान र सीपको कमी, भूमिको खण्डिकरण, उन्नत बीउ उपलब्ध नहुने, मलको अभाव, कृषि जनशक्तिको पलायन तथा पारस्परिक सहकार्यको अभाव आदि कृषि उत्पादनमा मुख्य बाधक बनेका छन्। सहकारी कृषिले अवरोधको रूपमा रहेका यी कारणहरूको निवारण गर्ने जिम्मा लिनु पर्दछ र कृषि उत्पादनलाई बढाएर कृषकलाई कृषिमा स्थापित गर्न अहम् दायित्व निर्वाह गर्नु पर्दछ।

जलवायु परिवर्तनलाई ध्यानमा राखी सहकारी कृषि योजनाले हिमाल, पहाड र तराईलाई जोडेर कृषि उत्पादनको कार्ययोजना तयार पार्नु पर्दछ। अत्यधिक गर्मी र अत्यधिक जाडो मौसमले एकै ठाउँमा कृषि उत्पादनमा धेरै असर गर्ने हुनाले गर्मीमा हुने वाली तराईमा तथा जाडोमा हुनेवाली पहाड र हिमालमा उत्पादन गराउँदा उत्पादनमा कुनै ह्रास आउन सक्दैन। तीनै (हिमाल, पहाड र तराई) ठाउँको मौसमको अनुकूलता पारेर एउटै बाली सालभरि लिन सकिने व्यवस्था गरेर सहकारी कृषिले आयोजना थाल्नु पर्दछ। कृषि उत्पादनको यो कार्ययोजनाले हिमाल, पहाड र तराईको सद्भाव पनि कायम हुने तथा सहकार्य पनि बढ्ने देखिन्छ।

सहकारी कृषिको माध्यमले एउटा निश्चित अवधिमा देशबाट रासायनिक मलको विस्थापन गरि माटोमा उर्वराशक्ति पुनर्स्थापित गर्नेछ। देशभरिका सहकारी कृषि आयोजनाले प्रतिस्पर्धाबाट कृषि उत्पादनमा एउटा ठूलो क्रान्तिलाई ल्याएर केही वर्षभित्रै कृषिमा आत्मनिर्भर हुने निश्चित छ।

janukjha24@gmail.com

# उमेश यादवसँग ब्लडमनी माग गरिएको छैन : राजदूतावास

काठमाडौं। पाकिस्तानी नागरिकको हत्या अभियोगमा साउदी अरबमा मृत्युदण्डको सजाय सुनाइएको धनुषाका उमेश यादवको मुद्दामा नयाँ ट्वीस्ट आएको छ। साउदी अरबस्थित नेपाली राजदूतावासले बुधबार एक विज्ञप्ति जारी गरी उमेश यादवको जीवनरक्षाका लागि वा माफीका लागि साउदी अदालतले कुनै किसिमको ब्लडमनी माग नगरेको प्रष्ट्याएको छ। जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'यादवलाई उपर्युक्त आरोपमा साउदी अरेबियाको जुवेलस्थित अदालतले यहि १५ अप्रिल २०१८ मा मृत्युदण्डको सजाय हुनेगरी फैसला गरेकोमा उक्त फैसलाउपर चित्त नबुझेकोले निज यादवको बचाउको लागि राजदूतावासद्वारा मिति २६ अप्रिल २०१८ मा पुनरावेदन गरिसकिएको छ। अदालतले निज यादवलाई उक्त सजाय यहाँको पब्लिक राइट्स अन्तर्गत दिइएको हो। फैसलामा प्राइभेट राइट्स र ब्लडमनी लगायतका विषयमा कुनै कुरा उल्लेख भएको छैन।' उमेश यादवको बचाउका लागि राजदुतावासले उपयुक्त कानूनी उपायको खोजी गरी उच्च प्राथमिकताका साथ काम गरिरहेको र भविष्यमा गरिरहने जनाइएको छ। दूतावासले जारी गरेको विज्ञप्तिमा प्राइभेट राइट्स र ब्लडमनीका विषयमा फैसलामा केही उल्लेख नभएकोले ब्लडमनी संकलन गर्ने र उक्त रकम पीडित परिवारलाई माफी पाउने भन्ने विषयमा राजदूतावासबाट कुनै व्यक्ति वा निकायलाई जानकारी नगराइएको प्रष्ट्याएको छ।



उमेश यादव

यता, उनको ज्यान रक्षाका लागि ३० लाख ब्लडमनी पीडित पाकिस्तानी परिवारले माग गरेको भन्दै ब्लडमनी जुटाउने अभयान पनि सुरू गरिएको थियो। यस विषयमा सामाजिक अभियन्ता सरोज रायले राजदूतावासको विज्ञप्तिमा प्रकाश पारिएका तथ्यहरूको वारेमा गम्भीर भई त्यसको प्राकृतिक र सत्यतथ्य चांडै नै अवगत गराउने बताएका छन्।



# कांग्रेस आफ्नै कारणले हारेको हो

विशेष महाधिवेशनको कुरा सकियो । जेष्ठका अन्तिममा जिल्ला सभापतिहरूको भेला हुन्छ, त्यसपछि महासमिति हुन्छ र जिल्ला सभापतिहरूको भेलाले गरेको निर्णय र सुझावलाई महासमितिसम्म लैजान्छौं । त्यसपछि कांग्रेसको नीति अगाडि बढ्छ ।



आनन्दप्रसाद ढुंगाना
केन्द्रीय सदस्य, नेपाली कांग्रेस

**० काँग्रेस भित्रको विवाद अहिले चरमोत्कर्षमा पुगेको हो ?**
– काँग्रेस भनेको लोकतान्त्रिक पार्टी हो । लोकतान्त्रिक पार्टीभित्र स्वाभाविक रूपमा आ-आफ्ना विचारमा भिन्नता हुन्छ नै । त्यसैले काँग्रेसभित्र जुन किसिमका विचार र भिन्नताहरू देखिएको हो, त्यसलाई विवाद ठान्नु हुँदैन । विविधताकाु बीचमा एकता हो । हामी हरेक कुरामा छलफल गर्छौं र हरेक कुरामा आ-आफ्ना विचार राख्छौं । ती सबैलाई हामीले स्वीकार गरेर हिंड्नुपर्छ । यसलाई विवादको रूपमा नलिई विचारको मन्थनको रूपमा लिनुपर्छ । यसबाट जुन निर्क्योल आउँछ त्यो नै हाम्रो धारणा हुन्छ ।

**० त्यसोभए, विवाद छैन अहिले ?**
– पार्टीभित्र उठेका विभिन्न विचारलाई कसरी मिलाउने, जनताका बीचमा कसरी जाने, पार्टीलाई कसरी व्यवस्थित गर्ने त्यसकै बारेमा हामीले छलफलमा थालेका हौं । त्यो छलफलको हामी निर्क्योल पनि गरिसकेका छौं । हामीले जिल्ला सभापतिहरूको सम्मेलन र महासमितिको बैठक बसाएर नीतिगत निर्णय लिन्छौं र त्यहीं नीतिगत निर्णयअन्तर्गत हामी अगाडि बढ्छौं ।

**० विभिन्न गुट-उपगुटमा विभाजित पार्टी भित्रको समस्या हल गर्न सजिलो छ ?**
– लोकतान्त्रिक पार्टीभित्र त गुट-उपगुट हुन्छ नै । कांग्रेसमा कहिले विचार राखेर गुट बनेको थिएन ? तर, ती सम्पूर्ण हुँदाहुँदै पनि किन राजनीतिको नियोग बसेर बस्यो, सधैंभरि नेपालको इतिहासमा ? त्यसैले यो गुट-उपगुट होइन, स्वाभाविक रूपमा पार्टीभित्र रहेर आफ्नो विचार समावेश गराउन खोज्छ । त्यसमा कतिपय विचार समावेश हुन्छ, कतिपय समावेश हुँदैन, त्यो गुट-उपगुट जस्तो देखिन्छ । त्यो गुट होइन, लोकतान्त्रिक पार्टीको सुन्दरतम् चरित्र हो । त्यसैले यसलाई गुट-उपगुट नमान्न मेरो अनुरोध छ ।

**० रामचन्द्र पौडेल, कृष्ण प्रसाद सिटौला, गगन थापाहरूका विरोधका स्वरलाई कसरी साम्य पार्न सकिन्छ ?**
– तपाइँले जुन साथीहरूको नाम लिनुभयो, उहाँहरू हिजोसम्म त्रिपक्षीय गुटमा थिए, आज द्विपक्षीयमा पुगेका छन् । विचारमा मन्थन हुँदाहुँदै आज दुई गुटमा देखिएको छ । अहिले भर्खर केन्द्रीय समितिले जुन दस्तावेजहरू पास गरेको छ, त्यसले के भन्छ भने कांग्रेसमा कमी कमजोरी हामी सबैमा रह्यो । हामी यी सबै कमी कमजोरीका बाबजुद जुन किसिमले काँग्रेसको विरूद्धमा एउटा वाम गठबन्धन बन्यो त्यो नै चुनावको हारको कारण हो भनेर दस्तावेजमा लेखेका छौं । हामीले अहिले पनि अत्तालिनु हुँदैन । हामी सधैं यस्ता परिस्थितिहरूको सामना गर्दै आएका हौं । कांग्रेसभित्र जुन किसिमको अन्तर्द्वन्द्व देखिएको छ त्यो अन्तर्द्वन्द्व होइन, विचारको मन्थन हो । लोकतान्त्रिक पार्टीमा जुन चरित्र हुन्छ, त्यो चरित्र देखिएको छ । यसलाई हामीले अस्वाभाविक मान्नु हुँदैन ।

**० पार्टीभित्र जुन विरोध देखिएको छ त्यो विरोधका लागि मात्र हो कि त्यसमा तर्क पनि छ ?**
– हैन, हैन । त्यो विरोधहरू होइन, आफ्ना विचारहरू सम्बोधन गराउन खोजिएको हो । एउटै विचारले मात्र लोकतान्त्रिक पार्टी चल्दैन । विचार सम्बोधन गराउन खोज्दै गर्दा स्वाभाविक रूपमा विभिन्न विचारहरू अगाडि सरेका छन् । यसलाई निर्क्योल गरेर केन्द्रीय समितिले जनताको अगाडि ल्याएको छ, त्यहीं नै हाम्रो अन्तिम निर्णय हो ।

**० तपाईंलाई लाग्दैन पार्टी नेतृत्वले नै उनीहरूको विचार सुन्न छाडे पछि विवाद खडा भएको हो ?**
– पार्टी नेतृत्वले उनीहरूको विचार नसुनेको भए यत्रो लामो समय (चैत ९ गतेदेखि बैशाख १६ गते) सम्म केन्द्रीय समितिको बैठक चल्ने नै थिएन । विभिन्न कारणले हाम्रा बैठकहरू बस्न सकेन । हाम्रो महामन्त्रीको दस्तावेज हेर्नुभयो भने उहाँले प्रष्ट रूपमा उल्लेख गर्नुभएको छ कि हामी संस्थागत शक्तिमा विश्वास गर्छौं, संस्थागत रूपमा पार्टी चलोस् भन्ने चाहन्छौं । संस्थागत रूपमा पार्टी चलाउनका लागि हामी आ-आफ्ना विचार प्रकट गर्छौं । त्यो विचार प्रकट गर्दै गर्दा गुटको आधारमा प्रकट गरिएको भन्ने ठान्नु हुँदैन । सबै साथीहरूले बोल्दा यही कुरालाई प्राथमिकतामा राख्नुभएको छ । त्यसैले, कोही पनि कांग्रेसमा विवाद छ भनेर भ्रममा नपरोस् । कांग्रेसमा विचारमा भिन्नता सधैंभरि देखिएको छ, तर निर्क्योल गर्दा सबै पक्षमा नै रहने गरेका छन् । त्यसैले कांग्रेसले सधैंभरि यो देशको राजनीतिमा एउटा मियोको रूपमा रहँदै आएको छ । जबसम्म कांग्रेसले नेतृत्व गरेन तबसम्म यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आएन । अहिले पनि कांग्रेसले जबसम्म आफ्नो अभिव्यक्ति प्रकट गर्दैन तबसम्म समृद्ध नेपालको परिकल्पना गर्नु बेकार हुन्छ । कांग्रेसकै भावनाअनुसार देश चल्दै आएको छ ।

**० निर्वाचन सम्पन्न भएको चार महिनाभन्दा बढी समयपछि कांग्रेसले निर्वाचनको समीक्षा गरेको, यो कस्तो प्रजातान्त्रिक दल हो ?**
– निर्वाचन सकिएलगत्तै राष्ट्रियसभाको निर्वाचन, राष्ट्रपतिको निर्वाचन, सभामुख निर्वाचन भयो । दलगत राजनीतिको हामी विचार लिएर बढ्छौं भने त्यसमा हाम्रा नेताहरू अल्झनुपर्ने परिस्थितिको कारण समीक्षा बैठक अलि ढिलो भएकै हो । चैत ९ गतेदेखि बैशाख १६ गतेसम्म हामीले समीक्षा बैठकमा आफ्ना विचार व्यक्त गरेका छौं । त्यो विचारले एउटा निर्क्योलमा पुगेका छौं । त्यसकारणले ढिलो भए पनि 'देर आया दुरूस्त आया' जस्तै कांग्रेस अहिले आएको छ ।

**० निर्वाचनको पराजयबाट पार्टीले पाठ सिक्ने कि आफ्नो हारको दोष अरूलाई दिने ?**
– कांग्रेसले पराजयको दोष कसैमाथि थुपारेको छैन । नेपालको राजनीतिमा नेपाली कांग्रेसले धेरै पाठहरू सिकेको छ । नेपाली कांग्रेसले २००७ सालको परिवर्तनपछि संविधानसभाको निर्वाचन हुनुपर्छ भन्दा विभिन्न षड्यन्त्रवश त्यो बेला हुनसकेन र संसद्को निर्वाचनमा जानुपऱ्यो । संसद्को निर्वाचनमा दुई तिहाई बहुमत पाइसकेपछि सेनाको बलमा नेपाली कांग्रेसलाई अपदस्थ गराउँदा हामी आतिएनौं । हामी लडिराख्यौं । त्यसपछि पनि विभिन्न षड्यन्त्र भएकै कारणले २०४६ सालको संविधान कार्यान्वयन हुन सकेन । मुलुकको हरेक परिवर्तनको नेतृत्व कांग्रेसले नै गरेको हो । अहिलेको निर्वाचन परिणामबाट कांग्रेस आत्तिनुपर्ने आवश्यकता छैन । कांग्रेस हारेको होला तर देश, जनता, प्रजातन्त्र र लोकतन्त्र हारेको छैन । त्यसैले कांग्रेस यो कुरामा खुशी छ ।

**० काँगेस आफ्नै कारणले हारेको कि वाम गठबन्धनको कारणले ?**
– कांग्रेस विभिन्न कारणले हारेको हो । वाम गठबन्धन नै कारण हो भन्न सकिन्न । किनभने २०६४ को संविधानसभाको निर्वाचनमा के कारणले हाऱ्यो, २०५१ को निर्वाचन के कारणले हाऱ्यो ? त्यसैले वाम गठबन्धन नै कारण हो कसरी भन्ने । विभिन्न कारणहरू छन् । २०७० को निर्वाचनमा कांग्रेस ठूलो पार्टी बन्यो । २०६४ को निर्वाचनमा कांग्रेस हारिसकेपछि चार-चार जना वामपन्थी प्रधानमन्त्री हुनुभयो तर संविधान बन्न सकेन । त्यसैले २०७० को निर्वाचनमा जनताले के बुझे भने अब कांग्रेसलाई नेतृत्व गर्न दिएनौं भने लोकतान्त्रिक संविधान लेखिंदैन भनेर कांग्रेसलाई मत दिए । कांग्रेसले जनताको विचारलाई बोकेर हिंडेकोले जित्छ । अहिले कांग्रेसले जनताको विचार बोक्न सकेन होला । कांग्रेसले आफूले गरेका कामहरू जनता अगाडि पस्कन सकेन होला । त्यसकारणले कांग्रेस हारेको होला । तर, आगामी निर्वाचन कांग्रेसकै पक्षमा हुन्छ । यसकारणले कि जबसम्म यो देशमा कांग्रेसले नेतृत्व गर्दैन तबसम्म समृद्ध नेपालको परिकल्पना गर्नु बेकार हुन्छ ।

**० पार्टी नेतृत्वको धेरै आलोचना भइरहको छ । तपाईलाई के लाग्छ नेतृत्वले कमजोरी गरेकै हो ?**
– स्वाभाविक रूपमा घरका जो मूली हुन्छ उससँग सबैले अपेक्षा राखेका हुन्छन् । घरका मूलीले सबैलाई खुशी पार्न सक्छन् भन्ने छैन नि । त्यसैले नेताका रूपमा स्वाभाविक रूपमा सबैले आ-आफ्ना गुनासाहरू राख्छन् । यसलाई नेताले पनि अस्वाभाविक लिनु हुँदैन र हामी कार्यकर्ताले पनि त्यसलाई अस्वाभाविक मान्नु हुँदैन । त्यसकारणले नेताकै कारणले चुनाव हाऱ्यो भन्ने कुरा मान्न सकिँदैन । कमजोरी नेतृत्वको मात्रै होइन, शीर्ष नेतादेखि तल्लो तहसम्मका नेता कार्यकर्ताहरूको पनि कमजोरी हो ।

**० विशेष महाधिवेशनको सम्भावना कति छ ?**
– विशेष महाधिवेशनको कुरा सकियो । जेष्ठका अन्तिममा जिल्ला सभापतिहरूको भेला हुन्छ, त्यसपछि महासमिति हुन्छ र जिल्ला सभापतिहरूको भेलाले गरेको निर्णय र सुझावलाई महासमितिसम्म लैजान्छौं । अहिले केन्द्रीय समितिले पनि गरेको निर्णय महासमितिसम्म लैजान्छौं, विधान संशोधन गर्छौं । त्यसपछि कांग्रेसको नीति अगाडि बढ्छ ।

**० कांग्रेसको आगामी कार्यदिशा के हुने ?**
– कांग्रेसको कार्यदिशा भनेको अब हामी महासमितिबाट विधान संशोधन गरेर कांग्रेस एउटा लोकतान्त्रिक पार्टी हो, नेपालको राजनीतिक इतिहासमा एउटा मियो हो, सम्पूर्ण परिवर्तनको नेतृत्व गर्ने पार्टी हो भन्ने मूल आधार बनाएर अगाडि बढाउँछौं ।

**० कांग्रेसले अब मुख्य प्रतिपक्षीको भूमिका कसरी निर्वाह गर्छ ?**
– कांग्रेस विगतमा पनि सत्ता हुँदा वा विपक्षमा हुँदा कहिल्यै पनि नकारात्मक कार्य गरेन र गर्दैन । सरकारले राम्रो काम गऱ्यो भने कांग्रेसले सहयोग गर्छ वा नराम्रो कार्य गऱ्यो भने विरोध गर्छ । अहिलेको संविधान विपरीत कुनै पनि क्रियाकलाप सरकारले गऱ्यो भने कांग्रेसले सहँदैन । कांग्रेस जसरी लामो समयसम्म राणासँग लड्यो, राजासँग लड्यो, पञ्चायतसँग लड्यो त्यस्तै लड्नका लागि तयार हुन्छ । लोकतन्त्रको विरूद्धमा यदि कुनै पनि शासनसत्ता गयो भने हामी सहन सक्दैनौं ।

# मधेशका महिला घुम्टोमा मात्र सीमित छैनन्



डा. अन्जु यादव
प्रदेशसभा सदस्य, प्रदेश २ (राजपा नेपाल)

बेटी शिक्षित भए परिवार शिक्षित हुन्छ, परिवार शिक्षित भए समाज शिक्षित हुन्छ र समाज शिक्षित भए राष्ट्र नै शिक्षित हुनसक्छ । जसले गर्दा राष्ट्रको समृद्धिमा बेटी पनि एउटा हिस्सा बन्न सक्छन् । आजको युगमा शिक्षा नै सबभन्दा आवश्यक आधार हो विकास र समृद्धिका लागि ।

**० साउदी अरबमा मृत्युदण्ड सुनाइएका धनुषाका उमेश यादवको जीवनरक्षाका लागि तपाईंले आफ्नो एक महिनाको तलब सहयोग गर्ने घोषणा गर्नुभएको छ, तर प्रदेश सरकार वा तपाईंको पार्टीले किन अग्रसरता नदेखाएको होला ?**
–राजपा नेपालभित्र पनि यस विषयमा छलफल भइरहेको छ । पार्टीले पनि उमेश यादवको जीवनरक्षाका लागि सहयोग गर्ने नै छ । यसप्रति राजपा नेपाल सकारात्मक छ । यस विषयमा म प्रदेशसभाको संसदमा पनि कुरा उठाउँछु । प्रदेश सरकारले पनि उमेश यादवको जीवनरक्षाका लागि पहल गर्नु पर्छ ।

**० तपाईंले मात्रै अग्रसरता देखाउनुको कारण के हो ?**
– म पहिलेदेखि नै समाजसेवामा लागिरहेको छु । एउटा समाजसेवीको हैसियतले मैले अग्रसरता देखाएकी हुँ । समाजमा कुनै किसिमको आपतविपद् पर्दा म व्यक्तिगत रूपबाट वा संस्थागत रूपमा पनि समाजसेवा गर्दै आएकी छु । जस्तै, महाभूकम्प गएका बेलामा पनि राहत संकलन गरी पीडितहरूलाई वितरण गर्ने, बाढी गएको बेला प्रभावितलाई सहयोग गर्ने लगायतका काम कोशिस फाउण्डेशन मार्फतले गर्दै आएकी हुँ । मैले उमेश यादवको जीवनरक्षाका लागि एउटा सानै सहयोग भएपनि व्यक्तिगत रूपबाट आफ्नो एक महिनाको तलब दिने घोषणा गरेकी छु ।

**० विदेशिने युवाहरूलाई यस्ता समस्या प्रायः परिरहेको हुन्छ, उद्धारका लागि कस्तो किसिमको ठोस नीति आवश्यक देख्नु हुन्छ ?**
– यस्ता समस्याहरूको दीर्घकालीन समाधानका लागि एउटा कोष नै खडा गर्नुपर्छ । मैले यसका लागि प्रदेशसभाको बैठकमा कुरा उठाउँछु । कुनै एक व्यक्तिले सहयोग गरेर मात्रै सम्भव छैन । त्यसैले सामूहिक रूपमा नै यसको ठोस पहल गर्नु आवश्यक छ । खास गरी प्रदेश २ को हकमा जुन समस्या आउँछ त्यसको समाधानका लागि सबैको साथ र सहयोग आवश्यक छ ।

**० तपाइँ चिकित्सक पेसाबाट राजनीतिमा आउने सोच कसरी बनाउनुभयो ?**
– म चिकित्सा पेसामा हुँदा पनि समग्र राष्ट्रको समृद्धि र विकासका लागि केही गरौं भन्ने भावनाबाट प्रेरित भई राजनीतिमा लागेको हुँ । केही पनि कुराका लागि राजनीति नै माध्यम हो । प्रदेश २ अन्य प्रदेशभन्दा बढी पिछडिएकोले यसको विकास र समृद्धि कसरी गर्न सकिन्छ भन्ने मेरो उद्देश्य हो । प्रदेश २ हरेक क्षेत्रमा पिछडिएको छ । यहाँको शिक्षा, स्वास्थ्य, भौतिक संरचना, कलकारखाना लगायतका क्षेत्र एकदम दयनीय छ । ती सबैमा सुधार गर्ने उद्देश्यले नै म राजनीतिमा सक्रिय भएकी हुँ ।

**० राजनीतिमा आउने प्रेरणा कहाँबाट पाउनुभयो ?**
– मेरो पृष्ठभूमि नै राजनीतिक परिवारबाट हो । मेरो ससुरा (हरिहरप्रसाद यादव) पनि पहिलादेखि नै राजनीतिमा सक्रिय हुनुहुन्छ । उहाँले राजनीतिमा सक्रिय रहेर पनि विद्यालय सञ्चालन गर्दै समाजसेवा गर्दै आउनुभएको छ । उहाँले वीरगन्जमा ज्ञानबाटिका ईंगलिश बोर्डिङ्ग हाइस्कूल सञ्चालन गरिरहनु भएको छ । उहाँले धेरै विपन्न वर्गका विद्यालयलाई निःशुल्क शिक्षा पनि दिइ रहनु भएको छ । त्यसैले म उहाँबाट नै प्रेरित भएर समाजसेवा गर्न राजनीतिमा लागेको हुँ । राजनीति सेवाभावले गर्नुपर्छ भन्ने उहाँको प्रेरणाबाट म प्रभावित भएको हुँ ।

**० तपाइँ मधेश मूलकी महिला हुनुहुन्छ, खासगरी मधेश मूलका महिलाका लागि राजनीतिमा कस्तो चुनौती देख्नुहुन्छ ?**
– मधेशका महिलाका लागि राजनीतिमा त धेरै नै चुनौती छन् । तर, आफूले सेवा गर्ने भावले अगाडि बढ्यो भने चुनौतीका साथसाथै एउटा अवसर पनि हो समाजमा परिवर्तन ल्याउने ।

**० मधेशका महिलामा राजनीतिक चेतना कति छ ?**
– अहिलेको अवस्थामा मधेशका महिलामा राजनीतिक चेतना धेरै नै भइसकेको छ । मधेशका महिलाहरू घुम्टोमा मात्र सीमित छन् भन्ने बुझाई आजको दिनमा गलत हो । मधेशका महिलाले अवसर पायो भने समाजमा उल्लेखनीय परिवर्तन ल्याउन सक्ने क्षमता राख्दछन् ।

**० तपाईंलाई प्रदेशसभामा आफ्नो विचार राख्ने कति अवसर पाउनुभएको छ ?**
– प्रदेश २ को सरकारले हामीसँग भेदभाव गरेको छैन । हामीलाई आफ्नो विचार राख्ने अवसर दिएको छ । प्रदेशसभामा महिलालाई पनि पुरूषसरह नै अवसर दिएको छ । सबैले आफ्नो विचार राख्न स्वतन्त्रता दिइएको छ ।

**० अहिले प्रदेश सरकारको कार्य सन्तोषजनक मान्न सकिन्छ ?**
– अहिले त सुरूवाती अवस्था नै छ । अहिले नै सरकारमाथि कुनै दोषारोपण गर्नु हुँदैन । नयाँ संरचनाहरू बन्दैछन् । सरकारले नीति तथा नियमहरू बनाउँदैछ । तापनि सुरूवाती अवस्थामा पनि सरकारको कार्य त्यति सन्तोषजनक मान्न सकिँदैन । सरकारले आफ्ना काम निर्बाध रूपमा सञ्चालन गर्न पनि पाएको छैन । सबभन्दा पहिला त संविधानमा रहेका त्रुटि सच्याएर प्रदेश सरकारले पाउने अधिकार पाएपछि प्रदेश सरकारले द्रुतगतिमा आफ्ना कार्य गर्न सक्छन् ।

**० प्रदेश सरकारले ल्याएको सयदिने कार्ययोजना कति प्रभावकारी छ ?**
– अहिले सुरूवाती अवस्था भएकोले त्यति प्रभावकारी देखिएको छैन ।

**० 'बेटी बचाउ, बेटी पढाउ' अभियान सफल बनाउन कति चुनौती छ ?**
– 'बेटी बचाउ, बेटी पढाउ' सफल बनाउन चुनौती त धेरै छन् । तर, प्रदेश सरकार दृढताका साथ कार्यान्वयन गर्नेतिर लाग्नुपर्छ । यो अभियानका कारणले छोरी बेटीहरूलाई विद्यालय भर्ना गराउनेमा चेतना बढेको छ । छोरीलाई शिक्षा आवश्यक छ भन्ने भावना जागेको मैले पाएकी छु । आर्थिक अवस्था कमजोर भएकाहरूले पनि आफ्ना छोरीलाई सरकारी विद्यालयमा पठाइरहेका छन् । त्यसैले, यो अभियान सफल हुन्छ ।

**० 'बेटी बचाउ, बेटी पढाउ' को आवश्यकता किन पऱ्यो त ?**
– समाज र राष्ट्रको समृद्धिको आधार नै बेटी हो । बेटी शिक्षित भए परिवार शिक्षित हुन्छ, परिवार शिक्षित भए समाज शिक्षित हुन्छ र समाज शिक्षित भए राष्ट्र नै शिक्षित हुनसक्छ । जसले गर्दा राष्ट्रको समृद्धिमा बेटी पनि एउटा हिस्सा बन्न सक्छ । आजको युगमा शिक्षा नै सबभन्दा आवश्यक आधार हो विकास र समृद्धिका लागि ।

**० प्रदेश सरकारले अझ के गर्नुपर्छ ?**
– यसलाई प्रभावकारी बनाउन प्रदेश सरकारले विपन्नवर्गलाई बढी ध्यान दिनुपर्छ । जहाँ जहाँ विद्यालय छैन त्यहाँ विद्यालय खोल्ने, शिक्षाको स्तर सुधारतिर सरकारले योजना बनाउनुपर्छ । सरकारले यसबारे नीति नियमहरू बनाइरहेको छ । यसले गर्दा अब विपन्न परिवारका बच्चाले पनि शिक्षा पाउन सहज हुन्छ ।

**० हाम्रो समाजमा दाइजो प्रथाले जडा गाडिसकेको अवस्था छ, छोरीलाई जति पढायो त्यति धेरै दाइजो पनि दिनुपर्ने मानसिकता छ । दाइजोलाई जडैदेखि उखालेर फाल्न कति सजिलो छ ?**
– त्यो मानसिकता अहिले विस्तारै हट्दैछ । छोरीलाई दाइजोभन्दा शिक्षा दिनुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको छ । दाइजो लिएर धनी भइँदैन तर शिक्षित छोरी/बुहारीले आफ्नो घरमा मात्रै होइन समाजमा नै परिवर्तन ल्याउन सक्छ भन्ने चेतना आउँदैछ । शिक्षित छोरी/बुहारी भए भने आफ्नै कुनै व्यवसाय गर्न सक्छन् अथवा जागिर गर्न सक्छन् । त्यसैले गर्दा अब विस्तारै दाइजो प्रथा समाजबाट उन्मूलन हुन्छ ।

**० प्रदेश २ को नाम, स्थायी राजधानी र भाषाको टुंगो कहिलेसम्म लाग्छ ?**
– प्रदेश २ को नाम र सम्पर्क भाषाको विषयमा छलफल चलिरहेको छ । केही दिनभित्रै यी सबै कुराको टुंगो लाग्छ । मेरो विचारमा प्रदेश २ को राजधानी जनकपुरधाम नै उपयुक्त छ । जनकपुरधाम सबैका लागि पायक पर्ने ठाउँ पनि हो र माता जानकीको जन्मथलो पनि हो । जहाँसम्म भाषाको कुरा छ, यहाँ बोलिने सबै भाषा सरकारी कामकाजको भाषा हुनुपर्छ ।

**० यसपटक भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण जनकपुरधामबाटै हुँदैछ, उहाँको स्वागतका लागि कस्तो तयारी हुँदैछ ?**
– भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वागत गर्न प्रदेशका जनता एकदम उत्साहित छन् । प्रदेश सरकारले पनि उहाँको स्वागतका लागि तयारी तीव्र पारेको छ । जनकपुरधाममा उहाँलाई भव्य स्वागत गरिनेछ । उहाँले यस क्षेत्रका जनतालाई नागरिक अभिनन्दन गरिने पनि तयारी हुँदैछ । उहाँले माता जानकीको पूजा गर्ने र बाह्र बिगाहामा नागरिक अभिनन्दन गरिने कार्यक्रम रहेको छ । यसका लागि जनकपुरधाम सिँगारिँदैछ । सुरक्षा व्यवस्था पनि मिलाइँदैछ ।

# नेपालमै केही गर्न सम्भव छ



**रोहित भण्डारी**
**युवा लेखक तथा पत्रकार**

धैरै युवाहरूले भन्ने गरेको कुरा के हो भने नेपालमा केहीको सम्भावना छैन, रोजगारीको बाटा छैनन्, नेपालमा बसेर केही गर्न सकिदैन जस्ता थुप्रै कुराहरू सुन्ने गरिन्छ र हामी पनि यस्तै भन्ने गर्छौं । कतिपय युवा समृद्ध भनिएका देश अष्ट्रेलिया, अमेरिका या क्यानडा लगायतका देश जान पाएदेखि आफूलाई अहोभाग्य ठान्छन् । नेपालमा केही गर्न सकिदैन भन्ने लगायतका आवाज आइरहँदा के साँच्चै नेपालमा केही छैन त, के नेपाल बिग्रिएकै हो त जस्ता प्रश्न उठेको छ ? मैले आफ्ना दुई पुस्तकमार्फत नेपालमा पनि केही गर्न सकिन्छ, नेपालमा पनि सम्भावना छ, नेपालमा कुन क्षेत्रमा कस्तो कस्तो खालको सम्भावना छ भन्ने विषयमा जानकारी दिने प्रयास गरेको छु । विशेषत: नेपालमा कमजोर आर्थिक पृष्ठभूमिबाट माथि उठेका, जसले आफूले मेहनत र परिश्रम गरेर नेपालमा राम्रो स्थान बनाएका छन्, उनीहको सफलता र संघर्षका कथा जसलाई मैले 'सम्भव छ' नामक आफ्नो पुस्तकमा उल्लेख गरेको छु भने 'नेपालमै सकिन्छ' नामक अर्को पुस्तक जहाँ कामको सम्मान गर्ने युवा नेपालीको कथा प्रस्तुत गरेको छु । समृद्ध मुलुकमा गएर फर्केका युवाहरूले नेपालमै बसेर पनि राम्रो आम्दानी गरेका कथा प्रस्तुत गरेको छु ।

दुवै पुस्तकमा संलग्न गरिएका जति पनि कथा छन्, ती कथाका प्रत्येक पात्रसँग मैले भेटेको छु । जस्तै 'सम्भव छ' पुस्तकमा मा पर्साका श्यामवदन यादवको कथा छ । उनी मध्यम वर्गका व्यक्ति हुन् । उनले गरेको संघर्ष, सफलताको बारेमा उल्लेख छ । यस्तै २३ जना व्यक्तिका बारेमा लेखेको छु ।

नेपालमा धेरै सम्भावना रहेको छ । म एउटा उदाहरण दिन्छु । काठमाडौंकै जोरपाटीमा बस्ने एक जना युवाले एउटा सानो कोठा भाडामा लिएर आफैले चिया पकाएर थर्मशमा राखेर चाबहिल लगायतका तरकारी बजारमा दैनिक रूपमा चिया बेच्छन् । उनले भने अनुसार उनले दिनमा ३०० कप चिया बेच्छन् । एक कपको १५ रूपैयाको दरले पनि दिनको ४५०० रूपैया हुन आउँछ । महिना दिनमा हुने उनको खर्च कटाएर पनि ६० हजार भन्दा बढी नाफा हुन्छ । एउटा युवाले




एक महिनामा ६० हजार कमाउँछ । हामी कति युवा छौं जो २०/३० हजारको लागि खाडि मुलुक जान्छौं । यो एउटा सानो उदाहरण मात्र हो । यस्तै नेपालमा गर्न सक्ने व्यवसाय हेर्ने हो भने यहाँ थुप्रै व्यवसायहरू छन् । 'नेपालमै सकिन्छ' भन्ने पुस्तकको लगभग ८० पृष्ठजति यस्तै नेपालमा सम्भावना भएका कामहरूको बारेमा मात्र उल्लेख गरेको छु ।

नेपालमा पनि धेरै सम्भावना रहेको छ तर हाम्रो देशका युवाहरू त्यसतर्फ आकर्षित हुन सकिरहेको छैन । यसमा मुख्य दोष त हामी युवाकै छ । किनभने हाम्रो समाज नै त्यस्तै भइदियो । यदि घरमा कोही विदेशमा गएर काम गरिरहेको छ भने परिवारका सदस्यले गर्वका साथ भन्छ कि मेरो परिवारको मान्छे विदेश गएको छ । यस अर्थमा पनि विदेश गएन भने त सामाजिक प्रतिष्ठा नै जाने हो कि भन्ने डर हामी युवामा पलाएको छ । युवाहरूले के सोच्नु पर्दछ भने हामीले विदेशमा गएर पैसा त कमाउन सक्छौं तर खुशी कमाउन सक्दैनौ, त्यसका लागि आफ्नै घर चाहिन्छ । विदेशमा कमाएको पैसामा खुशी भेट्न सकिन्न । म के आग्रह गर्न चाहन्छु भने विदेशमा पैसा मात्र छ तर नेपालमा पैसा पनि छ खुशी पनि छ । युवाहरूमा काम प्रति आर्कषित नहुनुमा पनि कारण छ । हुन त नपढी केही काम गर्न सकिदैन । आफूले गर्न




चाहेको कामको बारेमा जानकारी त अवश्य नै चाहिन्छ । तर हामी पढेर ज्ञानी हुनुपर्ने ठाउँमा घमण्डी भइदिन्छौ । पढाईले ज्ञान, सीप, संस्कार भन्दा पनि घमण्ड बढाइदियो । त्यसकारण मान्छेहरू जति धेरै पढ्यो उती धेरै बेरोजगार छन् । यसको अर्थ पढिसकेपछि कामको सम्मान गर्नुपर्छ भन्ने भावना नै हामीमा जागृत हुन सकेन । अर्को कुरा त हाम्रो समाजको सोच बदल्न नसक्नु पनि अर्को कारण हो । नेपाली युवाहरूको समस्या भनेको बेरोजगारीको समस्या होइन सोचको समस्या हो । विदेशमा काम गर्दा हिनताबोध हुँदैन तर नेपालमा त्यही काम गर्दा हिनताबोध हुन्छ । जबसम्म हामी हाम्रो सोच बदल्न सक्दैनौं तबसम्म हाम्रो समस्या भनेको नै बेरोजगारी रहिरहन्छ ।

हामीले निकै मिहिनेत गरेर पैसा कमाएर नेपाल पठाउँछौं । तर त्यो पैसा खाद्य पदार्थदेखि विलासिताका सामान किन्न खर्च भइरहेको छ । खाद्य पदार्थको लागि विदेशमा कमाएर नेपाल पठाउनुभन्दा नेपालमा नै उत्पादन गर्न सके पैसा विदेश त जान पाउदैन नि । हुन त रेमिट्यान्सले देश धानिएको छ भनिन्छ तर रेमिट्यान्सकै कारण देशको ठूलै विकास भएको छ भन्ने कुरा मैले कतै सुनेको पनि छैन र पढेको पनि छैन । साँच्चै हामी गम्भीर बन्न आवश्यक छ । मैले पहिले नै भनिसके हाम्रो सोच बदल्ने हो भने नेपालमै सकिन्छ र सम्भव छ ।

विदेश जानै नहुने भन्ने होइन । तर विदेशमा गर्ने काम नेपालमा पनि गर्नका लागि कुनै किसिमको हिनताबोध पालेर नबस्नु हुन्न । जागिर नै खानुपर्छ भन्ने होइन । हामीले साना साना काम गरेर पनि लाखौं आम्दानी गर्न सक्छौं । हामीले आफ्नो मनमा रहेको हिनताबोधको अन्त्य गरेर काम गर्ने हो भने जसरी विदेशी नागरिक नेपाल घुम्न आउँछन् त्यसरी नै नेपाली युवाहरू पनि विदेश घुम्न जानसक्ने हैसियतमा पुग्दछन् । काम सानो ठूलो हुँदैन । हामी जति सानो बन्न खोज्छौं त्यति ठूलो बन्छौं र हामी जती ठूलो बन्न खोज्छौं त्यहि सानो बन्छौं । अर्थात हामीले साना भनिएका काम गर्न थाल्यौं भने हामी ठूलो बन्छौं र सानो कामलाई हेला गरेर एकै पटक ठूलो काम गर्न लाग्यौं भने सानो बन्दै जान्छौं । 'सम्भव छ' र 'नेपालमै सकिन्छ' पुस्तकमा धेरै सन्दर्भहरू छन् । यो पुस्तक काठमाडौ लगायत पोखरा, बुटवल विराटनगर लगायतका स्थानमा उपलब्ध भएको हुनाले समय मिलाएर यो पुस्तक पढ्न म आग्रह गर्दछु । यी पुस्तकहरू पढिसकेपछि म केही गर्न सक्दिन भन्ने भावना परिवर्तन हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

*(युवा लेखक तथा पत्रकार भण्डारीसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित ।)*

# लुम्बिनीलाई विश्वकै पवित्र पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने : प्रम ओली

चन्द्रकान्त खनाल, रूपन्देही । प्रधानमन्त्री केपी ओलीले बुद्ध जन्मस्थलबारे विभिन्न माध्यममा भ्रम फैलाउने प्रयास भए पनि भ्रममा नपर्न विश्व समुदायलाई आग्रह गरेका छन् ।

२५६२औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवस २०७५ लाई सम्बोधन गर्दै ओलीले लुम्बिनीलाई विश्वकै आकर्षक एवं पवित्र पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने बताए । उनले लुम्बिनीलाई विश्वकै पवित्र शान्ति केन्द्रको रूपमा विकास गर्न सरकार कटिबद्ध रहेको समेत बताए ।

लुम्बिनीलाई हजारौं वर्ष पहिले यहीँ जन्मिएका सम्राट अशोकले स्थापित गरिसकेकाले थप बहस र विवाद जरूरी नरहेको तर्क गर्दै प्रम ओलीले भने, 'भ्रम वा गल्तीवश विभिन्न देशका कोर्सबुकहरूमा गलत कुरा उल्लेख भएको भए त्यसलाई कूटनीतिक पहल गरी हटाउनुपर्छ ।'

लुम्बिनी मात्र नभई यससँग सम्बन्धित रामग्राम, तिलौराकोट र देवदहलाई समेत जोडेर एकीकृत विकास गर्न ती स्थानलाई




मोनोरेलले जोड्ने गरी सम्भाव्यता अध्ययन गरिने प्रम ओलीको भनाई थियो । मोनोरेल सञ्चालनका लागि छिट्टै सम्भाव्यता र अध्ययन अघि बढाइन्छ प्रधानमन्त्री ओलीले भने । यसै गरि सभालाई सम्बोधन गर्दै प्रदेश नम्बर ५ का मूख्य मन्त्री शंकर पोखरेलले लुम्बिनीलाई स्थानीय जनतासँग जोड्न नसकिएकोमा दुख व्यक्त गरे ।

उनले अहिलेसम्म लुम्बिनी र स्थानीयहरू बिच समन्वय गर्न नसकिएका कारण लुम्बिनीको आशातित विकास हुन नसकेको तर्क गरे । मुख्यमन्त्री पोखरेलले आगामी वर्षदेखि बुद्ध जयन्तीलाई प्रदेश सरकारले राष्ट्रिय पर्वको रूपमा मनाउने बताए ।

संस्कृति तथा पर्यटन मन्त्री रविन्द्र अधिकारीले अध्यक्षता गरेको समारोहमा लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठीले उपस्थित स्वदेशी तथा विदेशी अतिथि र सहभागीलाई लुम्बिनी र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले पारित गरेको १० बुँदे लुम्बिनी घोषण पत्रका विषयमा जानकारी गराएका थिए ।

## एशियाकै नमुना सभाहल शिलान्यास

रूपन्देही । बौद्ध जयन्तीको अवसरमा आयोजित लुम्बिनी दिवसको राष्ट्रपति विद्यादेवी भण्डारीले लुम्बिनीमा निर्माण हुन लागेको पाँच हजार क्षमताको सभाहलको शिलान्यास गरेकी छन् ।

करिब २८ करोडको लागतमा बन्ने यो सभाहल सोमबार प्रधानमन्त्री केपी ओलीसमेतको उपस्थितिमा शिलन्यास गरेकी हुन् । सभाहल एशियाकै नमूना हुने लुम्बिनी विकास कोषले जनाएको छ ।

कुल ५ हजार मानिस अटाउन सक्ने क्षमताको सभा हल प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गर्ने भनिए पनि अन्तत: राष्ट्रपति विद्यादेवी भण्डारीले गरेकी छन् । सभाहल दुई दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको लुम्बिनी विकास कोषले जनाएको छ ।

## "छिमेकी मुलुकसँग फाइदा लिन सक्नुपर्छ"

काठमाडौं । पूर्व गभर्नर एवम् राष्ट्रिय योजना आयोगका पूर्व अध्यक्ष दिपेन्द्र बहादुर क्षेत्रीले अर्थमन्त्रीले भारत र चीन दुवै मित्रराष्ट्रसँग नेपालले फाइदा लिन सक्नुपर्ने बताएका छन् । राजधानीमा भएको कार्यक्रममा बोल्दै क्षेत्रीले भने,'चीनले हाम्रा सरकार प्रमुखहरूसँगको भेटवार्तामा तपाईहरू भारतसँग सम्बन्ध सुमधुर बनाउनुहोस्, हामी खुल्ला दिलले सहयोग गर्छौं भन्ने गरेको छ ।' भारतले नेपालको विकासमा सहयोग पुऱ्याउने भन्दै बोलेका कुरा र बाचा अहिलेसम्म पूरा नगरेको उनको गुनासो थियो । नेपालले दुवै छिमेकीसँग पञ्चशीलका आधारमा सम्बन्ध कायम गर्नुपर्ने उनको सुझाव थियो । त्यस्तै उनले भारत र चीनबीच कसले पहिले नेपालमा रेल पुऱ्याउने भन्नेमा प्रतिष्पर्धा भए नेपालमा राम्रो फाइदा हने धारणा राखे । उनले थपे,'भारतको रेल वीरगन्ज हुँदै काठमाडौं आउने रेल पहिले आउने कि ? केरूङहुँदै काठमाडौं लुम्बिनी आउने चिनियाँ रेल पहिले ? भनेर भारत र चीनबीच प्रतिष्पर्धा भयो भने त्यसले नेपाललाई फाइदा हुन्छ ।'

## समाजवादी ट्रेड यूनियन महासंघ घोषणा

काठमाडौं । संघीय समाजवादी फोरम नेपालको श्रमिक संगठन समाजवादी लोकतान्त्रिक ट्रेड यूनियन महासंघको एकीकरण घोषणा भएको छ । राष्ट्रिय लोकतान्त्रिक ट्रेड यूनियन महासंघ स्वतन्त्र र समाजवादी ट्रेड यूनियन महासंघ नेपालबीच महासंघ एकीकरण भएको हो । मंगलबार राजधानीमा आयोजित एक समारोहमा फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले श्रमिक हकहित र संरक्षणको लागि संघर्षरत समाजवादी ट्रेड यूनियन महासंघ एकीकृत भएको घोषणा गरेका हुन् । एकीकरणपछिको ट्रेड यूनियन महासंघको अध्यक्षको जिम्मेवारी नवराज दाहालले पाएका छन् । महासंघको सहअध्यक्षमा जोगीलाल यादव, वरिष्ठ उपाध्यक्षमा अर्जुन लम्साल रहेका छन् । उपाध्यक्षमा विन्देश्वर राययादव, सुनितादेवी बराल, प्रेम भुजेल, सपना अर्याल र हेमन्त माण्डव छन् । त्यस्तै, महासचिवमा डिबी सरोज राई रहेका छन् । उपमहासचिवमा हरिश दाहाल, दयाराम राई, शैलेन्द्र बैद्य र बलराम चौधरी चुनिएका छन् । सचिवमा यज्ञकुमार राई, कुलमाया गोले, बासुदेव यादव, गोपाल राई, राजेन्द्र भुषाल र रामविलास यादव छन् । शोभा मण्डललाई कोषाध्यक्षको जिम्मेवारी दिइएर ८७ सदस्यीय ट्रेड यूनियन महासंघ एकीकरण घोषणा भएको छ ।

## मधेश अपडेट

### अनुचित कुरामा सम्झौता हुँदैन : प्रधानमन्त्री

रूपन्देही । प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलो पटक प्रदेश ५ को प्रदेश प्रदेशसभालाई सम्बोधन गरेका छन् । पहिलो पटक प्रदेश सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले भने भ्रष्टचार, अनियमितता र सिन्डिकेट जस्ता अनुचित कुरामा कसैसँग सम्झौता नगर्ने बताएका छन् । उनले लोकतन्त्रको स्थापनाका लागि गरिएका आन्दोलनले केही समय देश पछाडि परेको बताउँदै अब नागरिकलाई आर्थिक रूपले सम्पन्न बनाउन र देशलाई समृद्ध बनाउन अब कुनै पनि कुरामा अल्झिन नहुने बताए । तीनवटै सरकारको ध्यान अब आर्थिक विकास र समृद्धिमा लगाउनुपर्ने प्रम ओलीले बताए । उनले गौतमबुद्धको जन्मस्थल लुम्बिनी भएका कारण यो प्रदेशमा निकै ठूला अवसर रहेको भन्दै अवसरको उपयोग गर्न समेत आग्रह गरेका छन् । धार्मिक पर्यटन, सास्कृतिक पर्यटन, कृषि, उद्योग, व्यापार लगायतका धेरै सम्भावना प्रदेश ५ मा रहेको बताउँदै प्रधानमन्त्री केपी शर्मा ओलीले यसको योजनावद्ध विकासमा लाग्न समेत निर्देशन दिए ।

### कांग्रेस सडकमा ओर्लिन्छ : देउवा

कैलाली । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले अधिनायकवाद लाद्न खोजिए सडकमा ओर्लिने चेतावनी दिएका छन् । उनले कुनै पनि बहनामा नेपालको लोकतन्त्र र गणतन्त्रलाई एक दलीय अधिनायकवादतर्फ लैजान नदिने बताएका हुन् । देउवाले भारत भ्रमणका क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीको क्रियाकलापले उनको राष्ट्रवाद लम्पसारवादमा परिणत भएको सबैले देखिसकेको आरोप लगाए । चुनावमा पार्टी पराजयका बारेमा सोधिएको एक प्रश्नको जवाफमा सभापति देउवाले पराजयपछि कार्यकर्ताको मनोबल नखस्किएको दाबी गरे ।

### संविधान स्वीकारेको भ्रम नपाल्नुस् : यादव

जनकपुरधाम । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले संघीय सरकार संघीयता विरोधी गतिविधिमा लागेको आरोप लगाएका छन् । मधेशी स्वास्थ्यकर्मी फोरम नेपालको तेस्रो राष्ट्रिय महाधिवेशनलाई जनकपुरमा सम्बोधन गर्दै अध्यक्ष यादवले आफूहरू संघीयतालाई संस्थागत गर्दै संविधान संशोधनका लागि सरकारलाई समर्थन गरे पनि सरकार ठीक त्यसको विपरीत कार्यमा लागेको आरोप लगाए । निर्वाचनमा भाग लिएकै भरमा आफूहरूले संविधान स्वीकारिसकेको भ्रम नपाल्न ठूला दललाई सचेत गराउँदै अध्यक्ष यादवले सबैलाई स्वीकार्य हुने गरी संविधान संशोधन नभएसम्म मुलुकमा राजनीतिक स्थायित्व आउन नसक्ने दाबी गरे । कार्यक्रममा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारलाई कमजोर बनाई स्थानीय सरकारलाई बढी बोझ दिएर संघीयतालाई नै असफल बनाउने षडयन्त्र भई रहे पनि प्रदेश नं २ को सरकार र यहाँका जनताले त्यस्ता षडयन्त्रलाई सफल हुन नदिने बताए ।

### कम्युनिष्ट आन्दोलन अवसरवादमा रूपान्तरित : वैद्य

नेपालगन्ज । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी) माओवादीका महासचिव मोहन वैद्यले सशस्त्र जनयुद्ध र दोस्रो जनआन्दोलनले आंशिक राजनीति परिवर्तन मात्र भएको बताएका छन् । क्रान्तिकारी पत्रकार महासंघद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले यस्तो कुरा बताएका हुन् । उनले भने, "मुलुकको कम्युनिष्ट आन्दोलन अहिले अवसरवादमा रूपान्तरित भएको छ, संसदीय व्यवस्थासँग सम्झौता भएको छ ।" सच्चा कम्युनिष्टहरूले संसदीय व्यवस्थालाई उपयोग गर्ने हो, स्वीकार गर्ने होइन उनले भने ।

### ब्लडमनीका लागि एक महिनाको तलब दिने

वीरगंज । पाकिस्तानी नागरिकको हत्या अभियोगमा साउदी अरबमा मृत्युदण्डको सजाय पाएका धनुषाका उमेश यादवको जीवन रक्षाका लागि राष्ट्रिय जनता पार्टी नेपालकी प्रदेशसभा सदस्य डा.अन्जु यादवले आफ्नो एक महिनाको तलब दिने घोषणा गरेकी छन् । उमेश यादवको जीवन जोगाउन पाकिस्तानी मृतक परिवारलाई ब्लड मनी दिए साउदी अरबको अदालतले उनको सजाय माफ गर्ने जनाइएको छ । सोही अनुरूप सामाजिक अभियन्ता सरोज रायले पाकिस्तानी पीडित परिवारसँग क्षमापत्र लिन पाकिस्तान पुगेका हुन् । उनले जनाएअनुसार पाकिस्तानी पीडित परिवारले पाकिस्तानी रूपैयाँ ३० लाख ब्लडमनी माग गरेको छ । उमेश यादवको ज्यान जोगाउन ब्लड मनीका लागि सरोज रायले सार्वजनिक रूपमा आह्वान गरेका थिए । सोही अनुरूप राजपाकी सांसद डा. यादवले आफ्नो एक महिनाको तलब बराबरको रकम उमेश यादवको जीवन रक्षाका लागि दिने सामाजिक सञ्जालमार्फत् घोषणा गरेकी छन् । उनले उमेश यादवको जीवन रक्षाका लागि सबैलाई सहयोग गर्न आहवान समेत गरेकी छन् । डा. अन्जुले सबैले मिलेर सहयोग गरे ब्लडमनिको लागि अपुग रहेको रकम छिट्टै संकलन हुने बताउदै यादवको जीवन रक्षाका लागि सानो रकम भए पनि सामाजिक अभियान्ता सरोज राय मार्फत सहयोग गर्ने अनुरोध गरेकी छन् ।

### ऐतिहासिक गौरवका वस्तुहरूलाई पुनरूत्थान गर्न सुझाव

जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले ऐतिहासिक गौरवका वस्तुहरूलाई पुनरूत्थान तथा अन्वेषण गर्न प्रदेश सरकारलाई सुझाव दिएका छन् । भागवत मर्मज्ञ पण्डित अमृतनाथ मिश्रको तेश्रो स्मृति दिवसमा जनकपुरमा आयोजित अमृतभाव प्रवाह पुस्तक लोकार्पण तथा सँस्कृति सँगोष्ठी समारोहमा बौल्दै प्रमुख कायस्थले ऐतिहासिक ऋषिमुनिको पावन भूमिमा ईतिहासमा रहेका गौरवशाली व्यक्तित्वहरूको पुनरूत्थान तथा अन्वेषण गर्न प्रदेश सरकारलाई सुझाव दिएका हुन् । सो कार्यक्रममा पण्डित अमृतनाथ मिश्रद्धारा लिखित अमृतभाव प्रवाह नामक ग्रन्थको प्रदेश प्रमुखले लोकार्पण गरेका छन् । सो ग्रन्थमा भक्तिपद्यप्रवाह, उपदेश प्रवाह, श्रृङार प्रवाह, वीररस प्रवाह जस्ता विषय वस्तुहरू समेटिएका छन् । कार्यक्रममा बरिष्ठ पत्रकार राजेश्वर नेपालीलाई नगद ५ हजार १ सय ११ रूपिँया सहित सम्मान गरिएको थियो । कार्यक्रममा पुस्तकका सम्पादक पं. शशिनाथ झा, साहित्यकार राम भरोस कापडि भ्रमर, बरिष्ठ पत्रकार राजेश्वर नेपाली, चन्द्रेश सहितको उपस्थिति रहेको थियो ।

### कृषि मन्त्री बने अभिभावक

कपिलवस्तु । कृषि मन्त्री चक्रपाणी खनालले चार बालबालिकाको अभिभाकत्व ग्रहण गरेका छन् । उनले बाँणगंगा नगरपालिकाका मोहन थारू, विष्णु परिवार, रियाजुदिन मुसलमान र माायाँदेवी गाउँपालिकाका रामबहादुर बरईको शैक्षिक अभिभाकत्व ग्रहण गरेका हुन् । सरकारले देशैभरी सञ्चालन गरेको राष्ट्रिय भर्ना अभियानलाई सफल बनाउन मन्त्री खनालले अभिभाकत्व लिएका हुन् । मन्त्री खनालले आफू कृषि तथा भूमि व्यवस्था तथा सहकारी मन्त्रीको साथसाथै अभिभावक पनि भएको हुँदा सबै बालबालिका विद्यालयको पहुँचमा हुनु पर्ने बताएका छन् ।

### रौतहटमा अवैध बोर्डिङ्ग स्कूलको बिगबिगी

रौतहट । रौतहटमा अवैध तरिकाले सञ्चालन गरिएका बोडिङ्ग स्कूलहरूको बिगविगी रहेको छ । तल्लो कक्षाको अनुमति लिएर माथिल्लो कक्षा सञ्चालन गर्ने विद्यालय सञ्चालकहरूले विद्यार्थीका अभिभावकसँग मनपरी शुल्क उठाउँदै आएका छन् । बिनाइजाजत धमाधम नयाँ निजी स्कूलहरू सञ्चालन गरिएका छन् रौतहटमा । यसै शैक्षिक सत्रदेखि सञ्चालनमा आएका बोर्डिङ्गहरूले एकैचोटी कक्षा ८ सम्म भर्ना लिएका छन् । कक्षा ७ सञ्चालनका लागि स्थानीय नगरपालिकामा अनुमतिका लागि आवेदन दिएका स्कूल सञ्चालकहरूले आकर्षक विज्ञापन गरेर कक्षा ८ सम्म विद्यार्थी भनाइ लिइरहेका छन् । अनुगमन गर्ने निकाय मौन रहेकोले एकातिर अनुमति भन्दा बढी कक्षा सञ्चालन गर्ने सञ्चालकहरू हौसिएका छन् । नेपाल सरकारको अनुमति नै नलिएर बिनादर्ता खोलिएका नयाँ विद्यालयहरूले अभिभावकलाई झुक्याउँदै भर्ना अभियान चलाएको रहस्य खुलेको छ ।

### दाइजोका कारण महिलाले गुमाइन् ज्यान

वीरगन्ज । थप दाइजोको रूपमा माग गरिएको बुलेट मोटरसाइकल केटी पक्षले नदिएकै कारण वीरगन्ज महानगरपालिका-३१ इस्लामपुर अफरोज आलमकी २१ वर्षीय श्रीमती अन्जुम आराले ज्यान गुमाउनुपरेको छ । यही वैशाख १८ गते बिहान ९ बजे देवरको कोठामा अन्जुमको शव प्रहरीले शंकास्पद अवस्थामा फेला पारेको थियो । अन्जुम देवरको कोठामा गई आफ्नै दुपट्टाले पासो लगाई आत्महत्या गरेको ससुराली पक्षले प्रहरीलाई जानकारी दिएपछि घटनास्थलमा पुगेको प्रहरीले अन्जुमको शव भुइँमा रहेको अवस्थामा फेला पारेको पर्साका प्रहरी नायब उपरीक्षक राजन लिम्बूले जानकारी दिए ।

# प्रदेश २ को नीति तथा कार्यक्रम

## दस्तावेज

माननीय सभामुख महोदय,

१. नेपालको संविधान जारी भई प्रदेश सरकार गठन भएको पहिलो बर्षमा प्रदेश सरकारको आ.व. २०७४र७५ को अन्तिम चौमासिकको नीति तथा कार्यक्रम यस गरिमामय प्रदेश सभामा प्रस्तुत गर्न पाँउदा मलाई गौरवको अनुभुति भएको छ । यो ऐतिहासिक घडीमा प्रदेश नं. २ को यस पावन भूमिमाथि उभिएर म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरू, सशस्त्र संर्घषलाई स्मरण गर्दै विगतमा भएका मधेश आन्दोलनको क्रममा शहीद हुनु भएका सबै प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु एवं शहीदका परिवारजन तथा आन्दोलनका क्रममा अंगभंग भई घाईते हुनुभएका नागरिकहरूका प्रति समेत उच्च सम्मान प्रकट गर्दछु ।

२ नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन ब्यवस्था, वहुलवाद, सामाजिक न्यायसहितको समावेशी समानुपातिक प्रतिनिधिमूलक व्यवस्था, मानव अधिकार, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता ऐतिहासिक उपलब्धीहरू हासिल गरेको छ। संविधानका आधारभूत उपलब्धीहरूको रक्षा गर्न प्रदेश सरकार प्रतिबद्ध छ। संविधानमा मधेशी, आदिवासी जनजाति, पिछडिएको समुदायबाट प्रकट भएका असन्तुष्टीलाई आत्मसात गरी संविधानको स्वामित्वको दायरालाई थप फराकिलो बनाई राष्ट्रिय एकताको सुदृढीकरण गर्न आवश्यक छ ।

३.नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने ब्यवस्था गरेको छ। तीनै तहका सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने कुरा संविधानले स्पष्ट गरेको छ। संविधानले राज्यशक्तिको बाँडफाँडका सम्बन्धमा बिभिन्न अनुसूचीहरूमा गरेको व्यवस्था अन्तर्गत रही यस प्रदेशले आफूलाई प्राप्त अधिकारहरूको अभ्यास गर्नेछ। नेपालमा संघीय सरकारका अलावा सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरू गठन भएका छन् । यस प्रदेशमा जम्मा १३६ वटा स्थानीय तहको गठन भई कार्य प्रारम्भ भइसकेको छ । संघीयताको कार्यान्वयन मार्फत लोकतान्त्रिक व्यवस्था संस्थागत गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहनुका साथै स्थानीय नागरिकहरूले आफ्ना गाँउघरको विकासमा सहभागीता जनाउने अवसर समेत प्राप्त भएको छ ।

४.नेपालका प्रदेशहरूमध्ये भौगोलिक रूपमा सबैभन्दा सानो भए पनि जनसंख्याको हिसावले दोश्रो ठूलो प्रदेशको रूपमा यो प्रदेश रहेको छ । समथर उर्वर भूमि पर्याप्त रहेको, सास्कृतिक बिबिधताले सम्पन्न र भौगोलिकरूपले सुगम तथा अन्तराष्ट्रिय व्यापारका हिसावले सहज हुँदाहुँदै पनि विभिन्न कारणहरूले गर्दा यो प्रदेश आर्थिक सामाजिक रूपले पछाडि पर्न गएको छ ।

५. नेपालको संविधान वमोजिम २०७४ साल मंसिर २१ गते सम्पन्न प्रदेश सभाको निर्वाचन मार्फत २०७४ फाल्गुन ३ गते गठन भएको प्रदेश सरकारबाट जनताले ठूलो आशा र अपेक्षा गरेका छन् । विभिन्न आन्दोलन, निरन्तर संघर्ष र मधेशी युवाहरूको बलिदानीको फलस्वरूप प्राप्त संघीय संरचना र प्रदेश सरकारबाट जनताले वर्षौदेखि पुरा हुन नपाएका आफ्ना आकांक्षाहरू पुरा हुने अपेक्षा गर्नु स्वभाविकै हो । यो सरकार जनताका सबै समस्याहरूबारे जानकार र प्रदेशको समग्र विकासका सन्दर्भमा अत्यन्त संवेदनशील छ। राजनीतिक परिवर्तन पश्चात् गठित यो सरकार जनताका समस्यालाई तत्काल सम्बोधन गर्न आतुर पनि छ। तर प्रदेश सरकारले प्रभावकारी रूपमा कार्य संचालन गरी जनअपेक्षाहरूको सम्वोधन गर्नका लागि आवश्यक पर्ने नीतिगत, कानूनी, संस्थागत एवं व्यवस्थापकीय प्रबन्धहरू भै नसकेकोले तत्काल जनअपेक्षा अनुरूप परिवर्तनको अनुभूति हुने गरी कार्यक्रमहरू संचालन गर्न सकिने अवस्था छैन ।

६. यस आर्थिक वर्षको बाँकी अवधिमा नेपाल सरकारवाट आ.व. २०७४र०७५ को बजेट मार्फत विनियोजित रकमको सीमाभित्र रही आफ्ना क्रियाकलापहरू संचालन गर्नुपर्ने अवस्था छ । यस नीति तथा कार्यक्रममा अभिव्यक्त भएका जनसरोकारका बिषयहरू यस सरकारले आगामी दिनमा श्रोतसाधन र क्षमताले भ्याए सम्म क्रमश: कार्यान्वयन गर्दै लैजाने कुरा यस सम्मानीत सदनमा जानकारी गराउन चाहन्छु ।

७. प्रदेश सरकारले यसअघि केही कानूनहरू बनाई लागू गरिसकेको छ । अझै थुप्रै कानूनहरू खासगरी प्रदेश प्रहरी, प्रदेश लोकसेवा आयोग, प्रदेश निजामती, राजस्व परिचालन, हस्तान्तरण र वाँडफाँड जस्ता विषयहरूमा कानूनहरू निर्माण गर्नुपर्नेछ । सेवा प्रवाहका लागि प्रदेश सरकार अन्तर्गत प्रशासनिक संरचनाहरूको निर्माण गर्ने काम बाँकी नै छ । सघीय सरकार मातहतका क्षेत्रीय तथा जिल्ला स्थित प्रशासनिक निकायहरू र विकास आयोजनाहरू प्रदेश सरकार मातहत आई नसकेको अवस्थाले प्रदेश सरकारले तय गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनमा कठिनाई भैइरहेको छ । प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने सवै कार्यालय तथा विकास आयोजनाहरू प्रदेश सरकार अन्तर्गत आउनु पर्दछ। यो सरकारले यस आ.व.को बाँकी अवधिमा नीतिगत,कानूनी तथा संरचनागत प्रबन्ध गर्दै सरकारी संयन्त्रलाई काम गर्न सक्ने बनाउने कुरालाई उच्च प्राथमिकतामा राखेको छ ।

८. यस प्रदेशको समृद्धि समग्र नेपालको समृद्धिसंग जोडिएको छ । प्रदेश सरकारको यो नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालीन क्षेत्रगत नीतिहरू र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धताहरू तथा प्रदेश सरकारवाट जारी भएको १०० दिने कार्य योजनाहरूको पालना एवं कार्यान्वयन गर्ने दिशामा उन्मुख रहेको कुरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

९. नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण हुनुपर्ने र राजस्व बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने संवैधानिक व्यवस्था छ । विकास मानिसका लागि हो । तसर्थ संवैधानिक व्यवस्थालाई मध्यनजर गर्दै नेपाल सरकारले आगामी दिनमा राजस्व र अनुदानको बाँडफाँड गर्दा यस प्रदेशको जनसंख्याको आकार र मानव विकासको सुचांकलाई आधार मान्नु पर्दछ ।

१०. संविधानमार्फत प्राप्त भएका राजस्व परिचालनका अधिकारको प्रयोग गर्न समेत तत्सम्बन्धी कानूनी व्यवस्थाहरू, प्रशासनिक संरचनाहरू तयार हुने क्रममा रहेकोले प्रदेश सरकारले तत्कालै आन्तरिक श्रोतको परिचालन गर्न सक्ने अवस्था छैन । आर्थिक श्रोतको व्यवस्थापनका सन्दर्भमा केन्द्र सरकारबाट प्राप्त भएको अनुदान रकम नै सरकार संचालनको सम्पूर्ण श्रोत भएकोले जनतासँग गरेका आफ्ना प्रतिवद्धताहरू तत्काल पूरा गर्न श्रोतसाधनको अपर्याप्तता पनि छ । कानूनी तथा प्रशासनिक संरचनाहरू यथाशीघ्र निर्माण गरी आन्तरिक राजस्व परिचालनलाई समेत प्रभावकारी बनाई प्रदेशलाई क्रमश: श्रोतसाधनका हिसावले सम्पन्न बनाउँदै जनसमक्ष गरिएका प्रतिवद्धताहरू पूरा गर्दै लगिने छ ।

११. नेपाल विश्वका अति कम विकसित मुलुकहरूको सूचीमा रहेको छ । कूल ग्राहस्थ उत्पादन आशातित रूपले बृद्धि हुन सकेको छैन भने नेपालीको प्रतिब्यक्ति कूल राष्ट्रिय आय ८६२ अमेरिकी डलर मात्र भएको तथ्याङ्कबाट देखिन्छ। नेपालका प्रदेशहरू मध्ये यो प्रदेशको अवस्था झनै दयनीय छ । अधिकांश नागरिकको जीवन निर्वाहको आधारका रूपमा रहेको कृषि क्षेत्र परम्परागत र गुजारासम्म नहुने अवस्थामा रहेकोले नागरिकको आर्थिक एवं सामाजिक अवस्था कमजोर छ। अपर्याप्त एवं कमजोर भौतिक पूर्वाधार, सडक, सिँचाई, अव्यवस्थित सहरीकरण, फोहरमैलाको उचित व्यवस्थापनको कमी, कमजोर जनचेतना स्तर, भएका श्रोत र सम्पदाहरूको उचित व्यवस्थापन र प्रयोगमा कमजोरी, सामाजिक अन्धविश्वास, महिलामाथि हुने हिंसा र भेदभाव, जातीय छुवाछुत, अप्रभावकारी सार्वजनिक सेवा, सरकारी तहबाट प्रदान गरिने शिक्षा तथा स्वास्थ्य सेवाको कमजोर गुणस्तर, सार्वजनिक खर्चमा अनियमतिता एवं भ्रष्टचारजन्य विकृति आदि यस प्रदेशका प्रमुख समस्याका रूपमा देखिएका छन् भने समय-समयमा हुने बन्द, हडताल, चन्दा संस्कृतिले लगानीकर्तालाई थप निरूत्साहित बनाएको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको माध्यमबाट केही हदसम्म उल्लेखित समस्याहरूको सम्बोधन हुनेगरी सुशासन, जनचेतना, शसक्तिकरण र विकासलाई प्रमुख प्राथमिकतामा राख्दै लगानीमैत्री प्रदेशको रूपमा विकास गरेर लगानीकर्ताहरूलाई प्रोत्साहित गरिने छ ।

१२. यो सरकारले विरासतमा कमजोर अवस्थामा प्रदेशको शासन संचालनको जिम्मा पाएको छ, त्यसलाई समृद्धितर्फ डोहोयाीउने महत्वपूर्ण जिम्मेवारी सरकारको काँधमा आएको छ । प्रदेश सरकारले हालको प्रदेशको अवस्था र भोलिका दिनमा सरकारले हासिल गरेको सबै उपलब्धिहरूलाई स्पष्टढंगले तथ्याङ्कसहित जनसमक्ष प्रस्तुत गर्नु यस सरकारको कर्तव्य हो । यसका लागि प्रदेशको हरेक क्षेत्रको आजको अवस्था तथ्याङ्कीय रूपमा अभिलेख गर्न जरूरी छ । तसर्थ प्रदेशको विद्यमान आर्थिक, सामाजिक, पूर्वाधार विकास, मानव विकासको अवस्थालगायत सम्पूर्ण क्षेत्रको तथ्यपरक चित्र झल्काउने तथ्याङ्कहरूको संकलन, प्रशोधन गरी सार्वजनिककरण गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राखेको छ। यसले आगामी दिनमा सरकारलाई नीति तर्जुमा र कार्यान्वयन गर्ने सन्दर्भमा आधारशीला प्रदान गर्नेछ ।

१३.प्रदेशको वास्तविक समस्याहरूलाई योजनाबद्ध रूपमा सम्बोधन गरी प्रदेशको विकासलाई निश्चित दिशामा अघि बढाउन नेपाल सरकारको नीति र मापदण्डभित्र रही संघको सहयोग र सहकार्यमा यस प्रदेशको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आवधिक योजनाहरू तयार गरिने छ ।त्यस्ता योजनाहरूको आधारमा क्षेत्रगत योजना, नीति र रणनीतिहरू तयार गर्दै लगिनेछ ।

१४. यो प्रदेश श्रमजीवी किसान तथा मजदुरहरूको वाहुल्य भएको प्रदेश हो । पर्याप्त समथर उर्वर भूमी एवम् श्रमशक्ति भएर पनि अनेकौं कारणले यो प्रदेश खाद्यान्नमा आत्मनिर्भर हुन नसक्नु आफैंमा विडम्बनापूर्ण हो । विगतमा नेपाल सरकारबाट अर्वौं रकम खर्च गरेर संचालन गरिएका कृषि क्षेत्रका कार्यक्रमहरू लक्ष्योन्मुख र प्रभावकारी हुन नसक्दा सरकारको लगानीले प्रतिफल दिन सकेन । किसानको समृद्धिविना समग्र प्रदेशको समृद्धि सम्भव छैन । कृषकका हक अधिकार सुनिश्चित गर्दै कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक बनाई यस क्षेत्रमा संलग्न जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न तथा विदेश पलायन भएका युवा जनशक्तिलाई यस क्षेत्रप्रति आकर्षित गर्न धेरै काम गर्नुपर्नेछ । अबका दिनमा प्रदेश सरकारले तराई मधेशका भूमिलाई मरूभूमि हुनबाट जोगाउन चुरे संरक्षण सम्बन्धी नीति ल्याउनेछ । यसका लागि आवश्यक पर्ने अन्तर( प्रदेशीय सहयोगका लागि आवश्यक समन्वय पनि गरिनेछ।

१५. समयसापेक्ष नीतिगत, कानूनी तथा संस्थागत सुधार गरी कृषिलाई आधुनिक, व्यवसायिक र भरपर्दो पेशाको रूपमा विकास गर्न सरकार प्रतिवद्ध छ । जमिनलाई चक्लाबन्दी गरी सामूहिक तथा सहकारी खेतीप्रणालीको अवलम्वन, जग्गाको खण्डीकरण तथा जग्गा बाँझो राख्ने प्रबृत्तिलाई निरूत्साहन, कम ब्याजदरमा कृषि ऋणको सहज उपलब्धता, स्थानीय आवश्यकतानुसार सिंचाई प्रबन्ध, चिस्यान केन्द्र निर्माण, कृषकले खोजेको बेला उन्नत बीउ - बिजन, रसायनिक मल, यन्त्रोपकरण, किटनाषक औषधि तथा प्राविधिक तालिमको सहज उपलब्धता, कृषिजन्य तथा मासुजन्य उत्पादनको भण्डारण र बजार पहुँचलाई सुनिश्चित गरी कृषि क्षेत्रलाई यस प्रदेशको आर्थिक विकासको मुख्य आधारशिलाको रूपमा विकास गरिनेछ।

१६. सुनकोशी कमला डाइभर्सन सिँचाइ आयोजना निर्माण गर्न संघीय सरकारसंग सहकार्य र समन्वय गरिनुका साथै वागमति र नारायणी सिँचाइलाई अझ प्रभावकारी वनाउन संघीय सरकारसंग सहकार्य गरिने छ । साथै, प्रदेशका आठवटै जिल्लामा साना र मझौला सिँचाइ निर्माणका लागि डिपीआरको प्रकृया थालनी गरिने छ ।

१७. सरकारले माछापालन व्यवसायलाई आकर्षक व्यवसायको रूपमा विकास गर्न यस प्रदेशलाई अर्ग्यानिक माछा क्षेत्रको रूपमा विकास गर्न आवश्यक प्रबन्ध गर्नेछ । साथै डेरी उद्योग, टमाटर क्याचेप, तरकारी प्रशोधन, जुस प्रशोधनजस्ता साना उद्योगहरू स्थापना गरिनेछ । यसका लागि वैदेशिक रोजगारमा रहेका युवाहरूलाई स्वदेश मै स्वरोजगार हुन सीप र लगानी गर्न न्यूनतम दरमा ऋण उपलब्ध गराउनको लागि पहल गरिनेछ । सम्भाव्यता र जनचाहनाबमोजिम प्रदेशका विभिन्न क्षेत्रमा कृषि तथा पशुपंक्षी विशेष उत्पादन क्षेत्र तोकिनेछ । कृषिजन्य साना उद्यम र कृषिमा महिलाको सहभागितालाई राज्यले प्रोत्साहन गर्नेछ। समग्र कृषि क्षेत्रका सुधारका लागि संघ तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

१८. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नेपालको घोषित नीति हो। अर्थतन्त्रको संवाहक निजी क्षेत्र नै हो । सरकारको काम निजी क्षेत्रलाई काम गर्न सक्ने वातावरणको निर्माण गर्ने र जनहितलाई सुनिश्चित गर्न सेवा प्रवाह र नियमनकारी कार्य गर्नु हो । पर्याप्त जल, जमिन, जङ्गल, यातायातको सुगमता, अन्तराष्ट्रिय बजार पहुँच तथा श्रम शक्ति आपूर्तिको पर्याप्त सम्भावना रहेकोले औधोगिक विकासका लागि यी अवसरहरूको सदुपयोग गर्दै भरपर्दो भौतिक पूर्वाधारको व्यवस्था, नियमित विद्युत आपूर्ति, शान्ति र सुरक्षा व्यवस्थाको प्रत्याभूति, लगानीमैत्री संस्थागत व्यवस्था, विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्द्धन क्षेत्रको स्थापना र विस्तारबाट लगानीमैत्री वातावरणको निर्माण गरी निजी क्षेत्रको लगानी आकर्षित गर्ने नीति सरकारले अवलम्वन गर्नेछ ।

१९.निजी तथा सहकारी क्षेत्रसँगको समन्वयात्मक प्रयासबाट कृषि र वन पैदावारमा आधारित उद्योग र उद्यमशिलता विकास गर्ने नीति सरकारले अवलम्वन गर्नेछ। प्रदेश उद्योग नीतिको ढाँचा तयार गरिनेछ। परम्परागत शीप र कौशलमा आधारित कुटीर उद्योगलाई सरकारले प्रोत्साहन गर्नेछ । उखु उत्पादक किसान तथा चिनी उद्योग र मजदुर बीचमा सौहाद्रपूर्ण वातावरण निर्माण गरिनेछ। उद्योग क्षेत्रको विकासका लागि संघीय सरकार तथा आवश्यकतानुसार स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

२०. संघ र स्थानीय तहसँगको सहयोग र सहकार्यमा जनतालाई आवश्यक उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति , वितरण, मूल्य तथा गुणस्तर नियन्त्रण र अनुगमनका लागि सरकारी, निजी एवं सामुदायिक संस्थाहरूका बीच प्रभावकारी समन्वय स्थापनाका साथै नीतिगत एवं संरचनागत व्यवस्था गरिनेछ ।

२१. उपभोक्ताको हितलाई ध्यानमा राखी खाधान्न, औषधि, पेट्रोलियम पदार्थजस्ता वस्तुको संकटकालीन मौज्दात कायम गरिनुका साथै यस्ता वस्तुहरूको भण्डारण गर्ने व्यवस्था मिलाईनेछ। खाधान्नको मिसावट गरी विक्री गर्ने, प्रयोग गर्ने मिति समाप्त भएका एवं गुणस्तरहीन वस्तुको व्यापार गर्ने र कृत्रिम अभाव सृजना गरी मूल्य वृद्धि गर्ने उपर कडा कानूनी कारवाही गर्ने प्रवन्ध गरिनेछ ।

२२. बीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखाना,जनकपुर चुरोट कारखानाहरू जस्ता बन्द रूगण उधोगहरूलाई सञ्चालनमा ल्याउने सन्दर्भमा तथा भौतिक संरचनाहरूलाई प्रयोगमा ल्याउने सन्दर्भमा आवश्यक पहल गरिने छ।

२३. काठमाडौ तराई द्रुतमार्ग, हुलाकी राजमार्ग, राष्ट्रपति चुरे संरक्षण आयोजना, पूर्व पश्चीम रेलमार्ग, दोश्रो अन्तराष्ट्रिय विमान स्थल निजगढ जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू तथा जयनगर(वर्दिवास रेलमार्ग, सिमरा विशेष आर्थिक क्षेत्रजस्ता राष्ट्रिय स्तरका आयोजनाहरूको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक पहल गर्नेछ । यी आयोजनाहरूको कार्यान्वयनबाट प्रदेशमा सृजना हुने अवसर र लाभको उपयोग गर्ने क्षमता विकास गरिनेछ ।

२४. सरकारले आर्थिक क्षेत्रलाई बन्द, हडताल, चक्काजाम र अवरोध मुक्त बनाउनेछ । प्रदेश भित्र रहेका स्थानीय कच्चा पदार्थ, श्रोत साधन, श्रम सीप एवं कौशलताको प्रयोग गरी उल्लेख्य मात्रामा रोजगारी सृजना गर्ने उद्योगलाई कानून बनाई विशेष सहुलियत दिने नीति सरकारले लिनेछ । मिथिला चित्रकला जस्ता हाथे उधोगहरूलाई प्रोत्साहन गरिनेछ । गुणात्मक औधोगिक उत्पादनलाई बढावा दिई आन्तरिक र अन्तराष्ट्रिय स्तरमा समेत निर्यात व्यापारको प्रवर्द्धन गरिनेछ साथै वाणिज्य क्षेत्रलाई यस प्रदेशको अर्थतन्त्रको प्रमुख सम्वाहक क्षेत्रको रूपमा विकास गरिनेछ । यसबाट समग्र मुलुकको राजस्व परिचालनमा योगदान पुग्न जाने अपेक्षा गरिएको छ ।

२५. वृहत प्रकृतिका आयोजना निर्माणको कामलाई श्रोत व्यवस्थापन लगायत विना अवरोध अघि बढाउन प्रदेशस्तरीय लगानी बोर्ड स्थापना गरिनेछ । लगानीकर्ताहरूको सम्मेलन यथासिघ्र आयोजना गरिनेछ । साथै, प्रदेश लगानी बोर्डले बिरगंज पथलहीया, जलेश्वर जनकपुर ढलकेबर र रूपनी राजविराज क्षेत्रलाई औधोगिक करिडोरको रूपमा विकास गर्ने नीति तर्जुमा गर्नेछ ।

२६.प्रदेश भित्रका सकेसम्म सबै जिल्लाहरूलाई समेट्ने गरी प्रदेशको आधुनिकता झल्कने खालका विभिन्न क्षेत्रसँग सम्बन्धित नयाँ प्रविधियूक्त नमुना परियोजना सञ्चालन गर्ने सम्बन्धमा अध्ययनको काम शुरू गरिनेछ।

२७. प्रदेशमा शान्ति र व्यवस्था कायम गरी जनताको जीउ, ज्यान र सम्पत्तिको सुरक्षाको प्रत्याभूति दिन आवश्यक पुर्वाधार तयार गरिनेछ । यस कार्यमा संलग्न सुरक्षा निकायहरूलाई समन्वयात्मक रूपमा परिचालन गरिनेछ साथै प्रदेश सरकारले छिट्टै कानून निर्माण गरी प्रदेश प्रहरीको गठन गर्नेछ । बाढी, पहिरो, आगलागी, सुक्खा, शितलहर जस्ता प्राकृतिक प्रकोप पीडितको तत्काल उद्धार, उपचार र राहत व्यवस्थापनका लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध गर्नेछ। यसका लागि विपद् व्यवस्थापन कोषको समेत व्यवस्था गरिनेछ।

२८. यो सरकारले संघीय सरकारबाट तय भएको कानूनसँग तादम्यता राख्दै जनसंख्या व्यवस्थापन, शिशु तथा बालबालिका संरक्षण र प्रजनन स्वास्थ्यका कार्यक्रमहरूमार्फत जनसंख्या र आर्थिक विकासबीच सन्तुलन कायम गरी दिगो विकासका माध्यमबाट जनताको जीवनस्तरमा गुणस्तरीय सुधार ल्याउने छ। गुणस्तरीय स्वास्थ्य उपचारमा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै खासगरी प्रजनन स्वास्थ्य, परिवार नियोजनको साधनको प्रयोग, गर्भवती तथा सुत्केरी महिला एवं नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य सुधारका लागि खोप तथा पोषण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। प्रसूती सेवाको अभावमा कोही दिदीबहिनीको ज्यान जोखिममा नपरोस भन्नका खातिर प्रसूती सेवालाई जनताको घरदैलोमा पुर्याउिन स्थानीय तहमा वर्थिङ्ग सेन्टर स्थापनाको लागि आवश्यक गृह कार्यको थालनी गरिनेछ । यस कार्यमा संघ तथा स्थानीय तहको सहयोग सहकार्यको अपेक्षा सरकारले गरेको छ।

२९. सरकारले प्रदेश भित्रका सरकारी तथा सामुदायिक स्वास्थ्यसंस्थाहरूको व्यवस्थापन सुधार, जनशक्तिको व्यवस्थापन तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ। यस प्रदेशमा आधुनिक सुविधासम्पन्न अस्पताल नभएकोले विरामीहरूलाई स्वास्थ्यसेवा प्राप्त गर्न टाढा वा विदेश नै जानुपर्ने अवस्था छ । सरकारले आगामी आर्थिक वर्षभित्र आपसी सहमतिमा प्रदेशभित्र उपयूक्त स्थानमा अत्याधुनिक अस्पतालको निर्माण शुरू गर्नेछ । सप्तरीको गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल, बीरगंजको नारायणी उपक्षेत्रीय अस्पताल तथा जनकपुरको अंचल अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरिने छ । साथै, जानकी मेडिकल कलेज, धनुषा र नेशनल मेडिकल कलेज बीरगंजको स्तर सुधार गर्न अध्ययन समिति गठन गरिने छ ।

३०. वातावरणीय स्वच्छता कायम गर्न प्रदेश भित्रका पोखरी,जलाधार, वन तथा वन्यजन्तुको संरक्षण र विकास गरी आयआर्जनसँग आवद्ध गरिनेछ । प्रकृति, वातावरण एवं जैविक विविधतामाथि नकरात्मक असर पर्न नदिन आवश्यक नीति तर्जुमा गरी व्यापक वृक्षारोपणका माध्यमले प्रदेशलाई हरित प्रदेश बनाउने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ। समुदायमा आधारित र सहभागितामुलक वन संरक्षण तथा व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गर्ने तथा सार्वजनिक जग्गामा समेत बृक्षारोपण र वन पैदावार उपयोग गर्ने नीति सरकारले लिनेछ।

३१.बढ्दो गर्मी र उत्पादकत्व ह्रास जस्ता जलवायू परिवर्तका प्रत्यक्ष प्रभावबाट अनुकूलन प्राप्त गर्न पोखरी तथा वन संरक्षण, औधोगिक प्रदुषण नियन्त्रण, माटो तथा पानीको संरक्षण, जलवायू अनुकलन खेतीपाती, वन्यजन्तु तथा चराचुरूङ्गीको संरक्षण र जलवायू अनुकूलनका कार्यक्रमहरूका लागि प्रदेशस्तरीय जलवायू अनुकूलन कार्यक्रमहरूको पहिचान गरिनेछ।

३२.प्रदेश भित्र आइपर्ने प्राकृतिक विपत्ति एवं महामारीजन्य कारणबाट जीउज्यान तथा धनमाल गुमाएका पीडितहरूको तत्काल उद्धार र पुनर्स्थापनाका लागि सर्वसाधारणले समेत योगदान गर्न सक्ने मुख्यमन्त्री उद्धार तथा पुनर्स्थापना कोषको व्यवस्था गरिनेछ।

३३. संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै मिथिला, भोजपुरा लगायतका मधेशका साँस्कृतिक पहिचान र धरोहरहरूको संरक्षणकालागि प्रदेश साँस्कृतिक संग्रहालय तथा नमूना साँस्कृतिक गाँउहरू पहिचान गरी तिनीहरूको संरक्षणात्मक कार्यहरू अघि बढाइनेछ । सामा चकेवा, झिझिया, चैतावर, होरी, जटजटिन, अल्हा रूदल, साँझ पराती, सोहर निर्गुन, बारहमासा, नचारी, मैना गोविन, रानी सारंगा सदावृछ, विर्जा भार, झुला, परिक्रमा, पमरीया, दाहा, बाजा, ढोल तमासा लगायतका लोपोन्मुख साँस्कृतिक विषयहरूलाई पर्यटकिय मनोरंजन संग जोडिने छ ।

३४. धार्मिक एवम् पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण, सम्बर्द्धन तथा नियमन गर्दै पर्यटकीय स्थलहरूको उचित व्यवस्थापन गरिनेछ।साथै यस्ता स्थलहरूको स्तरोन्नति तथा जिर्णोद्धार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्ने नीति सरकारले लिनेछ । सिरहाको सलहेश,कमल दह,महादेव मठ, जनकपुरधाम, धनुषाधाम, सप्तरीको क्षिनमस्ता, ठेलिया दह, कंकालनी दिना( भद्री, सर्लाहीको नाढिमन ताल, मूर्तेश्वर महादेब, सतही विहुला, नारायणपुर नाजिर मजार, महोत्तरीको पड़ौलस्थान, जलेश्वरनाथ,सोनामाई र रौजा मजार, बाराको गढीमाई, सिम्रोनगढ, पर्साको ऐतिहासिक गहवा माई मन्दिर पारस नाथ जस्ता ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय स्थलहरूको विकास गरिने छ ।

३५. मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गर्नु भएका शहीदहरूको सम्मानको लागि शहिद स्मृति प्रतिष्ठानको स्थापना गरिने छ । सो प्रतिष्ठानले शहीद पार्क निर्माण, शहीद परिवारको रेखदेख तथा शहीद परिवारको लागि एक परिवार एक रोजगार कार्यक्रम लगायत शहीदहरूको सम्झनामा सामाजिक उत्थानका अन्य कार्यहरूको संचालन एवं नियमन गर्नेछ । विभिन्न राजनितिक आन्दोलनमा घाइते तथा अपांगहरूको समेत रेखदेख तथा सामाजिक सुरक्षा सम्वन्धमा यो प्रतिष्ठानले व्यवस्थापन गर्नेछ ।

३६.प्रदेश सरकारले विज्ञान तथा प्रविधि क्षेत्रको विकास गर्न अनुसन्धान केन्द्रको स्थापनाका लागि संभाव्यता अध्ययन गरी प्राथमिकताका आधारमा अनुसन्धान केन्द्र स्थापना गरिनेछ ।

३७. वित्तीय संस्थाहरू शहर केन्द्रित हुँदा ग्रामीण जनता वित्तीय सेवाबाट विमुख भएका छन्। वित्तीय संस्थाहरूलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी ग्रामीण जनतासम्म वित्तीय सेवाको पहुँच बढाउन सबै स्थानीय तहहरूमा कम्तिमा एउटा सरकारी वैंकको शाखा विस्तार गर्न सरकारले आवश्यक पहल गर्नेछ।

३८.नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान महत्वपूर्ण रहँदै आएको छ। लाखौंको संख्यामा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू न्यून तलवमा ५० डिग्रीको तातो घाममा विदेशी भूमिमा पसिना बगाइरहेका छन् भने अर्कोतर्फ लाखौंको संख्यामा उर्जावान युवा जनशक्ति विदेशिंदा प्रदेशभित्र श्रमशक्तिको अभाव देखिएको छ ।युवालाई सम्मानजनक रोजगारीको अवसर सृजना गर्न सरकार प्रयत्नशील रहने छ। सरकारले रेमिट्यान्सको आयलाई उत्पादनशील क्षेत्रमा लगानि गर्न सक्ने आवश्यक वातावरण तयार गर्ने छ । साथै, वैदेशिक रोजगारीमा गएको परिवारको सामाजिक सुरक्षा, स्वास्थ्य तथा शिक्षामा सहज पहुँचको लागि नीति ल्याइने छ ।

३९. सार्वजनिक निर्माण कार्यहरूलाई उच्चस्तरको गुणस्तर कायम गरी तोकिएको समयमै सम्पन्न गर्ने नीति सरकारले लिनेछ ।यसका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा प्रभावकारी अनुगमन संयन्त्रको स्थापना गरिनेछ ।

४०. शिक्षालाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभुत गरेको परिप्रेक्ष्यमा शिक्षाका सवै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई रोजगारीमूलक, समतामूलक र समावेशी, प्राविधिक तथा व्यवसायिक बनाई आम नागरिकको पहुँचसम्म पुर्याशउन जोडदार प्रयास गरिनेछ । यो प्रदेशको साक्षरता दर वृद्धिका लागि साक्षरता नीति ल्याइने छ । प्रदेशलाई प्राविधिक शिक्षाको केन्द्रको रूपमा विकास गर्न आवश्यक पूर्वाधारको विकास गर्नुका साथै प्राथमिक तह देखि मातृभाषा शिक्षा लागू गर्ने नीति लिइनेछ। साथै, मदरसा शिक्षालाई मुलप्रवाहीकरण गरी औपचारिक तथा व्यवसायिक बनाइनेछ ।

४१. मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान मार्फत समाजमा छोरीलाई पढाउनु पर्छ भन्ने सन्देश प्रवाह गरी छोराछोरी बीचको सामाजिक विभेद अन्त्य गर्दै यस अभियानलाई समग्र समाज रूपान्तरणको रणनीतिको रूपमा अगाडि बढाइनेछ। यस योजना अन्तर्गत नयाँ जन्मिने छोरीहरूको हकमा प्रदेश सरकारले बीमा कम्पनीसँगको साझेदारीमा छोरीहरूको शिक्षा बीमाको नीति ल्याइने छ । साथै, लिंग पहिचान गरी भ्रूणमै छोरी हत्या गर्नेलाई कडा कानूनी कारवाही गर्न कानून बनाइनेछ ।

४२. नागरिकको जीवनसँग जोडिएको आवश्यकता अनुसार स्वच्छ खानेपानीको प्राप्ति संविधान प्रदत्त मौलिक हक हो। तर यस प्रदेशका कैयौं नागरिकहरूले स्वच्छ पिउने पानीको अभाव भोगिरहनु परेको छ । तसर्थ स्वच्छ खानेपानीको आपूर्तिलाई सर्वसुलभ बनाउन स्थानीय तहसँग समन्वय गरी विशेष कार्यक्रम संचालन गरिनेछ ।

४३. शहरी एवं शहरोन्मुख क्षेत्रमा फोहोरमैला व्यवस्थापनको कार्य ठूलो चुनौतिको रूपमा रहेको छ। तसर्थ फोहोरमैला व्यवस्थापनको कार्य प्राथमिकताका साथ अघि बढाउन पूर्वाधार विकास तथा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित गरिनेछ । स्थानीय तहको सहकार्य तथा सामुदायिक संघ, संस्था तथा नागरिकको व्यापक सहभागितामा प्रदेशभरी मुख्यमन्त्री स्वच्छता अभियान सञ्चालन गरिनेछ ।

४४. प्रदेश सरकारले स्थानीय तहलाई स्थानीय स्तरका तथ्याङ्क र अभिलेख संकलन र व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, पशु विकास, महिला विकास, पिछडिएका वर्गको उत्थान लगायतका क्षेत्रमा कार्य गर्न श्रोतगत र अन्य तवरबाट सहयोग गर्नेछ ।

४५. महिलाको उन्नतिबिना समाजको उन्नति संभव छैन। सरकार महिलाको सर्वाङ्गीण विकास गर्दै राष्ट्रिय जीवनका हरेक क्षेत्रमा समान हिस्सेदारी र सहभागिता चाहन्छ। कानूनी प्रबन्ध, सामाजिक जागरण, सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रमका माध्यमबाट महिलालाई सम्मान र गर्वका साथ समाजमा स्थापित गराउन यो सरकार दत्तचित्त भएर लाग्ने छ। आजसम्म पनि महिला हिंसा, दहेज प्रथा, वालविवाह, वोक्सी प्रथा, छुवाछुत प्रथाले समाजलाई गाँजेको छ। यस्ता कुरा असभ्य र पछौटे समाजका प्रतिक हुन । तसर्थ, सरकारले यस्ता कुप्रथाहरू तथा महिला उपर हुने हिंसा रोक्न कडा कानूनी व्यवस्था गर्नुका साथै लक्षित कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गर्ने छ। सरकारले यस क्षेत्रमा भएका कार्यक्रमहरूको नजिकबाट निगरानी गर्न महिला सुरक्षा डेस्क खडा गर्नेछ ।

४६. प्रदेश भित्र पनि आर्थिक र सामाजिकरूपमा अत्यन्त पछाडि परेका डोम, चमार, दुसाध, मुसहर, हलखोर जस्ता जातिको उन्नयनका लागि यो सरकार संवेदनशील छ। पछाडि परेका ती समुदायका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने र विद्यालयमा उनीहरूको उपस्थिति कायम राख्नका लागि सरकारले ती समुदाय भित्रका विपन्न तथा निम्न आय भएका परिवारलाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनेछ । यसका लागि केन्द्र सरकारबाट पनि पर्याप्त श्रोत सहितको सहयोगको माग गरिनुका साथै स्थानीय तहसँग समेत समन्वय गरिनेछ ।

४७. प्रदेशको सामाजिक आर्थिक कृयाकलापलाई गतिशील बनाउन सर्वसाधारणलाई पुर्यागउनुपर्ने सेवामा प्रभावकारिता अभिबृद्धि गर्न तथा प्रदेशभित्र तथा बाहिर आवतजावतलाई सजिलो बनाउन प्रदेशस्तरीय सडक सञ्जालको विकास र सुदृढीकरणको प्रारूप तयार गरिनेछ। यसबाट संघ र प्रदेशबीच , प्रदेश(प्रदेशबीच , प्रदेश र स्थानीयतहबीच तथा छिमेकी मुलुकहरूसँगको व्यापारिक सम्बन्ध विस्तारलाई मदत पुग्ने अपेक्षा सरकारले गरेको छ ।

४८. प्रदेश सरकार मातहत रहेका प्रशासनिक संयन्त्रमा रही राष्ट्रसेवा गर्न केही संघीय राष्ट्रसेवक कर्मचारीहरू आइसक्नु भएको र केही आउने क्रममा हुनुहुन्छ । नेपाल सरकारबाट प्रदेश अन्तर्गत संगठन निर्माण र कर्मचारी समायोजनको कार्य भइरहेको छ । यस प्रदेशको विकास र जनतामा सेवा प्रवाह गर्नका लागि खटिनु भएका यस्ता राष्ट्रसेवक कर्मचारीहरूको वृत्ति विकास र मनोवललाई उँचो बनाउने नीति नियम सरकारले तर्जुमा गर्नेछ। साथै, प्रदेश सरकारले तिव्रताका साथ प्रदेश लोकसेवा आयोग सम्बन्धी कानून निर्माण गरी प्रदेश निजामति लगायत अन्य प्रदेश सरकारी सेवाको गठन गरी कर्मचारीहरूको उचित व्यवस्थापन गर्नेछ ।

४९. सरकारले प्रदान गरेका सेवा सुविधाहरू प्राप्त गर्दा नागरिकले भोग्नु परेका ढिलासुस्ती, लापरवाही, अनियमितता एवं भ्रष्टाचारजन्य विकृतिहरूको अन्त्य गरी सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमूक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै सार्वजनिक सेवामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ। निजी क्षेत्रलाई मर्यादित रूपमा उद्योग व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गरिनेछ। सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिने छ । भ्रष्टाचारका सन्दर्भमा सरकारले शुन्य सहनशीलताको नीति अख्तियार गर्नेछ। सार्वजनिक खरिद तथा सेवा प्रवाहमा हुने अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न प्रदेश मुख्यमन्त्रीको मातहत एक संयन्त्रको स्थापना गरिनेछ ।

५०. प्रदेश प्रहरी लाई दक्ष वनाउनका लागि प्रदेश प्रहरी तालिम केन्द्र स्थापना गर्ने नीति सरकारले लिएको छ । साथै, प्रदेश प्रहरी हेडक्वाटर समेत स्थापना गरिने छ ।

५१. आयुर्वेद चिकित्सालाई प्रर्बधन गर्न प्रदेश आयुर्वेद संस्थानको स्थापनाका लागि संभाव्यता अध्ययन गरिने छ ।

५२. प्रदेशलाई वैकल्पीक उर्जाको केन्द्रको रूपमा विकास गर्न वैकल्पीक उर्जा केन्द्रको सहकार्यमा सौर्य उर्जा जडानलाई प्रोत्साहित गर्ने नीती सरकारले लिएको छ ।

५३. प्रत्येक जिल्लामा दलित छात्रछात्राको लागि छात्रावासको स्थापनाका लागि नीति वनाइने छ ।

५४. चौथो अंगको रूपमा रहेको संचार क्षेत्र विकास र संस्थागत गर्न प्रदेश संचार सम्बन्धि नीति लाइने छ । संचारकर्मीहरूको दक्षता अभिवृद्धि र संस्थागत विकासका लागि ठोस कार्यक्रमहरू ल्याइने छ ।

५५. अर्ग्यानिक कृषिलाई आकर्षक क्षेत्रको रूपमा विकास गरी बढदो युवाको विदेश पलायनलाई निरूत्साहित गरिने छ ।

५६. मधेश आन्दोलनको भावना र यस प्रदेशको संस्कृतिको सम्मान र सामाजिक सम्मिलनमा योगदानपुग्ने गरी वृहत्त राजनितिक सहमतिको आधारमा संविधान वमोजिम यथाशीघ्र प्रदेशको नामाकरण सम्बन्धमा प्रदेश सभामा बृहत छलफल गरिनेछ ।

५७. २०६३ माघ ५ गते भएको पहिलो ऐतिहासिक मधेश आन्दोलनको दिनलाई सम्झना स्वरूप प्रदेशभरी मधेश आन्दोलन दिवसको रूपमा मनाउने नीति सरकारले लिएको छ ।

५८. प्रदेश नं. २ ले बहुभाषिक नीतिलाई संस्थागत गर्न संविधानको भावनालाई मद्देद नजर राख्दै भाषा सम्बन्धमा कानून तर्जुमा गरिनेछ ।

५९. राजधानीको सम्पूर्ण संरचनालाई व्यवस्थित र सम्मुन्नत गर्न र आगामी आर्थिक बर्ष देखि युद्धस्तरमा निर्माण कार्यको थालनी गर्नु पर्ने हुँदा संविधान र कानूनले तोकेको प्रकृया वमोजिम वृहत राजनितिक सहमतिको आधारमा प्रदेशको स्थायी राजधानीको सम्बन्धमा निर्णय लिनेछ ।

६०. अन्त्यमा, पुन: विभिन्न आन्दोलनमा शहादत दिएका शहीद तथा घाइतेहरूको योगदानलाई स्मरण गर्नुका साथै संघियताका लागी संघर्ष गरेका सबै अग्रज राजनैतिक योद्धाहरूलाई सम्झदै संविधानको कार्यान्वयनका लागि महत्वपूर्ण भूमीका निर्वाह गर्ने राजनैतिक दल तथा तिनका कार्यकर्ताहरू, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत, सामाजिक संघसंस्था तथा सम्पूर्ण प्रदेशवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

मिति : २०७४।१२।२८

*(प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थद्वारा प्रस्तुत आ.व. २०७४/७५ को प्रदेश सरकारको नीति तथा कार्यक्रम)*

# लाल आयोगको प्रतिवेदन सार्वजनिक गराउन मुख्यमन्त्रीलाई ज्ञापन

मानननीय मुख्यमन्त्रि श्री शेरधन राईज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
प्रदेश नं-१, विराटनगर
विषय: मधेश आन्दोलनमा भएका ज्यादती उपर छानविन गर्न गठित उच्च स्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न पहल गरि सो को कार्यान्वयन सम्बन्धमा ।

महोदय,

नेपालको प्रदेश नं. १ को प्रथम मुख्यमन्त्रीको पदभार ग्रहण गरि सुशासन, मानव अधिकार तथा नागरिक सुरक्षाप्रति जनाएको प्रतिवद्धताका लागि यहाँलाई हार्दिक बधाई दिँदै यहाँको सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौ ।

नेपालको तराई/मधेश तथा थरूहट क्षेत्रमा संविधान निर्माण हुने क्रममा तथा संविधान जारी भइसकेपश्चात पनि त्यसका प्रकृया तथा समाविष्ट विषयवस्तुप्रति असहमति जनाउदै विभिन्न प्रकारका आन्दोलनहरू भएका थिए र त्यस क्रममा थुप्रै जनधनको क्षति भएको थियो । ५० जनाभन्दा बढी व्यक्तिहरूले शहादत प्राप्त गरेका थिए भने असंख्य व्यक्तिहरूलाई घाउचोट लागी अंगभंग भएको थियो । यसै आन्दोलनहरूको क्रममा भएको हत्या, हिंसा, आगजनी तथा तोडफोड लगायतका घटनाहरूको सम्बन्धमा छानविन गरि सरकारलाई सत्य तथ्य सहितको प्रतिवेदन प्रस्तुत गर्न सर्वोच्च अदालतका पूर्ववरिष्ठ न्यायाधीश माननीय गिरीश चन्द्र लालको अध्यक्षतामा एक तराई मधेश थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानविन सम्बन्धि उच्च स्तरीय आयोगको गठन नेपाल सरकारले गरेको कुरा यहाँलाई ज्ञात नै छ । सो आयोगले विभिन्न घटनाहरूको छानविन गर्ने आफ्नो कार्य सम्पन्न गरि एउटा प्रतिवेदन नेपाल सरकारलाई मिति २०७४।८।२८ गते बुझाइसकेको छ ।



*लाल आयोगको प्रतिवेदन सार्वजनिक गराउनका लागि पहल गर्न प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई ज्ञापनपत्र बुझाउँदै युवा अधिकारकर्मीहरू ।*

> प्रतिवेदनलाई सार्वजनिक गर्नमा सरकारले गरेको ढिलाईबाट हामी दु:खी भएका छौं । मधेश आन्दोलनको क्रममा प्रदेश नं.-१ मा तीन जना व्यक्तिहरूले सरकारी सुरक्षा फौजको गोली लागी शहादत प्राप्त गरेको र थुप्रै व्यक्तिहरू घाइते तथा अंगभंग भएको तथ्य हामी यसै पत्रमार्फत पुन: स्मरण गराउन चाहन्छौं ।

यो प्रतिवेदन सरकारलाई बुझाइसकेको तीन महिनाभन्दा बढी भइसक्दा पनि सो प्रतिवेदन हालसम्म सार्वजनिक नहुँदा हामी प्रदेश नं.-१ का जनताहरू तथा पीडित परिवारले सो प्रतिवेदनमा भएको तथ्यहरूको बारेमा जानकारी पाउनबाट वंचित भइराखेका छौं । प्रतिवेदनलाई सार्वजनिक गर्नमा सरकारले गरेको ढिलाईबाट हामी दु:खी भएका छौं । मधेश आन्दोलनको क्रममा प्रदेश नं.-१ मा तीन जना व्यक्तिहरूले सरकारी सुरक्षा फौजको गोली लागी शहादत प्राप्त गरेको र थुप्रै व्यक्तिहरू घाइते तथा अंगभंग भएको तथ्य हामी यसै पत्रमार्फत पुन: स्मरण गराउन चाहन्छौं । उपरोक्त उच्च स्तरीय छानविन आयोगले छानविनको प्रदेश नं. २ का विभिन्न जिल्लाका विभिन्न घटनाहरूको बारे पनि छानविन गर्ने क्रममा यहाँका पीडित पक्ष, नागरिक समाज तथा अन्य सरोकारवालाहरूसंग पनि परामर्श गरेको थियो । तसर्थ सो छानविन आयोगको प्रतिवेदनले यस प्रदेशभित्रका ३ वटा जिल्लाहरूमा भएका घटनाहरूको सम्बन्धमा के कस्तो सत्य तथ्य सरकारलाई प्रस्तुत गरेको छ, साथै यहाँका पीडितहरूलाई न्याय प्राप्तिका लागि के कस्तो उपायहरू सुझाएको छ सो को जानकारी प्राप्त गर्नु हाम्रो नैसर्गिक तथा संवैधानिक हक हो । नेपाल सरकारले नै घटनाहरूको छानविन गर्न उच्च स्तरीय छानविन आयोग गठन गरेको हुनाले नेपाल सरकारले यसको सत्य तथ्य बारे आम जनतालाई जानकारी दिई मानव अधिकारप्रतिको आफ्नो जवाफदेहिता पारदर्शी ढंगले प्रस्तुत गर्नुपर्नेमा सो नगरी हालसम्म प्रतिवेदन समेत सार्वजनिक नगरेकोले यस प्रदेशको मुख्यमन्त्रीको नाताले सो प्रतिवेदन सार्वजनिक गर्न पहल गरिदिन मधेश आन्दोलनका पीडितहरूलाई उचित क्षतिपूर्ति तथा न्याय प्राप्त गर्न सहयोग गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं । यसका साथै मधेश आन्दोलनका क्रममा अंगभंग घाइते भई अशक्त हुन पुगेको तपसिल वमोजिमका पीडितहरूको लागि उचित राहत तथा क्षतिपूर्तिको व्यवस्था गरियोस् भनी हामी जोडदार माग गर्दछौं ।

मिति : २०७५।१।१४ गते
तपसिल
रणधीर चौधरी

## नेपाल विश्वकै आकर्षक पर्यटकीय गन्तव्य : पूर्वभारतीय राजदूतहरू

काठमाडौं । नेपालका प्राकृतिक सुन्दरताका अनुपम छटाहरूले नेपालका लागि पूर्वभारतीय राजदूतहरूलाई असाध्यै मोहित पारेको छ । डोल्पा र से फोक्सुण्डोको पदयात्रा सकेर फर्किएका पूर्वभारतीय राजदूत रणजित राय, श्यामशरण र देव मुखर्जीले एकै स्वरमा नेपालको जस्तो सुन्दरता विश्वमा कहीँ पनि देख्न नपाएको बताए । प्राकृतिक तथा धार्मिक सौन्दर्यताको दृश्यावलोकन गर्न डोल्पा र फोक्सुण्डो पुगेका राजदूतत्रयले त्यहाँको भौगोलिक विकटता, जैविक विविधता र धार्मिक महत्वका पर्यटकीय सम्भावना बोकेको डोल्पामा प्राकृतिक सम्पदाको स्वादपान गर्दाको आकर्षण अनुभूति सुनाए । दुई साता लामो पदयात्रा सकेर आज स्वदेश फर्कने क्रममा सञ्चारकर्मीसँग पदयात्राबारे जानकारी दिँदै उनीहरूले प्राकृतिक सुन्दरता, भौगोलिक विविधतायुक्त नेपालको शब्दमा बयान गर्न नसकिने बताए । डोल्पा र फोक्सुण्डो तालको रमणीय दृष्यले मोहित बनाएको र यस्तो मनोरम दृश्य विश्वमा कहीँ पनि नपाइएको उल्लेख गर्दै उनीहरूले नेपाल विश्वकै आकर्षक पर्यटकीय गन्तव्य भएको धारणा व्यक्त गरे । साहसिक पदयात्राको अवधिमा निकै कठिनाइ भए पनि यात्राका क्रममा देखिएका र ती अनुपम दृश्यसँग साक्षत भेटगर्न पाउँदा असाध्यै आनन्दको अनुभूति भएको पूर्वराजदूत रायले बताए । डोल्पा प्राकृतिक सम्पदा र सामरिक महत्वले महत्वपूर्ण र प्रशस्त सम्भावना बोकेर पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको उनको भनाइ थियो ।

## मोदीको भ्रमणबाट फाइदा लिन नेपालले राम्रो गृहकार्य गर्नुपर्छ : पूर्वराजदूत आचार्य



काठमाडौं । चीनका लागि पूर्व राजदुत एवम् परराष्ट्रविद् राजेश्वर आचार्यले वर्तमान सरकारले समृद्धि र सुशासन हासिल गर्नेगरि काम गरिरहेको बताएका छन् । राजधानीमा भएको साक्षात्कारमा बोल्दै उनले नेपाल सार्वभौम राष्ट्र भएकोले सोही अनुसार देशको आर्थिक योजना हुनुपर्ने सुझाव दिए । सन् २००१ चिनियाँ प्रधानमन्त्री नेपाल आउँदा नेपाललाई दश लाख डलर दिन्छौं भनेर लिष्ट माग्दा नेपालले लिष्ट दिन नसकेको दयनीय अवस्था स्मरण गर्दै आचार्यले भने,'उनीहरूले हामीलाई सहयोग गर्न तयार छ, तर लिष्ट माग्दा हामीले दिन सकेनौं, त्यसैले हामीले हाम्रा प्राथमिकताहरू पनि निर्धारण गर्नुपर्छ ।' प्रधानमन्त्री केपी शर्मा ओलीले सफल भारत भ्रमण गरेको उल्लेख गर्दै उनले भने,'प्रधानमन्त्री ओलीजीले सफल भारत भ्रमण गर्नुभयो, अब १०/१२ दिनभित्रै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमण आउँदैहुनुहुन्छ, फाईदा लिनको लागि नेपालले राम्रो होमवर्क गर्नुपर्छ ।' नेपालका छिमेकीहरूसँग रहेका द्विपक्षीय तित्तताहरू हटाउँदै जानुपर्ने आचार्यको भनाई छ । नेपालको विकासमा खास अर्थ र विशेष महत्व राख्ने चीन र भारतजस्ता देशहरूमा नेपालले ए-वन डिप्लोम्याट पठाउनुपर्ने आचार्यले सुझाए ।

## जलमार्गका विषयमा छलफल

काठमाडौं । समुद्रसँग जोड्ने विषयमा दुई देशका अधिकारीबीच पहिलोपटक औपचारिक छलफल भएको छ । भारत भ्रमणको समयमा प्रधानमन्त्री केपी ओली र भारतीय समकक्षी नरेन्द्र मोदी यस विषयमा सहमति भएको थियो । काठमाडौं बिहिबार सुरू भएको नेपाल-भारत अन्तसरकारी समितीको बैठकमा नेपालका तीन ठूला नदी कोशी, गण्डकी र कर्णालीबाट भारत भएर समुन्द्रसम्म पुग्ने विषयमा छलफल भएको हो । बैठकमा नेपालले जलमार्गबाट गर्नसक्ने व्यपारको सम्भावनालाई मुख्य मुद्दा बनाइएको छ । वाणिज्य मन्त्रालयका सहसचिव रवि शंकर सैँजुले जलमार्गका विषयमा छलफलको एजेन्डा रहेको बताए । उनले भने - यो विषयमा बिहिबार छलफल भएको छ । शुक्रबार हुने छलफलपछि मात्र कसरी अगाडि बढ्ने भन्ने विषयमा निष्कर्ष पुग्न सकिन्छ ।

## पञ्चेश्वरको डिपिआर टुंगो लगाइने

काठमाडौं । बहुचर्चित पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर)बारे असहमतिका विषय टुंगो लगाउन नेपाल र भारतका विज्ञ समूहबीच एक महिनाभित्र बैठक बस्ने भएको छ । काठमाडौंमा बसेको दुई देशका ऊर्जा सचिवस्तरीय (कार्यकारिणी परिषद्) बैठकले डिपिआर पुनरावलोकन र असहमतिका बुँदा समाधान गर्न गठित विज्ञ समूह (टिम अफ एक्स्पर्ट)को बैठक महिना दिन भित्र राख्ने निर्णय गरेको हो । मुख्यगरी पानी र मुनाफा बाँडफाँडलगायतका विषयमा दुई देशबीच टुंगो लाग्न नसक्दा डिपिआरले अन्तिम रूप पाएको छैन । विज्ञ टोलीमा अहिले नेपालका १८ जना र भारतका ११ जना विज्ञ रहेका छन् । बैठकले विज्ञ संख्यालाई पनि दुवै देशका १५-१५ जना बनाउने निर्णय गरेको छ । विज्ञ टोलीको बैठक पालोअनुसार नेपालमा हुने सम्भावना रहेको छ ।




## संक्षिप्त समाचार

### गाउँ-गाउँमा प्रभु बैंक सञ्चालन

कपिलवस्तु । प्रभु बैंकले कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिकामा १ र सिरहाको बरियारपट्टी गाउँपालिकामा १ गरी २ वटा शाखा कार्यालय आइतबारदेखि सञ्चालनमा ल्याएको छ । सिरहाको बरियारपट्टी गाउँपालिका वडा नं. ३ स्थित बैंकको बरियारपट्टी शाखा बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतोबाट एक समारोहकाबीच उद्घाटन भएको हो । त्यसैगरी, कपिलवस्तु जिल्ला विजयनगर गाउँपालिका वडा नं.६ स्थित विजयनगर शाखा बिजयनगर गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापा मगरबाट उद्घाटन भएको हो ।

### सबल नेपालको वार्षिकोत्सव वृद्धाश्रममा

बुटवल । सबल नेपाल मिडिया प्रालीद्धारा प्रकाशित सबल नेपाल साप्ताहिकले आफ्नो छैठौं वार्षिकउत्सव मनाएको छ । पत्रिकाले भैरहवाको शान्तिनगरस्थित श्री सत्य साई सेवा वृद्धाश्रममा रहनुभएका करिब १८ जना बुवा आमालाई खाजा खुवाई खाद्यान्न सहयोग गरी वार्षिकउत्सव मनाएको हो । सहयोग हस्तानतरण कार्यकमका प्रमुख अतिथी श्री सत्य साई सेवा वृद्धाश्रमका अध्यक्ष माया खरेलले पत्रिकाको वार्षिकउत्सवको शुभकामना दिंदै आश्रममा गरेको सहयोगको प्रशंसा गरिन् । साथै उनले आगामी दिनमा यस्ता कार्यमा लागिरहने प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गरिन् । २०६८ सालबाट मासिक अंक शुरू गरेको पत्रिकाले दोस्रो वर्ष प्रवेशसँगै साप्ताहिक अंक प्रकाशन गरी हालसम्म निरन्तर प्रकाशन हुंदै आएको छ ।

### मानवअधिकार मैत्री वडा घोषित

कलैया । बारा पचरौता नगरपालिका- ८ लाई मानवअधिकार मैत्री वडा घोषित गरिएको छ । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघद्वारा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धरले उक्त वडालाई मानवअधिकार मैत्री वडा घोषित गरेका छन् । सो अवसरमा प्रजिअ मानन्धरले जातीय भेदभावलाई कानूनले निषेध गरेको उल्लेख गर्दै मानवअधिकारका बारेमा जानकारी गराउन मानवअधिकार मैत्री वडाले सहयोग पुऱ्याउने बताए ।

### माइक्रोबस दुर्घटनामा दुईको मृत्यु

विराटनगर । सुन्दरहरैचा-७ ठडिया चोकमा माइक्रोबस दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ । झापाको भद्रपुरबाट काठमाडौंतिर आउँदै गरेको बा४ख ६९१९ नम्बरको माइक्रोबस सोमबार बिहान दुर्घटना भएको थियो । तीव्र गतिमा रहेको माइक्रोबस अनियन्त्रित भई ठडियाचोक नजिक रहेको सडक किनारको रूखमा ठक्कर लाग्दा सोही माइक्रो बसमा यात्रारत झापा भद्रपुर-१५ की ५१ वर्षीया उमा निरौला र सोही ठाउँकी ५२ वर्षीया श्याम कार्कीको उपचारका लागि विराटनगरतर्फ लैजाँदै गर्दा बाटोमा नै मृत्यु प्रहरीले बताएको छ ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-३ बोराडाँडी स्थित राजमार्गमा से.३प ३६३५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुदाँ चालक सोही उपमहानगरपालिका-४ उत्तरबेहडी बस्ने २७ बर्षीय अशोक पाण्डेको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकल पछाडी सवार ३५ बर्षीय किशन चौधरी समेत सामान्य घाइते भएकोले उपचारको लागि सेती अंचल अस्पतालमा लगिएको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जुवातास खेल्नेहरू सात जना पक्राउ

बाँके । जुवातास खेलिरहेका सात जनालाई प्रहरीले नगदसहित पक्राउ गरेको छ । जानकी गाउँपालिका(३ बस्ने उज्जल गिरीको घरमा जुवातास खेलिरहेको अवस्थामा बैजनाथ गाउँपालिका(४ बस्ने नारायणदेव गिरी लगायत ७ जनालाई नगद ३ लाख ७३ हजार ५ सय ५० रूपैयाँ र तास सहित सोमबार प्रहरीले पक्राउ गरेको छ ।

### चटचाङ लागेर एकको मृत्यु

विराटनगर । सुनसरी र मोरङमा शनिबार दिउँसो वर्षासँगै चटयाङ परेपछि एकजनाको मृत्यु भएको छ भने चारजना घाइते भएका छन् । सुनसरीको दुहवी-११ का १८ वर्षीय रोशनकुमार ऋषिदेव आफ्ना साथीसँग पिपलको रूखमुनि बसिरहेको समयमा चटयाङ परेपछि उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । उनका साथी २५ वर्षीय मिठू मण्डल गम्भीर घाइते भएका छन् । उनको नोवेल अस्पतालमा उपचार भइरहेको छ । यस्तै, विराटनगर-१४ को जतुवाकी रूक्मिणि यादव, उनकी छोरी १६ वर्षीया भुकली र छिमेकी २६ वर्षीया भुल्टेन यादव चटयाङबाट घाइते भएका छन् । उनीहरूको कोशी अञ्चल अस्पतालमा उपचार भइरहेको छ ।

### क्लिनिकमा आगलागी हुँदा लाखौंको क्षति

बाँके । नेपालगन्ज उपमहानगरपालिका वडा नं २ स्थित धम्बोझीचोक नजिक स्वास्थ्यकर्मी जीवन शर्माको स्वास्थ्य क्लिनिकमा आगलागी हुँदा लाखौंको क्षति भएको छ । विद्युत् तार सर्ट भएर आगलागी भएको प्रहरीले जनाएको छ । आगलागीले मेडिकल पसलमा रहेका सम्पूर्ण औषधि, फर्निचरलगायतका सामग्री जलेर नष्ट भएको छ ।

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# मोदी र सीबीच वार्ता : सीमामा तनाव कम गर्ने सहमति



भारत र चीनले दुई देशको सीमामा तनाव कम गर्ने विषयमा सहमति गरेका छन् । विश्वमा सबैभन्दा धेरै जनसंख्या भएका दुई राष्ट्र भारत र चीनले हिमाली क्षेत्रमा रहेका सीमामा आफ्ना सेनाबीच हुने तनाव कम गर्न सञ्चारलाई थप मजबुत बनाउने विषयमा सहमति गरेका हुन् । गत वर्ष दुईदेशबीच महिनौं लामो दोक्लाम विवाद भएको थियो ।

चीनको मध्य भागमा रहेको वुहान सहरमा आयोजना भएको अनौपचारिक शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच शुक्रबार र शनिबार भेटवार्ता भएको थियो । एसियाकै पहिलो र तेस्रो अर्थतन्त्र भएका मुलकको स्थायीत्वले एसियाली क्षेत्रको समृद्धिलाई विकास गर्नका लागि झनै नजिकबाट मिलेर काम गर्ने विषयमा पनि दुवै नेताले सहमति गरेका छन्, सी र मोदीबीच भएको प्रत्यक्ष वार्तापछि भारतीय विदेश सचिव विजय गोखालेले दिएको अभिव्यक्तिलाई उदृत गर्दै फ्रान्सेली समाचार एजेन्सी एएफपीले जनाएको छ ।

'राष्ट्रपति सीले भारतीय प्रधानमन्त्री मोदीलाई चीन-भारत सम्बन्धको स्थायीत्व र विकासको आधार आपसी विश्वास भएको बताए', चिनियाँ समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।

दुवै पक्षको महत्वपूर्ण सरोकारको विषयमा लगातारको छलफल गर्नुपर्ने बताउँदै राष्ट्रपति सीले दुई देशको रणनीति सञ्चारमा जोड दिएको सिन्ह्वाले जनाएको छ । 'स्थायी, विकसित र समृद्ध २१ औं शताब्दीको एसिया निर्माणका लागि दुवै पक्षले मिलेर काम गर्नुपर्छ', सीलाई उदृत गर्दै सिन्ह्वाले जनाएको छ ।

शनिबार समापन भएको सी र मोदीबीचको अनौपचारीक शिखर वार्तालाई दुई देशको सम्बन्ध सुधारमा महत्वपूर्ण कदमका रूपमा लिईएको छ । सी र मोदीबीच शुक्रबार र शनिबार भएको शिखर वार्ता अघि भारतीय विदेशमन्त्री सुष्मा स्वराज र भारतीय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले चीनको भ्रमण गरेर दुई देशबीचको कूटनीतिक सम्बन्ध सुधारमा प्रयास गरेका थिए । 'दुई देशबीच सुध्रिएको सम्बन्धले विश्वव्यापी अनिश्चितताका बाबजुत पनि समग्र क्षेत्रमा स्थायीत्व प्रदान गर्न सहयोग पुग्ने छ', भारतीय विदेश मन्त्रालयका उच्च अधिकारी गोखालेलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

अनौपचारीक शिखर वार्तामा चिनियाँ राष्ट्रपति सी र भारतीय प्रधानमन्त्री मोदी दुवैले दुई देशबीच विद्यमान कूटनीतिक संयन्त्रलाई थप मजबुत गर्ने र सीमामा शान्ति निश्चित गर्न दुई देशका सैन्य अधिकारीबीच सञ्चार लाइन विकास गर्नेबारे सहमति भएको गोखलेले बताए । 'भारत र चीन दुवैले अफगानिस्तानमा संयुक्त आयोजना सञ्चालन गर्नेबारे पनि सहमति गरेका छन्', भारतीय समाचार एजेन्सी प्रेस ट्रस्ट अफ इन्डियाले उल्लेख गरेको छ । 'दुई देशबीचको राम्रो सम्बन्धले एसियाली क्षेत्रको आर्थिक विकासमा टेवा पुग्ने विषयमा पनि सी र मोदी सहमत भएका छन्', भारतीय विदेश सचिव गोखलेले चिनियाँ सहर वुहानमा पत्रकारहरूलाई बताए ।

'विश्वको करिब ४० प्रतिशत जनसंख्या भएका दुई देशबीच पछिल्लो समय विकास भएको द्विपक्षीय सम्बन्ध एसियाली क्षेत्रको विकास र समृद्धिका लागि कोशेढुंगाा हुनेछ', गोखलेले बताए । दोक्लाम विषयमा दुई देशबीच तनाव भइरहेकै बेला चिनियाँ राष्ट्रपति सी र भारतीय प्रधानमन्त्री मोदीबीच जर्मनीको ह्यामबर्गमा आयोजना भएको 'जी-ट्वान्टी' सम्मेलन र चीनको दक्षिणी तटीय सहर सियामेनमा आयोजना भएको 'ब्रिक्स' राष्ट्रको शिखर सम्मेलनका क्रममा भेट भएको थियो । सी र मोदीबीच यसै वर्षको जुन महिनामा चीनकै किङदाओमा आयोजना हुने संघाई कोपरेसन अर्गनाइजेसनको बैठकका क्रममा पनि भेटवार्ता हुने कार्यक्रम तय भएको बताइएको छ । -नागरिक दैनक

## पत्रपत्रिकाबाट...

### अरूण तेस्रोको प्रधानमन्त्री ओली र मोदीले शिलान्यास गर्ने

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणक्रममा वैशाख २८ गते ९ सय मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत् आयोजना शिलान्यास गरिने भएको छ । शिलान्यास गर्ने तयारीका साथ लगानी बोर्डले आयोजनाबारे केही निर्णयसमेत गरेको छ । प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा शनिबार बसेको बोर्ड बैठकले भारतीय सरकारको लगानी रहेको आयोजना प्रवर्धक कम्पनी सतलजलाई ६ महिना वित्तीय स्रोत (फाइनान्सियल क्लोज) जुटाउने समय थप गरेको छ । प्रधानमन्त्री ओलीको गत चैतमा भएको भारत भ्रमणमा भारतीय प्रधानमन्त्रीसहित संयुक्त रूपमा उक्त आयोजना शिलान्यास गर्ने चर्चा चलेको थियो । तर उत्पादन अनुमतिपत्र नै कम्पनीलाई दिइनसकेको प्रश्न उठेपछि शिलान्यास भएन । 'उत्पादन अनुमतिपत्रका सबैजसो काम पूरा भइसकेका छन्,' बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीले भने, 'अनुमतिपत्र बोर्ड सचिवालयले आगामी साता जारी गर्ने छ । भारतीय प्रधानमन्त्रीको भ्रमणमा शिलान्यास गर्ने विषय प्रारम्भिक एजेन्डामा परेको छ । शिलान्यास गर्ने गरी हामी तयारीमा जुटेका छौं ।'

बैठकले वित्तीय स्रोत जुटाउने समय ६ महिना थप गरेको उनले पुष्टि गरे । अरूण तेस्रो आयोजना स्थल संखुवासभामा पर्ने भएकाले शिलान्यासबारे विस्तृत कार्यक्रम भने तय भइसकेको छैन । सतलज कम्पनीमा भारतको केन्द्रीय सरकारको ६४ दशमलव ४६ प्रतिशत, हिमाञ्चल प्रदेश सरकारको २५ दशमलव ५१ प्रतिशत र बाँकी सर्वसाधारणको सेयर छ । उक्त कम्पनीले अरूण तेस्रो जलविद्युत् आयोजना निर्माण गर्ने गरी बोर्डसँग आयोजना विकास सम्झौता (पीडीए) २०७१ मंसिर १० मा भएको थियो । आयोजना निर्माणको प्रक्रिया अघि बढाउन प्रवर्द्धक कम्पनीले नेपालमा एसजेभीएन अरूण तेस्रो पावर डेभलपमेन्ट कम्पनी (एसएपीडीसी) स्थापना गरिसकेको छ । उक्त कम्पनीको नाममा उत्पादन अनुमतिपत्र दिने तयारी र वित्तीय स्रोत जुटाउने निर्णय बोर्डले गरेको हो ।

पीडीए भएको दुई वर्षभित्र आयोजना निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत ( फाइनान्सियल क्लोजर) गरिसक्नुपर्ने प्रावधान राखिएको छ । तोकिएको समयमा स्रोत जुटाउन नसकेपछि अरूण तेस्रोका लागि यसअघि एक वर्ष र १० महिनाको म्याद थप भएको हो । पछिल्लो पटक गत कात्तिकमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बोर्ड बैठकले सतलजलाई वित्तीय स्रोत जुटाउने समय ६ महिनाका लागि थप गरिदिएको थियो । सोही बैठकले ९ सय मेगावाट क्षमताको माथिल्लो कर्णालीका लागि पनि स्रोत जुटाउने समय थप गरिएको थियो । उसको थपिएको समय सकिन बाँकी नै छ । तर अरूण तेस्रोको प्रवर्द्धक कम्पनी सतलजका लागि भने समय गत फागुनमा सकिएपछि शनिबार बसेको बोर्ड बैठकले ६ महिना थप्ने निर्णय गरेको हो । नयाँ निर्णयअनुसार भदौ १२ गतेसम्ममा उसले वित्तीय स्रोत जुटाउन पाउने छ । भारत सरकारले बजेटमार्फत उक्त आयोजनामा लगानी गर्ने गरी ५७ अर्ब २३ करोड भारू (९१ अर्ब ५६ करोड ८० लाख रूपैयाँ) छुट्याइसकेको छ ।

### पहिलो पटक भारत र पाकिस्तान संयुक्त सैन्य अभ्यास गर्दै

काठमाडौं । तनावपूर्ण सम्बन्धमा रहेका दुई छिमेकी मुलुक भारत र पाकिस्तानले पहिलो पटक संयुक्त सैन्य अभ्यास गर्न लागेका छन् । आउँदो सेप्टेम्बरमा रसियामा हुने अन्तरदेशीय प्रतिआतंकवाद अभ्यासमा भारत र पाकिस्तानले सँगै सैन्य अभ्यास गर्न लागेका हुन् । सांघाइ कोपरेसन अर्गनाइजेसन (ओएससीओ) ले आयोजना गरेको उक्त संयुक्त सैन्य अभ्यासमा चीनसहित एससीओका सदस्य राष्ट्र सहभागी हुनेछन् । भारतीय रक्षा मन्त्री निर्मला सिथारमनले भारतीय समाचार संस्था पीटीआईसँग यो कुराको पुष्टि गरेकी छन् । यो सैन्य अभ्यास रसियाको युराल पर्वतमा हुने सम्भावना छ । यसको मुख्य उद्देश्य सांघाइ कोअपरेसन अर्गनाइजेसन (एससीओ) का सदस्य राष्ट्रको आतंकवाद विरूद्धको सहकार्य अभिवृद्धि गर्नु हो ।

भारत र पाकिस्तानका सैनिकहरूले संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना मिसनमा सँगै काम गरे पनि संयुक्त सैन्य अभ्यास हुन लागेको भने ती राष्ट्रहरू स्वतन्त्र भएपछि नै पहिलो पटक हो । उक्त कार्यक्रममा भारत र चीनबीच रोकिको द्विपक्षीय सैन्य अभ्यास पनि नियमित हुने अनुमान गरिएको छ । जुन गत वर्ष डोकलाम घटनापछि रोकिएको थियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीचको अनौपचारिक कुराकानीमा दुबै नेताले आपसी समझदारी कायम गर्न, सञ्चार सम्पर्क बलियो बनाउन र सीमा क्षेत्र व्यवस्थापन प्रभावकारी बनाउन आग्रह गरेका थिए । सांघाइ कोअपरेसन अर्गनाइजेसनको स्थापना सन् २००१ मा भएको हो । हाल यसको अध्यक्षता रसियाले गरेको छ ।

### 'विविधतामा नै एकता नेपालको सुन्दरता'



काठमाडौं । सभामुख कृष्णबहादुर महराले बहुभाषा, बहुजाति, बहुसंस्कृति संरक्षण नै संघीयताको मूल मर्म भएको बताएका छन् । प्रथम मारवाडी महोत्सवको राजधानीमा शुभारम्भ गर्दै उनले विविधतामा नै एकता नेपालको सुन्दरता रहेको बताए । सभामुख महराले औद्योगिक व्यवसायलाई प्रवर्द्धन गर्न मारवाडी समुदायको पनि भूमिका रहेको चर्चा गर्दै मानवीय सेवाका क्षेत्रमा मारवाडी समुदायको निरन्तर सहयोगले विपन्न वर्गको उत्थान भइरहेको विचार व्यक्त गरे । झापा मारवाडी समाजद्वारा आयोजित कार्यक्रममा सभामुख महराले मारवाडी गौरव सम्मानबाट प्रा डा जगदीश अग्रवाल, विनोद चौधरी, ओमप्रकाश सरावगी, दिनबन्धु गोयललगायतलाई सम्मानित गरे । त्यस अवसरमा नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले नेपाल र भारतको आर्थिक समृद्धिमा मारवाडी समुदायको उल्लेखनीय योगदान रहेको चर्चा गरे । महोत्सवमा मारवाडी समुदायका वेशभूषा, रहनसहन, खानपिन झल्किने प्रदर्शनी गरिएको छ ।

### व्यापार र पारवहन सन्धि संशोधन गरिने



काठमाडौं । नेपाल र भारत व्यापार तथा पारवहन सन्धि संशोधन गर्न सहमत भएका छन् । काठमाडौंमा भएको नेपाल-भारत व्यापार तथा पारवहन अन्तरसरकारी समिति (आइजिसी) बैठकले सन्धि संशोधन गर्ने सहमति गरेको हो । दुई देशबीचका वाणिज्य सचिवस्तरीय बैठकमा नेपाली पक्षको नेतृत्व उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरे र भारतीय पक्षको नेतृत्व वाणिज्य मन्त्रालयकी सचिव रीता तेआओतियाले गरेकी थिइन् । नेपालको व्यापारघाटा न्यूनीकरण गर्ने तथा आपसी व्यापारलाई सहजीकरण गराउने गरी सन्धि संशोधनको सहमति भएको हो । सचिव घिमिरेका अनुसार छलफलपछि नेपालको व्यापार घाटा कम गर्ने गरी विद्यमान व्यापार र पारवहन सन्धि संशोधनका लागि सहमति जुटेको हो । 'सन्धिमा के-के कुरा संशोधन हुने, के-के हटाउने र के-के थप्ने भन्ने विषयको तयारी अबको तीन महिनाभित्रै सक्ने लक्ष्य लिएका छौं,' उनले भने । यसैगरी, नेपाल-भारत पारवहनमै जलमार्गको विषय समेट्न पनि दुवै मुलुक सहमत भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा नेपालसम्म जलमार्ग विस्तार गर्न भएको समझदारीलाई पारवहन सन्धिमै समेट्न दुवै मुलुक तयार भएका हुन् ।

## जिल्ला समाचार

### मोदी पटनाबाट सिधा जनकपुरधाम आउने

जनकपुरधाम । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी भारतको पटनाबाट सिधा जनकपुरधाम आउने कार्यक्रम रहेको गृहमन्त्री रामबहादुर थापा 'बादल'ले जनाएका छन् । भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमण देशकै लागि गौरवको विषय रहेको गृहमन्त्री बादलले बताएका छन् । उनले नेपाल भ्रमणका क्रममा काठमाडौं नभई जनकपुरमा उत्रने बताए । त्यहाँ उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीले स्वागत गर्ने तयारी छ । भारतीय प्रधानमन्त्री मोदी जानकी मन्दिरमा पूजा गर्ने र बाह्र विगाहामा नागरिक अभिनन्दन गर्ने कार्यक्रम तय भएको छ । त्यसपछि मोदी काठमाडौं आउनेछन् र मुक्तिनाथको पनि भ्रमण गर्ने कार्यक्रम छ । मोदी दुईदिने भ्रमणका लागि २८ गते नेपाल आउने कार्यक्रम छ ।

### सभापति देउवा र मुख्यमन्त्रीबीच भेटवार्ता

धनगढी । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र प्रदेश ७ का मुख्यमन्त्री त्रिलोचन भट्टबीच मंगलबार भेटबार्ता भएको छ । मंगलबार पूर्वप्रधानमन्त्री निवास धनगढीमा भएको भेटबार्तामा वर्तमान राजनीतिक परिस्थिति र प्रदेशको समग्र विकासको बारेमा छलफल भएको मुख्यमन्त्रीको सचिवालयले जानकारी दिएको छ । भेटका क्रममा मुख्यमन्त्री भट्टले प्रदेश ७ विकासको दृष्टिले पछाडि परेका कारण यसको समग्र विकासका लागि सहयोग गर्न पूर्वप्रधानमन्त्री देउवालाई आग्रह गरेका थिए । जवाफमा पूर्व प्रधानमन्त्री देउवाले प्रदेश ७ को विकासका लागि आफू सकारात्मक रहेको बताए । प्रदेश ७ मा नेपाली कांग्रेस प्रमुख प्रतिपक्षमा रहेको बताउँदै देउवाले यस प्रदेशको विकासका लागि प्रतिपक्षको भूमिका भन्दा पनि सहकार्य गरेर जाने वताए ।

### मधेशी पत्रकार गठबन्धन विजयी हुने : सांसद कर्ण

वीरगंज । बैशाख २२ गते हुने नेपाल पत्रकार महासंघको प्रदेश नं.२ का मधेशी पत्रकार गठबन्धनका उम्मेदवारहरूले पर्सा जिल्लाका संचारकर्मी एवं मधेशकेन्द्रित राजनीतिक दलका अगुवाहरूसँग भेटघाट एवं छलफल गरेका छन् । नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभाहलमा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय जनता पार्टी नेपालका सहअध्यक्ष एवं सांसद लक्ष्मणलाल कर्णले उम्मेदवारहरूलाई बधाई एवं शुभकामना दिँदै प्रदेश नं.२ मा मधेशी गठबन्धन विजयी हुनेमा आफू पूर्ण विश्वस्त रहेको बताए । पत्रकार महासंघको निर्वाचनलाई आन्दोलन र चुनौतीको रूपमा लिन मधेशी पत्रकारहरलाई सांसद कर्णले आग्रह गरेका छन् । अध्यक्षका उम्मेदवार विरेन्द्र कुमार रमणले तीन दलीय सिन्डिकेट विरूद्ध आफ्नो उम्मेदवारी दिएको र वर्षौंदेखि संघीयता, समावेशिताका लागि मधेशसहित देशमा भएको अनवरत आन्दोलन र शहादतबाट प्राप्त उपलब्धिमा पत्रकारहरूको भूमिका नकार्न सकिन्न । पत्रकार महासंघमा सहभागिता र हिस्सेदारीको बोध हुन सकेको छैन । त्यसकारण मधेसी पत्रकारहरूको संगठन बीच गठबन्धन बनाई आफुहरूले साझा उम्मेदवारी दिएको रमणले बताए । प्रेस मञ्च नेपालका केन्द्रिय अध्यक्ष संतोष पटेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा राजपा नेपालका केन्द्रिय सदस्यद्वय रम्भा मिश्रा, मुन्नी श्रीवास्तव, मधेशी पत्रकार समाजका महासचिव आरसी यादव, नेपाल प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मी, मधेशी पत्रकार संघ पर्साका अध्यक्ष मनोज पटेल, रिपोर्टस क्लब नेपालका क्षेत्रिय संयोजक कन्हैया गुप्ता, राष्ट्रिय समाचार समितिका नारायणी अञ्चल प्रमुख विरेन्द्र कर्ण, प्रेस मञ्च नेपालका केन्द्रिय उपाध्यक्ष किशोर गुरू, कोषाध्यक्ष एसएम जहाँगस्त, केन्द्रिय सदस्य प्रवेश चौधरी, बारा शाखा अध्यक्ष अनिल वर्मा, पर्सा शाखा उपाध्यक्ष द्वय नन्दकिशोर गिरी, राजु साह, सल्लाहकार सुरेश साह कानु लगायतकाले आआफना धारणा राखेका थिए ।

### विद्यालयमा भर्ना गराउन जनचेतनामूलक रैली

राकेश यादव, रौतहट । आधारभूत विद्यालय बालमन्दिर गौर ५ को आयोजना, ग्रामीण सामज नेपाल सखुअवा रौतहटको सहयोगमा शुक्रवार विद्यार्थी भर्ना अभियान २०७५ अंतर्गत जनचेतना मूलक रैली गौरमा सम्पन्न भएको छ । नेपाल सरकारले घोषणा गरेको विद्यालय बाहिर भएका बालबालिकाको विद्यालय ल्याउने उदेश्यले भर्ना अभियानको परिणाममुखी बनाउनका लागि जनचेतना मूलक रैली आयोजना गरिएको थियो । बालबालिका, शिक्षक शिक्षिका सहभागी भएको हामी सवैको इच्छा, अनिवार्य निशुल्क आधारभूत शिक्षा मूल नारा सहितको रैली नगरको विभिन्न भागको परिक्रममा गर्दै विद्यालयमा गएर समापन भएको विद्यालयका प्रधानाध्यापक गणेश प्रसाद यादवले बताएका छन् । सरकारको लक्ष्य पूरा गर्ने प्रमुख दायित्व भएको बताउँदै प्राध्यानध्यापक यादवले शिक्षाको विकासको निमित सरोकारबाला सवैले सक्रीय भूमिका निर्वाह गर्नुपर्ने औल्याए । उनले विद्यालय बाहिर भएका बाल बालिका हरूलाई नजिकको विद्यालयमा भर्ना गराई अभियान सफल बनाउनका लागि अपील गरे ।

### विद्यालयमा सीसीटिभी क्यामरा जडान

राम नारायण पंडित, सिरहा । सामुदायिक विद्यालयको शिक्षा दिनप्रतिदिन खस्किदै गएपछि सिरहाको गोलबजार नगारपालिकाले आफ्नो नगर क्षेत्र भित्र रहेका सवै माध्यमिक विद्यालयमा सीसीटीभि क्यामेरा जडान गरेको छ । शिक्षा क्षेत्रको विकास विना अन्य क्षेत्रको विकासको कल्पना गर्न पनि नसकिने भन्दै शिक्षा क्षेत्रलाई अनुशासित, मर्यादित तथा शैक्षिक बातावरण निर्माणमा सहयोग पुग्ने विकासका साथ सीसीटीभि क्यामेरा जडान गरिएको नगर प्रमुख देवनाथ साहले जानकारी दिए । तराईका जिल्लाहरूमा सामुदायिक विद्यालयको शिक्षालाई सुधार गर्न पहिलो चरणमा निगरानी बढाउन यो प्रविधिको प्रयोग गरिएको नगर प्रमुख साहले जनाए । विद्यालयको भौतिक पूर्वाधार विकासले मात्र शिक्षा सुधार हुन नसक्ने भन्दै विद्यालयको शैक्षिक अवस्थामा पनि सुधार ल्याउन प्रविधिको निगरानीले सहयोग पुग्ने साहले विश्वास व्यक्त गरे ।

### बुद्ध जयन्तीमा फोनिजद्वारा पानी वितरण

वीरगन्ज । बुद्ध जयन्तीको अवसरमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ फोनिज पर्साले पिउने पानी वितरण गरेको छ । फोनिज पर्साको आयोजना तथा ग्लोबल विजनेस म्यानेजमेण्ट प्लस टु कलेजको सहयोगमा बुद्ध जयन्तीको अवसरमा निकालिएको शान्ति ऱ्यालीमा सहभागिहरूलाई पानी वितरण गरिएको हो । फोनिज प्रदेश नम्बर २ का इन्चार्ज निरज पिठाकोटे मगरको नेतृत्वमा भएको कार्यक्रममा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ पर्साका उपाध्यक्ष अजित भूजेल सदस्य एवं सामाजिक अभियन्ता प्रकाश थारू, ग्लोबल कलेजका संचालक ओम श्रेष्ठ, श्रीराम दास थारू, अशोक सर्राफ, नेकपा एमालेका युवा नेता अकलेस साह, विश्व शान्ति एकीकृत परिवार महासंघ पर्साका स्वयंसेवकहरू शुभकन्या मोक्तान, सुमित्रा लोप्चन, दिपिका थिङ र सविन लोप्चनको पनि उपस्थिति रहेको थियो । बौद्ध सेवा समितिको आयोजनामा माईस्थानबाट निकालिएको विभिन्न झाँकी सहितको ऱ्याली घण्टाघरदेखि मुख्य सडक हुदै भारतीय महावाणिज्य दूतावास अगाडिबाट भिस्वा डाडामा पुगेर समापन भएको छ । ऱ्यालीमा विभिन्न समुदायका भेषभूषामा सजिएका महिला पुरूष तथा विभिन्न विद्यालयका विद्यार्थी, शिक्षकहरूको पनि सहभागिता रहेको थियो ।

### जुट मिल पुनः सञ्चालन गर्न माग

विराटनगर । अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारेर विराटनगर रानीमा रहेको विराटनगर जुट मिल सञ्चालनका लागि माग गरिएको छ । जुटमिल बचाउ अभियान समितिका अध्यक्ष धर्मानन्द सन्जेलसहितको टोलीले विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीलाई ज्ञापनपत्र बुझाउँदै मिल सञ्चालन गर्न माग गरेको हो । प्रमुख पराजुलीले ज्ञापनपत्र बुझ्दै स्व राजनेताहरू गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीको राजनीतिक यात्रा शुभारम्भ भएको ऐतिहासिक विराटनगर जुट मिल सञ्चालनका लागि महानगरपालिकाले सक्दो सहयोग गर्ने बताए । विसं २००३ साल र २००७ सालमा जुट मिलमा भएको आन्दोलनका कारण नेपालमा प्रजातन्त्रको पुनःस्थापना भएको थियो ।

### ६३ जनाविरूद्ध मुद्दा दायर

विराटनगर । साढे तेत्तीस किलो सुनको तस्करी प्रकरण र सनम शाक्यको हत्या सम्बन्धमा ६३ जनामाथि जिल्ला अदालत मोरङमा मुद्दा दर्ता भएको छ । सोमध्ये पक्राउ परेका २९ जनाका साथै फरार रहेका ३४ जना गरी ६३ जनामाथि मुद्दा दर्ता भएको हो । यस घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले ६० दिनको अनुसन्धानको समय पूरा गरी सरकारी वकिल कार्यालयमार्फत अभियोगपत्रसहित मुद्दा दर्ता गरेको हो । उनीहरूमाथि सन् २०१५ देखि हालसम्म १७ अर्ब एक करोड ८० लाख १३ हजार ४९० रूपैयाँ १३ पैसा मूल्य बराबरको ३७ लाख ९९ हजार ५५९ ग्राम सुनको अवैध कारोवार गरेको भनेर बिगोसहितको अभियोग दर्ता भएको जनाइएको छ ।

# 'भोर'ले दाइजो उन्मूलन गर्न सघाउँछ



## डोली सरकार, नायिका

राजेन्द्र महतो, माधव नेपाल जस्ता शीर्ष नेताहरूले पनि हेरेर राम्रो प्रतिक्रिया दिनुभएको छ । राजेन्द्र महतोज्यूले अहिलेसम्म हेरेको चलचित्रमध्येकै उत्कृष्ट चलचित्र रहेको बताउनुभयो । साथै माधव नेपालज्यूले पनि यस्ता किसिमका चलचित्र बन्नुपर्छ र राज्यले पनि सहयोग गर्नुपर्दछ भन्ने बताउनुभयो । गाउँ-गाउँसम्म यो चलचित्रलाई देखाउनुपर्छ भन्ने जस्ता प्रतिक्रियाहरू पनि आयो ।

**० 'भोर' चलचित्र आजबाट देशव्यापी रूपमा प्रर्दशन भइरहेको छ र विभिन्न ठाउँहरूमा प्रिमियर शो पनि गरिसक्नु भएको छ । दर्शकहरूबाट कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

– अहिलेसम्म हामीले एकदमै सकरात्मक प्रतिक्रियाहरू पाइरहेका छौं । हाम्रो चलचित्रलाई राजेन्द्र महतो, माधव नेपाल जस्तो शीर्ष नेताहरूले पनि हेरेर राम्रो प्रतिक्रिया दिनुभएको छ । राजेन्द्र महतोज्यूले अहिलेसम्म हेरेको चलचित्रमध्येकै उत्कृष्ट चलचित्र रहेको बताउनुभयो । साथै माधव नेपालज्यूले पनि यस्ता किसिमका चलचित्र बन्नुपर्छ र राज्यले पनि सहयोग गर्नुपर्दछ भन्ने बताउनुभयो । गाउँ-गाउँसम्म यो चलचित्रलाई देखाउनुपर्छ भन्ने जस्ता प्रतिक्रियाहरू पनि आयो । यस्तै उत्कृष्ट प्रतिक्रियाहरू हामीले पाइरहेका छौं ।

**० तपाईहरूले चलचित्रको विषयवस्तु दाइजो नै रोज्नुको कारण के होला ?**

– दाइजोको कारणले नै धेरै महिला हिंसा उत्पन्न भैरहेको छ । छोरीले जति धेरै पढ्यो त्यहीं बराबरको केटा खोज्दा केटापक्षले धेरै दाइजो माग्ने गरिन्छ । जसबाट छोरी पढ्नबाट समेत वञ्चित भइरहेका छन् । दाइजोले गर्दा भविष्यमा नराम्रो असर गर्छ । दाइजो धेरै दिन नसक्ने परिवारले छोरी नै जन्माउन चाहदैन जसले गर्दा भ्रुण हत्या भैरहेका छन् । त्यसकारणले हामीले हाम्रो समाजको मूल समस्याको रूपमा दाइजोलाई मान्न सक्छौं । समाजको मूल समस्यालाई नै उठान गरेर चलचित्र बनाऔं भन्ने सोचले नै दाइजोलाई केन्द्रविन्दु बनाएर हाम्रो टिमले यो चलचित्र निर्माण गरेको हो ।

**० यो चलचित्रले समाजमा कत्तिको सुधार ल्याउँछ त ?**

– यो चलचित्रले सुधार त ल्याउँछ नै । हाम्रो चलचित्रको एक वर्षको सुटिङ अवधिभित्र नै १०/१५ वटा यस्ता घटनाहरू प्रत्यक्ष देख्न पायौं । भावनात्मक कुरा हाम्रो चलचित्रमा समावेश गरिएको छ, यो लाग्छ कि यो त्यसले समाजलाई अत्याधिक प्रभाव पार्नेछ । दाइजो प्रथा विरूद्धको अभियान त धेरै नै भइरहेको छ तर मानसिक हिसाबले मान्छेमा हुने प्रभाव चलचित्र बाहेक अरू कुनै तरिकाले हुन्छ जस्तो लाग्दैन । यो चलचित्रमा समाजका यथार्थ घटनाहरूलाई जुन किसिमले देखाइएको छ, मलाई लाग्छ कि त्यसले हाम्रो समाजलाई पक्कै पनि प्रभाव पार्नेछ ।

**० दाईजोको विरूद्धमा नियम कानूनहरू छन्, विभिन्न अभियानहरू चलाइएका छन्, तैपनि प्रभावकारी नभइरहेको सन्दर्भमा तपाईको चलचित्रले चेतना जगाउँछ भन्नेमा विश्वस्त हुनुहुन्छ ?**

– चलचित्रले चेतना जगाउँछ जगाउँदैन भन्ने भन्दा पनि हामीले एउटा नागरिकको हिसाबले हामीले सक्दो प्रयास गरेर आफ्नो कर्तव्य पुरा गर्ने हो । समाजमा भएका विकृतिहरूलाई आफ्नो तर्फबाट सक्दो हटाउने प्रयास गर्ने हो । आ-आफ्नो क्षेत्रबाट अगाडी बढ्यो भने यो समाज पक्कै पनि परिवर्तन हुनेछ भन्ने मलाई विश्वास छ ।

**० तपाई मधेश मूलकै भएकोले यस्तो समस्याहरू प्रत्यक्षरूपमा कतिको देख्नुभएको छ ?**

– मेरो आफ्नै साथिभाई छरछिमेकमा यस्ता घटनाहरू मैले प्रत्यक्ष देखेको छु । दिनहुँजसो यस्ता घटना देख्दा हाम्रो लागि त्यो सामान्य लाग्छ । तर जसमाथि त्यस्तो घटना पर्छ त्यो मान्छेलाई नै थाहा हुन्छ कि कतिसम्म दर्दनात्मक र भयानक हुन्छ भनेर । म आफूले प्रत्यक्ष देखेको भएर पनि होला यस विरूद्धमा लाग्नका लागि यो चलचित्रले प्रोत्साहन गरेको छ ।

**० तराई मधेशका छोरीचेलीलाई एकदम कम स्वतन्त्रता छ, तपाई पनि मधेशकै भएको हैसियतले तपाईलाई यो क्षेत्रमा लाग्न सजिलो भयो ?**

– धेरै गाह्रो भयो । सबैलाई थाहा नै छ, हाम्रो समाजमा महिलालाई धेरै गाह्रो छ । म सकरात्मक सोच राख्ने भएको हिसाबले पनि मेरो परिवारको साथ मिल्यो । समाजका लागि केही गर्नुपर्छ, अगाडि बढ्नुपर्छ भन्ने सोचले नै आज यहाँसम्म आइपुगेको छु । म यहाँसम्म आपुग्नुमा कता कता मेरो मधेश, मेरो गाउँ, समाजको पनि ठूलो योगदान छ । जहाँ राम्रो छ त्यहाँ नराम्रो पनि हुन्छ । नराम्रो कुराको वास्ता नगरी अगाडि बढ्नुपर्छ । मेरो सकरात्मक सोचका कारणले नै म यहाँसम्म आइपुगेको छु ।

**० कलाकारिता क्षेत्रमा प्रवेश गर्ने सोच कसरी आयो ?**

– मेरो सानै देखि नै कलाकारीतामा इच्छा थियो र मलाई मेरो परिवारको पनि प्रेरणा मिलेको थियो । सानैदेखि नै बाल नाटकहरूमा खेल्ने गर्थे । त्यस समयदेखि नै यस क्षेत्रमा लाग्ने सोच राखेको हुँदा संघर्ष गर्दा गर्दा अहिले मेरो सपना पुरा भइरहेको छ ।

**० तपाईको अभिनय रहेको पहिलो फिल्म कुन हो ?**

– मेरो पहिलो चलचित्र मैथिली भाषाको 'अप्पन समाज' हो । त्यो पनि सामाजिक चलचित्र नै थियो ।

**० भोरको नायिकामा तपाई कसरी छनोट हुनुभयो ?**

– वास्तवमा यो फिल्म मधेशकै कथावस्तुमा समेटिएको हुनाले स्थानीय कलाकार लिएर त्यहाँको वास्तविकता देखाउने योजना भयो । स्थानीय कलाकारको खोजी गर्ने क्रममा धेरैले मेरो नाम लिनुभएछ र मलाई फेसबुक मार्फत म्यासेज पठाउनु भयो र मलाई कथावस्तु भन्नुभयो । झोला जस्तो सतिप्रथामा आधारित चलचित्र बनाइसक्केको टिम हुनाले मलाई पनि यस चलचित्रमा काम गर्नुपर्छ भन्ने सोच आयो । त्यसपछि निर्माण टीमसँग मेरो सम्पर्क भयो र म यस चलचित्रमा आएँ ।

**० तराई मधेशमा निर्माण हुने चलचित्रहरू खासै व्यापार गर्न सकेका छैनन्, यसको कारण के होला ?**

– चलचित्र त बन्छ तर कथावस्तुमा ध्यान नदिनाले त्यो अलि नमिलेको हो कि जस्तो देखिन्छ । अर्को कुरा त बजार व्यवस्थापन, सञ्चार माध्यमसँग समन्वय कसरी गर्ने भन्ने कुराको जानकारी नभएर पनि त्यसले बजार पाउन सकिरहेको छैन जस्तो मलाई लाग्छ ।

**० मैथिली भाषामा अथवा मधेशमा निर्माण भएका चलचित्रले बजार नपाए जस्तै नेपाली भाषामा निर्माण भएका चलचित्रले पनि मधेशमा खासै व्यापार गर्न सकेको अवस्था छैन, यसलाई कसरी लिनुहुन्छ ?**

– तपाईले राम्रो कुरा गर्नुभयो । नेपाली चलचित्र राम्रो बनाउनुहुन्छ तर हाम्रो समाजको कथावस्तु र हाम्रो स्थानीय कलाकार हुँदैन । तर, अहिले त धेरै विकास भइरहेको छ । नेपाली चलचित्रमा पनि मधेशलाई समेटिरहेको छ । विस्तारै विस्तारै परिवर्तन आउँछ ।

# "भोर : द फर्स्ट लाइट" प्रदर्शन हुँदै




काठमाडौं । मिडिया फर कल्चर प्रालिको ब्यानरमा मधेशको कुप्रथा दाइजोको कथावस्तुमा निर्माण भएको "भोर : द फर्स्ट लाइट" प्रदर्शन हुँदै शुक्रबारदेखि देशव्यापीरूपमा प्रदर्शन हुँदैछ ।

ऐतिहासिक सफल नेपाली चलचित्र झोलाका निर्देशक यादव भट्टराईद्वारा निर्देशित भोरमा दाइजोका कारण कसरी छोरी बेटी प्रताडित हुने, हत्या हिंसा हुने लगायतका विषयवस्तु समेटिएको छ ।

चलचित्रमा मधेशका कलाकारहरूको मुख्य भूमिका रहेको र मधेशको यथार्थवादी चलचित्र रहेकोले यसले मधेश मात्र नभई समग्र नेपालमै राम्रो व्यापार गर्ने अपेक्षा निर्देशक भट्टराई लिएका छन् ।

चलचित्रमा मधेशका दिग्गज कलाकारहरू रामनारायण ठाकुर, बीएन पटेल, डोली सरकार, अनितारानी मण्डल लगायतको अभिनय रहेको छ ।

# आर्थिक समाचार

## दूतावासले सीधै लगानी गर्न सक्ने



काठमाडौं । सरकारले काठमाडौंस्थित भारतीय दूतावासलाई पाँच करोड रूपैयाँसम्मका परियोजनामा सीधै लगानी गर्न अनमुति दिएको छ । भारतीय दूतावासलाई दिँदै आएको उक्त सुविधा पूर्ववर्ती शेरबहादुर देउवा नेतृत्वको सरकारले नवीकरण नगर्ने निर्णय लिए पनि वर्तमान सरकारले साना परियोजनामा दूतावासलाई लगानी गर्न सहमति दिएको हो । 'साना अनुदान सम्झौता (स्मल ग्रान्ट एग्रिमेन्ट) को समयावधि थप तीन वर्ष बढाउने निर्णय भएको जनाइएको छ । सम्झौताको म्याद थप गर्ने प्रक्रिया सकियो । अब कार्यविधिमा काम भइरहेको छ,' अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख केवलप्रसाद भण्डारीले बताए । उनका अनुसार सम्झौताअनुसार आयोजनाका लागि कसरी अनुरोध गर्ने, त्यसलाई कसरी स्वीकृति दिने र पैसा कसरी आयोजनासम्म पुर्‍याउने भन्नेमा छलफल चलिरहेको छ । सरकारी अनुमतिसँगै अब काठमाडौंस्थित भारतीय दूतावासले पाँच करोड रूपैयाँसम्मको परियोजनामा लगानी गर्न पाउनेछ । यसअघि यो सम्झौताको म्याद सन् २०१७ अगस्ट पाँचमा सकिएको थियो । देउवा नेतृत्वको सरकारले देश नयाँ संरचनामा गएको जनाउँदै सम्झौताको म्याद थप नगर्ने निर्णय लिएको थियो ।






# मोदीलाई स्वागत गर्न युवाहरूद्वारा काठमाडौंमा प्रदर्शन



काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आसन्न नेपाल भ्रमणलाई समर्थन गर्दै युवाहरूले काठमाडौंमा प्रदर्शन गरेका छन् । काठमाडौंको माइतीघर मण्डलामा बुधबार युवाहरूले नेपाल-भारत सम्बन्ध अमर रहोस् भन्दै प्रदर्शन गरेका छन् ।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तस्वीर अंकित टिसर्ट लगाएर उनीहरूले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई माँ जानकी र बाबा पशुपतिनाथको पावन भूमिमा स्वागत गर्न आतुर रहेको भन्दै ब्यानरसहित प्रदर्शन गरेका छन् । कञ्चनजंघा सोसल वल्फेयर फाउन्डेसन एण्ड मिडिया कन्सलटेन्सीले गरेको कार्यक्रममा सयौं युवा विद्यार्थीले नेपाल-भारतको सम्बन्ध सदियौंदेखि जनस्तरमा राम्रो रहेको र भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणले यो सम्बन्ध अझ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरेका थिए ।

जनकपुरबाट मुक्तिनाथ हुदै पशुपतिनाथसम्म हुने मोदीको भ्रमणले नेपालको धार्मिक पर्यटनको सम्भावना अझ उजागर हुने विश्वास व्यक्त गरिएको छ ।






# शुभकामना तथा बधाई



डा. उषा झा

राष्ट्रिय योजना आयोगको सदस्यजस्तो गरिमामय पदमा नेपाल सरकारद्वारा नियुक्त हुनुभएकी **डा. उषा झा**को सफल कार्यकालको शुभकामनासहित हार्दिक बधाई व्यक्त गर्दछु ।

डा. राजेश अहिराज

**अध्यक्ष, मधेश मिडिया हाउस**

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं